सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

७ असार २०८३, आइतबार (21 June 2026, Sunday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ६९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-



आजदेखि रास्वपाको प्रथम महाधिवेशन

चार हजारभन्दा बढी प्रतिनिधि सहभागी महाधिवेशनबाट विधान संशोधनसहित नयाँ नेतृत्व चयन हुँदै, दुईतिहाइ शक्तिसहित सरकार चलाएको पार्टीको महाधिवेशनले दिने नेतृत्व र लिने नीतिले देशकै राजनीतिक कोर्स तय गर्ने भएकाले सबैको चासो

■ महाधिवेशनपूर्वको केन्द्रीय समितिमा सभापति रवि लामिछानेले भने-



चार वर्षको उतारचढावबिच यहाँ आएका छौं । अबको हाम्रो जिम्मेवारी हिजोभन्दा फरक र बृहत् छ भन्ने हेक्का राख्नुपर्छ, किनकि हाम्रै आँखाबाट देशले एउटा सपना देख्न सुरु गरेको छ । यो सपना देख्न एक युग लागेको हो । हाम्रो माध्यमबाट देशले सुशासन, समृद्धि र सामाजिक न्यायको सपना देखेको छ । यही सपना पूरा गर्न हामी संवाहक बनेका छौं । जनताको विश्वास नगुमाउने गरी काम गर्नुपर्नेछ । भएन भने

युवा जोस र अनुभवीको होसलाई संरक्षण गरेर रास्वपा अगाडि बढ्छ



अन्तर्वार्ता

कवीन्द्र बुर्लाकोटी, महामन्त्री

(पृष्ठ ५)

- सबैलाई मिलाएर राष्ट्रनिर्माणको महान् अभियान सञ्चालन गर्न सक्ने पार्टी निर्माण हाम्रो अहिलेको प्रयत्न हो ।
- पार्टी सभापति र प्रधानमन्त्रीबिच सल्लाह नै हुँदैन भन्ने हल्ला निराधार हो ।

चितवनमा **कमलराज भट्ट**

स्थापनापछि पहिलोपटक संगठनात्मक परीक्षामा उत्रिएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को ऐतिहासिक प्रथम महाधिवेशन आइतबारदेखि चितवनमा सुरु हुँदै छ । चार हजारभन्दा बढी प्रतिनिधि सहभागी हुने

» पृष्ठ २ मा क्रमशः



गेस्टहाउस चौरमा उद्घाटन सत्रका लागि तयार पारिँदै कार्यक्रमस्थल । तस्बिर : **सन्जीव योञ्जन**/नयाँ पत्रिका

■ यसरी हुँदै छ उद्घाटन सत्र

भरतपुरस्थित गेस्टहाउस चौरमा दिउँसो दुई बजे सभापति रवि लामिछाने र वरिष्ठ नेता एवं प्रधानमन्त्री बालेन शाहले संयुक्त रूपमा घण्टी बजाएर महाधिवेशनको उद्घाटन गर्नेछन् । रास्वपा र सभापति रवि लामिछानेको राजनीतिक 'उद्गमस्थल' र राजनीतिक यात्राको महत्त्वपूर्ण केन्द्रका रूपमा रहेको चितवनमा पहिलो महाधिवेशन आयोजना गरेर रास्वपाले चितवनसँगको साइनो झनै बलियो बनाउँदै छ । उद्घाटन समारोहमा संसद्मा प्रतिनिधित्व गर्ने विभिन्न दलका नेता तथा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई र जनमत पार्टीका अध्यक्ष सिके राउतलाई शुभकामना मन्तव्यका लागि आमन्त्रण गरिएको छ । कांग्रेसबाट पुष्पा भुसाल, एमालेबाट प्रदीप ज्ञवाली, नेकपाबाट वर्षमान पुन र राप्रपाबाट राजेन्द्र लिङ्देनले शुभकामना दिनेछन् । श्रम संस्कृति र जसपा नेपालबाट अतिथिका रूपमा सहभागी हुने नेताको नाम टुंगिएको छैन । महामन्त्री कवीन्द्र बुर्लाकोटीका अनुसार महाधिवेशनको दोस्रो दिन बन्दसत्र सञ्चालन हुनेछ । रास्वपाले यसलाई 'प्रतिवेदन सत्र'का रूपमा परिभाषित गरेको छ, जहाँ विधान संशोधन प्रस्ताव, संगठनात्मक प्रतिवेदन, आर्थिक प्रतिवेदन, अनुशासन आयोगको प्रतिवेदन, नीति-विचार विभागको प्रतिवेदन तथा सभापतिको राजनीतिक प्रतिवेदन प्रस्तुत गरिनेछ । प्रतिवेदनमाथि छलफल सकिएपछि वर्तमान केन्द्रीय समिति स्वतः विघटन भई निर्वाचन आयोगले नयाँ नेतृत्व चयनका लागि प्रक्रिया सुरु गर्ने महामन्त्री बुर्लाकोटीले बताए ।

■ नेतृत्व चयनका लागि विद्युतीय मतदान

मतदानका लागि ८० वटा मेसिन तयार गरिएको छ । त्यसबाहेक अभ्यासका लागि १० मेसिन छुट्याइएको छ । उम्मेदवारी मनोनयन सोमबार हुने र मंगलबार बिहानदेखि पहिलो चरणको मतदान सुरु हुनेछ । मतदान सम्पन्न भएको करिब दुई घण्टाभित्रै नतिजा सार्वजनिक गर्न सकिने बताइएको छ ।

■ उम्मेदवारी शुल्क

सभापतिका लागि ५१ हजार (१ प्रस्तावक, ५१ समर्थक), पदाधिकारीका लागि ४१ हजार (१ प्रस्तावक, २१ समर्थक) र केन्द्रीय सदस्यका लागि २१ हजार (१ प्रस्तावक, २१ समर्थक) तोकिएको छ ।

■ निर्वाचन आचारसंहिता : प्यानल र गुटबन्दीमा पूर्ण रोक

केन्द्रीय निर्वाचन आयोगले महाधिवेशन निर्वाचनलाई स्वच्छ, निष्पक्ष, भयमुक्त, पारदर्शी तथा मर्यादित बनाउन 'राष्ट्रिय महाधिवेशन निर्वाचन आचारसंहिता, २०८३' जारी गरेको छ । निर्वाचनलाई पूर्ण रूपमा व्यक्तिगत प्रतिस्पर्धामा आधारित बनाउने उद्देश्यसहित कुनै पनि प्रकारको प्यानल, गठबन्धन, संयुक्त सूची वा गुटगत आधारमा प्रचारप्रसार गर्न पूर्ण रोक लगाइएको छ ।

■ करिब चार करोड खर्च, प्रतिनिधिलाई पाँच हजार शुल्क

रास्वपाको पहिलो महाधिवेशनमा करिब चार करोड रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । महामन्त्री बुर्लाकोटीका अनुसार प्रतिनिधिबाट संकलन गरिएको लेभी तथा दर्ता शुल्कबाट खर्चको एक हिस्सा व्यवस्थापन गरिएको छ भने बाँकी रकम शुभेच्छुक तथा समर्थकको सहयोगबाट जुटाइँदै छ । महाधिवेशनमा सहभागी प्रत्येक प्रतिनिधिबाट पाँच हजार रुपैयाँ दर्ता शुल्क लिइएको छ । पार्टीका अनुसार उक्त रकम महाधिवेशन व्यवस्थापन, आवास, यातायात, प्रविधि तथा अन्य प्रशासनिक खर्चमा उपयोग गरिनेछ ।

सत्ता साझेदारबाटै बजेट संशोधनको प्रस्तावले सुदूरपश्चिम सरकार सङ्कटमा



मुख्यमन्त्री कमलबहादुर शाहसँग कांग्रेसकै सांसद असन्तुष्ट, एमाले र नेकपाबिच नयाँ गठबन्धन बनाउन छलफल सुरु

(विस्तृत पृष्ठ ३)

औद्योगिक क्षेत्रका उद्योगीले बुझ्काए साढे ३२ करोड बक्यौता भाडा



८५ करोड बक्यौता तिर्न सरकारले सूचना जारी गरेपछि धमाधम भाडा तिर्दै उद्योगी, सर्वोच्चको आदेशविपरीत उद्योगमा बिजुली काटिएको उद्योगीको गुनासो

(विस्तृत पृष्ठ ६)

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

धवलशमशेर समूह बाहिरिएसँगै राप्रपाले बोलायो महाधिवेशन

२६-२८ मंसिरमा महाधिवेशन, अध्यक्ष लिङ्देनको संयोजकत्वमा मूल आयोजक समिति गठन

पर्शुराम काफ्ले/नयाँ पत्रिका

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले आगामी २६ देखि २८ मंसिरसम्म काठमाडौंमा केन्द्रीय महाधिवेशन गर्ने निर्णय गरेको छ । शुक्रबार र शनिबार बसेको केन्द्रीय कार्यसमिति बैठकले पार्टी अध्यक्ष राजेन्द्र लिङ्देनको संयोजकत्वमा महाधिवेशन मूल आयोजक समिति गठन गरेको छ । तत्कालीन महामन्त्री धवलशमशेर राणाको समूह पार्टीबाट अलग्गिएपछि राप्रपाले महाधिवेशनको मिति तय गरेको हो ।

असोजभित्र प्रदेश अधिवेशन सकेर मंसिरमा महाधिवेशन गर्ने राप्रपाको निर्णय छ । 'आगामी भदौ मसान्तभित्र जिल्ला अधिवेशन तथा १५ देखि २४ असोजभित्र सातै प्रदेशका अधिवेशन सम्पन्न गरिनेछ । भदौ मसान्तसम्म सक्रिय सदस्यता प्राप्त गरेका सदस्य मात्र महाधिवेशन प्रतिनिधिको मतदाता र उम्मेदवार

» पृष्ठ २ मा क्रमशः

- **भदौ मसान्तभित्र जिल्ला अधिवेशन, १५ देखि २४ असोजभित्र प्रदेश अधिवेशन**
- **भदौ मसान्तसम्म सक्रिय सदस्यता प्राप्त गरेका सदस्य मात्र महाधिवेशन प्रतिनिधिको मतदाता र उम्मेदवार हुन पाउने**

के गर्दै छन् धवलशमशेर ?

राप्रपाबाट बाहिरिएका पूर्वमहामन्त्री धवलशमशेर राणा भने राष्ट्रवादी शक्ति निर्माणमा लागेका छन् । १७ जेठमा समर्थकको भेला गरेका राणाले निकट भविष्यमै राष्ट्रवादी शक्ति घोषणा गर्ने बताएका थिए । उनले राप्रपाका अन्य नेता-कार्यकर्तालाई समेत आफ्नो अभियानमा जोडिन आह्वान गरेका छन् । आफूले चार वर्षदेखि प्रयास गर्दा पनि राप्रपा नसुधिएको आरोप लगाउँदै राणाले पार्टी छाडेका थिए । यति मात्र होइन, आफूले भनेको बाटो नहिँड्दा राप्रपा २१ फागुनको निर्वाचनमा जनताबाट नराम्रोसँग दण्डित भएको उनले दाबी गरेका छन् ।

■ यो भोटो कसको हो ?



वर्षा र सहकालका देवता रातो मत्स्येन्द्रनाथको भोटोजात्रा मनाइएको छ । जात्राको अन्तिम दिन शनिबार राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्रीलगायत विशिष्टदेखि सर्वसाधारणसम्मलाई भोटो देखाएर जात्रा सम्पन्न गरिएको छ । जावलाखेलमा राखिएको रथको चारै दिशा घुमेर गुठी संस्थान ललितपुरका कर्मचारी श्रीकृष्ण बादेले यो भोटो कसको हो भन्दै देखाए । तर, कसैले सही जवाफ दिन सकेनन् । किंवदन्तीअनुसार पहिचान गर्नेलाई भोटो दिने मान्यता छ । तर, हालसम्म सो भोटो कसको हो, पत्ता भने लाग्न सकेको छैन । यो जात्रा करिब १६ सय वर्षअघि सुरु भएको किंवदन्ती छ ।

तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

डेढ दशकमा दुईपटक उद्घाटन, तर सञ्चालनमा आएन बाजुराको ब्लड बैंक

१७ लाखका उपकरण थन्किए, दाता खोज्दै हिँड्छन् बिरामीका आफन्त



■ खिया लाग्ने अवस्थामा रगत चिस्यानका लागि खरिद गरिएको फ्रिज



०६६ मा तत्कालीन साबिक जिल्ला स्वास्थ्य कार्यालयले तामझामका साथ ब्लड बैंक सञ्चालनमा ल्याएको थियो । तर, व्यवस्थापकीय कमजोरीका कारण एक महिनासमेत नचली यो बन्द भयो । त्यसको डेढ दशकपछि १२ वैशाख ०८२ मा सुदूरपश्चिम प्रदेशका सामाजिक विकासमन्त्री मेखराज खड्काले प्रदेश सरकारबाट आर्थिक सहयोग गर्ने आश्वासन बाँड्दै नेपाल रेडक्रस सोसाइटी र जिल्ला अस्पतालको संयुक्त समन्वयमा पुनः सोही ब्लड बैंकको दोस्रोपटक उद्घाटन गरे । मन्त्रीले रिबन काटेर गएसँगै ब्लड बैंक बन्द छ । रगत नपाएकै कारण बिरामीलाई महँगो रकम खर्च गरेर धनगढी, नेपालगन्ज वा काठमाडौं रेफर गर्नुपर्ने बाध्यता छ ।



- **मेघराज जैसी**
सभापति, रेडक्रस बाजुरा

हामीसँग छुट्टै भवन नहुँदा जिल्ला डिप फ्रिज अस्पताल बाजुरको कार्यालयमा राखिएको हो । ब्लड बैंक सञ्चालनका लागि स्थानीय, प्रदेश र संघ सरकारसँग पटक-पटक माग गर्दा कसैले वास्ता गरेका छैनन् ।

बाजुरामा **गगन अयडी**

नागरिकको जीवनसँग जोडिएको स्वास्थ्य क्षेत्रमा पनि राजनीतिक नेतृत्व र जिम्मेवार निकायले कतिसम्म लापरबाही र सस्तो लोकप्रियता खोज्छन् भन्ने कुरूप उदाहरण बनेको छ- जिल्ला अस्पताल बाजुराको रक्तसञ्चार सेवा (ब्लड बैंक) । स्थापनाको १६ वर्ष बितिसक्दा पनि ब्लड बैंक सञ्चालनमा नआउँदा आकस्मिक उपचार र प्रसूति सेवाका लागि आउने बिरामीले रगत नपाएर अस्पतालको बेडमै मृत्युसँग लड्नुपर्ने नियति अझै बदलिएको छैन । बाजुरामा ब्लड बैंकको इतिहास सेवा दिनेभन्दा पनि

» पृष्ठ २ मा क्रमशः

चिडियाखाना प्रमुख जिम्मेवारीमुक्त

बर्डफ्लु संक्रमणको सूचना लुकाएको आरोपमा छानबिन

काठमाडौं/ जावलाखेलमा रहेको सदर चिडियाखानामा बर्डफ्लुको संक्रमण देखिएको विषय गुपचुप राखेको आरोपमा चिडियाखाना प्रमुख सत्यनारायण साह छानबिनमा तानिएका छन् । राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटिएनसी) को केन्द्रीय कार्यालयलाई समयमै जानकारी नगराई सूचना लुकाएको आरोपमा उनलाई जिम्मेवारीबाट तत्कालका लागि हटाइएको छ ।



प्रमुख साह

कोषको अध्यक्षसमेत रहेकी कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीको निर्देशनमा कोषले साहलाई शुक्रबार चिडियाखाना प्रमुखको पदबाट हटाएर केन्द्रीय कार्यालयमा तानेको हो । वन्यजन्तुको सुरक्षा र सूचना प्रवाहजस्तो

» पृष्ठ २ मा क्रमशः

विशेषज्ञ डाक्टरसहितको स्वास्थ्य शिविरमा ४१२ ले पाए सेवा

हेटौँडा/ मकवानपुर हेटौँडा उपमहानगरपालिका-९ प्रगति माध्यमिक विद्यालयमा शनिबार सञ्चालन गरिएको निःशुल्क स्वास्थ्य शिविरमा चार सय १२ जनाले सेवा लिएका छन्। हेटौँडा वडा नम्बर ९ को कार्यालयको सहयोग तथा रोटर्याक्ट क्लब अफ मकवानपुर, रोटर्याक्ट क्लब अफ भरतपुर र रोटरी क्लब अफ मकवानपुरको संयुक्त आयोजनामा भएको शिविरमा विशेषज्ञ चिकित्सकमार्फत विभिन्न रोगका बिरामीलाई निःशुल्क परामर्श, परीक्षण तथा उपचार सेवा प्रदान गरिएको हो।

शिविरमा नाक, कान तथा घाँटीसम्बन्धी समस्या भएका १३२ जनाले स्वास्थ्य परीक्षण तथा परामर्श लिएका छन्। जनरल मेडिसिनतर्फ १०७ जना, हाडजोर्नी तथा नसासम्बन्धी समस्याका ८८ जना र स्त्री तथा प्रसूति सेवातर्फ ८५ जनाले सेवा लिएको बृहत् निःशुल्क स्वास्थ्य शिविरकी संयोजक सुष्मा बर्तौलाले जानकारी दिइन्।

उदयपुरमा बस दुर्घटना हुँदा एकको मृत्यु, ३२ घाइते

उदयपुर/ उदयपुरको उदयपुरगढी गाउँपालिका-७ जोगीटोलमा शनिबार बिहान विद्यालयका कर्मचारी बोकेको बस दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ। दुर्घटनामा ३२ जना घाइते भएका छन्।

जिल्ला प्रहरी कार्यालय उदयपुरका अनुसार महोत्तरीबाट सुनसरीतर्फ जाँदै गरेको बा२ख ६४३८ नम्बरको बस अनियन्त्रित भई सडकबाट १२ मिटर तल खसेको हो। बसमा दीप एजुकेसन बोर्डिङ स्कुलका कर्मचारी सवार रहेको जिल्ला प्रहरी कार्यालय उदयपुरका सूचना अधिकारी डिएसपी गणेशबहादुर बमले बताए। उनका अनुसार दुर्घटनामा घाइते भएका बर्दिबास नगरपालिकाका ५५ वर्षीय विमलेश दत्तको उपचारका क्रममा जिल्ला अस्पताल उदयपुरमा मृत्यु भएको छ। उनको टाउको, छाती तथा शरीरका विभिन्न भागमा गम्भीर चोट लागेको थियो।

दुर्घटनामा महोत्तरी गौशाला नगरपालिका-२ की ३८ वर्षीया रसिलाकुमारी चौधरी र उनका १२ वर्षीय छोरा सन्देशकुमार चौधरी गम्भीर घाइते भएका छन्। उनीहरूको टाउको तथा छातीमा चोट लागेकाले थप उपचारका लागि न्युरो अस्पताल विराटनगर रिफर गरिएको छ।

गुरुकुलमा यौन दुर्व्यवहारको आरोप

टेकराज थामी/नयाँ पत्रिका

बुढानीलकण्ठस्थित स्कोन (इन्टरनेसनल सोसाइटी फर कृष्ण कन्सियसनेस) नेपालद्वारा सञ्चालित गुरुकुलमा यौन दुर्व्यवहार भएको आरोप लागेको छ। घटनामा संलग्न रहेको आरोपमा एक किशोर र सञ्चालकविरुद्ध प्रहरीमा उजुरी परेको छ।

प्रहरीका अनुसार गुरुकुलमा बस्दै आएका १६ वर्षीय किशोरले नौ वर्षीया बालिकामाथि करिब दुई वर्षसम्म यौन दुर्व्यवहार गरेको आरोप छ। पीडित बालिकाका अभिभावकको जाहेरीपछि गुरुकुल सञ्चालक सुरजकृष्ण श्रेष्ठ पक्राउ परेका छन्।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी पवन भट्टराईले स्कोन नेपालसँग सम्बन्धित घटनामा अनुसन्धान भइरहेको पुष्टि गरे। 'बुढानीलकण्ठस्थित गुरुकुलमा रहेका एक किशोरले बालिकामाथि यौन दुर्व्यवहार गरेको भन्ने उजुरी प्राप्त भएको छ। गुरुकुलका सञ्चालकविरुद्ध पनि जाहेरी परेको छ। दुवै विषयमा अनुसन्धान जारी छ,' उनले भने।

घटनाबारे बुढानीलकण्ठ नगरपालिकामा समेत उजुरी परेको छ। नगरपालिकाले दुवै पक्षलाई बोलाएर छलफल गराएको थियो। नगर प्रमुख मिठाराम अधिकारीले भने, 'घटनासम्बन्धी विषयमा दुवै पक्षसँग छलफल गरिएको छ। उनीहरूले आफ्ना-आफ्ना धारणा राख्नुभएको छ। हालसम्म कुनै निष्कर्षमा पुगिएको छैन। सर्सर्ती हेर्दा यौन दुर्व्यवहार नै त भएजस्तो देखिँदैन। तर, त्यसलाई समर्थन गर्ने गतिविधि भने भएजस्तो देखिन्छ। विषयको थप अध्ययन आवश्यक देखिन्छ।'

घटना बाहिरिएपछि बालिकाका अभिभावकले जिल्ला प्रहरी परिसर काठमाडौंमा जाहेरी दिएका थिए। सोही जाहेरीका आधारमा जिल्ला अदालत काठमाडौंले करिब एक महिनाअघि किशोरविरुद्ध पक्राउ अनुमति दिएको थियो। हाल उक्त किशोर भारतको उत्तर प्रदेशस्थित मथुरा जिल्लाको वृन्दावनमा रहेको एक आश्रममा पुगेको खुलेको छ।

स्कोनसँग आबद्ध कान्ति शर्माले सुरजकृष्ण र बालकविरुद्ध प्रहरीमा जाहेरी परेको, तर पक्राउ पुर्जी जारी भएको सम्बन्धमा जानकारी नभएको बताए। 'गुरुकुलका सञ्चालक र किशोरविरुद्ध प्रहरीमा जाहेरी परेको सुनेको छु। घटना बाहिर आउनुअघि यसको पृष्ठभूमि बुझ्नुपर्ने हुन्छ। यस सम्बन्धमा भेटेरै म जानकारी दिन सक्छु,' उनले भने।

प्रहरीका अनुसार पीडित बालिकालाई उनका अभिभावकले ०७७ वैशाखमा गुरुकुलमा भर्ना गरेका थिए। त्यहीँ बस्दै आएका किशोरले बालिका भर्ना भएको केही महिनापछि नै दुर्व्यवहार सुरु गरेको आरोप छ। पछि बालिकाका पाँच वर्षीय भाइलाई पनि सोही गुरुकुलमा राखिएको थियो। परिवारका अनुसार बालकमाथि शारीरिक यातना दिइने गरिएको थियो।

पीडित बालबालिकाका बुबाले नयाँ पत्रिकासँग भने, 'कोभिड- १९ सुरु भएको केही समयपछि छोरीलाई गुरुकुलमा राखेको थिएँ। पछि छोरालाई पनि त्यहीँ भर्ना गरेँ। छोरीमाथि यौन दुर्व्यवहार र छोरामाथि शारीरिक यातना भएको थाहा पाएपछि दुवैलाई त्यहाँबाट निकालेँ।'

अभिभावकका अनुसार करिब दुई वर्षपछि बालबालिकालाई बुढानीलकण्ठको गुरुकुलबाट निकालेर पाल्पाको तानसेनस्थित स्कोनद्वारा सञ्चालित अर्को गुरुकुलमा राखिएको थियो। त्यहाँ काउन्सिलिङमा पनि बालिकाले आफूमाथि भएको दुर्व्यवहारबारे खुलाएकी थिइन्।

घटना थाहा पाएपछि स्कोन पाल्पाका पथप्रदर्शक लवेश रावलले भारतको पश्चिम बंगालस्थित स्कोन मुख्यालयलाई जानकारी गराएका थिए। त्यसपछि मुख्यालयले चार सदस्यीय छानबिन टोली नेपाल पठाएको थियो। तर, अनुसन्धान प्रक्रिया अघि बढिरहेका वेला टोलीका सदस्यहरू आफूमाथि दुर्व्यवहार भएको आरोप लगाउँदै फर्किएको बताइएको छ। त्यसपछि पीडित परिवार प्रहरीमा पुगेको थियो।

यौन दुर्व्यवहार तथा शारीरिक यातनासम्बन्धी आरोपहरू सार्वजनिक हुन थालेपछि गुरुकुलमा रहेका बालबालिकाको संख्या घटेको छ। गुरुकुलमा १८ वर्षभन्दा मुनिका २२ भन्दा धेरै बालबालिकालाई राखिएकोमा अहिले ६ जना बालबालिका मात्रै रहेका छन्।

गुरुविरुद्ध पनि यौन दुर्व्यवहारको आरोप

स्कोनसँग आबद्ध एक युवतीले पनि संस्थाका एक गुरुविरुद्ध यौन दुर्व्यवहारको आरोप लगाएकी छिन्। 'म स्कोनमा साधिकाका रूपमा कार्यरत थिएँ। त्यही क्रममा संस्थाका एक गुरुबाट ममाथि यौन दुर्व्यवहार भयो। मैले धेरै ठाउँमा न्याय खोजेँ, तर अहिलेसम्म न्याय पाउन सकेकी छैन,' नयाँ पत्रिकासँग कुराकानी गर्दै ती युवतीले भनिन्।

स्कोनका नेपालका सञ्चालक प्रदीप भण्डारी, सविन रेग्मी, देविना शाःख, रुपेश जोशी, हरिन्द्र ठाकुर रहेका छन्।

युवतीको गुनासोपछि स्कोनले रवि प्रजापतिको संयोजकत्वमा छानबिन समिति गठन गरेको थियो। समितिमा कान्ति शर्मा र पारस अधिकारी सदस्य थिए। समितिका सदस्य शर्माले युवतीले लगाएको आरोप पर्याप्त प्रमाणबाट पुष्टि नभएको दाबी गरे। 'हामीले उपलब्ध तथ्य र विवरणको अध्ययन गरेका थियौँ। युवतीले भनेजस्तो घटना भएको ठोस प्रमाण भेटिएन। यद्यपि, सम्बन्धित पक्षहरूबिच केही व्यक्तिगत विवाद देखिएको थियो,' शर्माले भने।

युवतीका अनुसार घटना करिब दुई वर्षअघिको हो। उनले सुरुमा गुरुकी श्रीमतीमार्फत गुनासो राखेकी थिइन्। त्यसपछि स्कोन नेपालका पदाधिकारीहरूसमक्ष पनि उजुरी पुर्‍याएकी थिइन्। तर, आरोपितमाथि कुनै कारबाही नभएको उनको भनाइ छ।

आजदेखि रास्वपाको...

पृष्ठ १ बाट क्रमशः

महाधिवेशनले पार्टीको नयाँ नेतृत्व चयन गर्नुका साथै विधान संशोधन, संगठनात्मक पुनर्संरचना र भावी राजनीतिक कार्यदिशा तय गर्नेछ।

पार्टीको भावी नेतृत्व, संगठनात्मक संरचना र राजनीतिक दिशाबारे निर्णायक मानिने महाधिवेशनमा हजारौँ प्रतिनिधि र नेताका उपस्थिति हुँदै छन्। महाधिवेशनका लागि सभापति रवि लामिछाने शनिबार नै चितवन पुगिसकेका छन् भने प्रधानमन्त्री एवं पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह आइतबार दिउँसो साढे १२ बजे भरतपुर आइपुग्ने कार्यतालिका छ। शाह महाधिवेशन अवधिसम्म बस्ने तय भएको छ।

भरतपुरस्थित गेस्टहाउस चौरमा दिउँसो दुई बजे सभापति लामिछाने र वरिष्ठ नेता एवं प्रधानमन्त्री शाहले संयुक्त रूपमा घण्टी बजाएर महाधिवेशनको उद्घाटन गर्ने कार्यक्रम छ। उद्घाटन सत्रमा सांगीतिक प्रस्तुति, प्रतिनिधि तथा शुभेच्छुकहरूको स्वागतसहित कार्यक्रम सुरु हुनेछ। उद्घाटन सत्रमा पार्टीको राजनीतिक यात्रालाई समेटिएको विशेष भिडियो प्रदर्शन गरिनेछ भने थारू समुदायको सांस्कृतिक झाँकी पनि प्रस्तुत गरिनेछ।

उद्घाटन समारोहमा संसद्मा प्रतिनिधित्व गर्ने विभिन्न दलका नेता तथा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई र जनमत पार्टीका अध्यक्ष सिके राउतलाई शुभकामना मन्तव्यका लागि आमन्त्रण गरिएको छ। कांग्रेसबाट पुष्पा भुसाल, एमालेबाट प्रदीप ज्ञवाली, नेकपाबाट वर्षमान पुन र राप्रपाबाट राजेन्द्र लिङ्देनले शुभकामना दिनेछन्। श्रम संस्कृति र जसपा नेपालबाट अतिथिका रूपमा सहभागी हुने नेताको टुंगिएको छैन।

महामन्त्री कविन्द्र बुर्लाकोटीका अनुसार महाधिवेशनका सम्पूर्ण तयारी पूरा भइसकेका छन्। महाधिवेशनको पूर्वसन्ध्यामा शनिबार साँझसम्म बसेको केन्द्रीय समिति बैठकले महाधिवेशनको कार्यतालिका पारित गरेको छ।

महामन्त्री कवीन्द्र बुर्लाकोटीले महाधिवेशनको सम्पूर्ण तयारी पूरा भएको बताए। महाधिवेशनको पूर्वसन्ध्यामा शनिबार ६ घण्टासम्म बसेको केन्द्रीय समितिको अन्तिम बैठकले महाधिवेशनको कार्यतालिका पारित गरेको छ।

बैठकले प्रस्तावित विधान संशोधन अनुमोदन गर्दै महाधिवेशन हलमा पेस गर्ने निर्णय गरेको छ। नयाँ संरचनाअनुसार १९ पदाधिकारी, १५८ केन्द्रीय सदस्य र ३५ सदस्यीय सचिवालय गठन गर्ने प्रस्ताव गरिएको छ। बुर्लाकोटीका अनुसार महाधिवेशन प्रतिनिधिको संख्या चार हजार नाघेको छ भने प्रतिनिधिहरूको ट्याग वितरण अन्तिम चरणमा पुगेको छ।

यसैगरी, केन्द्रीय समितिले प्रस्तावित विधान अनुमोदन गर्दै महाधिवेशन हलमा पठाउने निर्णय गरेको छ। १९ पदाधिकारी, १५८ केन्द्रीय सदस्य, ३५ सदस्यीय सचिवालय बनाउने निर्णय गरिएको छ।

केन्द्रीय समितिमा संगठनात्मक प्रतिवेदन र सभापतिको राजनीतिक प्रतिवेदनमा समेटिने विषयमाथि विस्तृत छलफल भएको छ। त्यसैगरी, १८ वटा उपसमितिले आफ्नो कार्यप्रगति प्रतिवेदन प्रस्तुत गरेका छन्।

महाधिवेशन व्यवस्थापनका सबै तयारी पूरा भएको जनाउँदै बुर्लाकोटीले सभास्थल, मञ्च, आवास, यातायात तथा खानपान व्यवस्थापन मिलाइएको बताए। उनका अनुसार प्रतिनिधि तथा अतिथिहरूको पहिचान र सुरक्षाका लागि आवश्यक सबै प्रबन्ध गरिएको छ।

महामन्त्री बुर्लाकोटीले हल र मञ्चको व्यवस्थापन, आवतजावत, वास र खानपानको पनि व्यवस्थापन भएको बताए। उनका अनुसार प्रतिनिधि तथा अतिथि पहिचान र सुरक्षा व्यवस्थापन गरिएको छ।

उनका अनुसार पार्टीको यातायात विभाग र यातायात उपसमितिले कोही कसैलाई यातायातमा समस्या परे चितवन जिल्लाबाहिर पनि समन्वय गरिरहेको छ। चितवन आइसके पछाडि महाधिवेशनस्थल र वास बस्ने ठाउँसम्म आवतजावत गर्न सटल बस सञ्चालन गरिएको छ। पार्टीको र्‍यापिड एक्सन टिम र स्वयंसेवकले कार्यक्रमस्थलको सुरक्षामा सघाउनेछ। महाधिवेशनस्थलमा केही स्वास्थ्य समस्या पर्‍यो भने स्वास्थ्य सेवा उपसमितिले पनि त्यसमा काम गरिरहेको बुर्लाकोटीले बताए। कार्यक्रमस्थलमा एम्बुलेन्सदेखि लिएर फर्स्ट एड उपचार र डाक्टर नै उपस्थित हुने व्यवस्था गरिएको छ।

धन्यवाद र 'सरी' प्रस्ताव

महाधिवेशनको पूर्वसन्ध्यामा बसेको केन्द्रीय समिति बैठकले धन्यवाद तथा 'सरी' प्रस्ताव पारित गर्दै एक-अर्काप्रति कृतज्ञता र आत्मसमीक्षाको भावना व्यक्त गरेको छ। महामन्त्री कविन्द्र बुर्लाकोटीका अनुसार सभापति रवि लामिछानेले कार्यकालभर पार्टी निर्माणमा योगदान पुर्‍याउने सबै नेता-कार्यकर्ता, सदस्य तथा आमनागरिकप्रति धन्यवाद व्यक्त गरेका थिए। बैठकमा कार्यकालका क्रममा कुनै मनमुटाव, असमझदारी वा गुनासा भएका भए त्यसलाई आत्मसमीक्षा गर्दै सबैले एक-अर्कासँग 'सरी' र धन्यवाद प्रस्ताव साझा गरेका थिए।

प्रतिनिधिका लागि दर्ता डेस्क

महाधिवेशन प्रतिनिधिको दर्ता प्रक्रियाका लागि रास्वपाले विशेष डेस्कको व्यवस्था गरेको छ। प्रतिनिधि, स्वयंसेवक, पर्यवेक्षक तथा अतिथिहरूको पहिचानका लागि छुट्टाछुट्टै परिचयपत्र तथा पहिचान चिह्न तयार गरिएको पार्टीले जनाएको छ।

नेतृत्व चयनका लागि विद्युतीय मतदान

रास्वपाले पहिलोपटक नेतृत्व चयनका लागि विद्युतीय मतदान प्रणाली (इलेक्ट्रोनिक भोटिङ) प्रयोग गर्ने भएको छ। महामन्त्री कवीन्द्र बुर्लाकोटीका अनुसार मतदानका लागि ८० वटा मेसिन प्रयोग गरिनेछ भने १० वटा मेसिन परीक्षण तथा अभ्यासका लागि छुट्याइएको छ। प्रतिनिधिहरूले मतदानअघि नै ती मेसिन प्रयोग गर्ने तरिका सिक्न सक्ने व्यवस्था मिलाइएको छ।

बुर्लाकोटीका अनुसार विद्युतीय मतदान प्रणालीमार्फत मतदान सम्पन्न भएको करिब दुई घण्टाभित्रै नतिजा सार्वजनिक गर्न सकिनेछ। 'परम्परागत विधिबाट हजारौँ प्रतिनिधिले सयौँ उम्मेदवारका लागि मतदान गर्दा लाखौँ मतगणना गर्नुपर्ने अवस्था आउँछ, विद्युतीय प्रणालीले यो समय उल्लेखनीय रूपमा घटाउँछ र प्रतिनिधिलाई सहजता प्रदान गर्छ,' उनले भने। उनका अनुसार यस व्यवस्थाले महाधिवेशनको समयसमेत छोट्याउनेछ। विदेशमा रहेका प्रतिनिधिका लागि पार्टीको मोबाइल एपमार्फत मतदान गर्ने व्यवस्था मिलाइएको पनि उनले बताए।

महाधिवेशन निर्वाचन आचारसंहिता : प्यानल र गुटबन्दीमा पूर्ण रोक

रास्वपाको केन्द्रीय निर्वाचन आयोगले महाधिवेशन निर्वाचनलाई स्वच्छ, निष्पक्ष, भयमुक्त, पारदर्शी तथा मर्यादित बनाउन 'राष्ट्रिय महाधिवेशन निर्वाचन आचारसंहिता, २०८३' जारी गरेको छ। पार्टी विधान, महाधिवेशन कार्यविधि तथा निर्वाचन कार्यविधिले दिएको अधिकार प्रयोग गर्दै जारी गरिएको आचारसंहिताले उम्मेदवार, प्रतिनिधि तथा निर्वाचन प्रक्रियासँग सम्बन्धित सबै पक्षलाई बाध्यकारी हुने जनाएको छ।

आचारसंहिताअनुसार उम्मेदवारी निर्वाचन आयोगबाट स्वीकृत भएपछि मात्रै प्रचार-प्रसार गर्न पाइनेछ। निर्वाचनलाई पूर्ण रूपमा व्यक्तिगत प्रतिस्पर्धामा आधारित बनाउने उद्देश्यसहित कुनै पनि प्रकारको प्यानल, गठबन्धन, संयुक्त सूची वा गुटगत आधारमा प्रचारप्रसार गर्न पूर्ण रोक लगाइएको छ।

निर्वाचन प्रचारका लागि अधिकतम २×२ फिट आकारको एउटा पोस्टर मात्र प्रयोग गर्न पाइने व्यवस्था गरिएको छ। महाधिवेशनस्थल तथा वरपरका क्षेत्रमा ब्यानर, फ्लेक्स, पर्चा, पम्प्लेट वा अन्य प्रचार सामग्री प्रदर्शन तथा वितरण गर्न निषेध गरिएको छ। सामाजिक सञ्जाल, एसएमएस वा अन्य सञ्चारमाध्यममार्फत भ्रामक सूचना फैलाउने, सशुल्क विज्ञापन गर्ने वा मत माग्ने कार्यसमेत निषेध गरिएको छ। उम्मेदवारले प्रतिनिधिसँग प्रत्यक्ष संवाद गर्न सक्ने भए पनि नाराबाजी, जुलुस, शक्ति प्रदर्शन तथा होहल्लाजन्य गतिविधिमा रोक लगाइएको छ।



आचारसंहिताले पार्टीका बहालवाला पदाधिकारी, मन्त्री तथा जिम्मेवारीमा रहेका सदस्यलाई आफ्नो पद, स्रोत, अधिकार वा प्रभाव प्रयोग गरी निर्वाचन प्रभावित पार्न नपाइने स्पष्ट व्यवस्था गरेको छ। आर्थिक प्रलोभन, उपहार वितरण, भोजभतेर, पदको आश्वासन, डर-धम्की तथा चरित्रहत्यासम्बन्धी गतिविधि पनि प्रतिबन्धित गरिएको छ। मतदान प्रक्रियालाई गोप्य र व्यवस्थित बनाउन मतदान कक्षभित्र मोबाइल फोन, क्यामेरा वा अन्य इलेक्ट्रोनिक उपकरण लैजान तथा फोटो वा भिडियो खिच्न निषेध गरिएको छ। बन्दसत्रमा निर्वाचन आयोगबाट स्वीकृत प्रतिनिधि, उम्मेदवार, सम्बन्धित कर्मचारी तथा प्राविधिक सहयोगीलाई मात्र प्रवेशको अनुमति दिइनेछ।

आचारसंहिता उल्लंघनसम्बन्धी उजुरी घटना भएको २४ घण्टाभित्र वा निर्वाचन परिणाम घोषणा हुनुअघि वस्तुगत प्रमाणसहित दर्ता गर्नुपर्ने व्यवस्था गरिएको छ। उल्लंघन प्रमाणित भए चेतावनीदेखि उम्मेदवारी खारेजीसम्मको कारबाही हुन सक्ने तथा आवश्यक परे केन्द्रीय अनुशासन आयोगमा सिफारिस गरिने उल्लेख छ।

महाधिवेशन निर्वाचन समितिको निर्णयप्रति चित्त नबुझेमा केन्द्रीय निर्वाचन आयोगमा पुनरावेदन गर्न सकिनेछ। आयोगको निर्णय अन्तिम हुने व्यवस्था आचारसंहितामा गरिएको छ।

बन्दसत्रमा प्रतिवेदनमाथि छलफल, त्यसपछि निर्वाचन प्रक्रिया

महामन्त्री कवीन्द्र बुर्लाकोटीका अनुसार महाधिवेशनको दोस्रो दिन बन्दसत्र सञ्चालन हुनेछ। रास्वपाले यसलाई 'प्रतिवेदन सत्र'का रूपमा परिभाषित गरेको छ। बन्दसत्रमा विधान संशोधन प्रस्ताव, संगठनात्मक प्रतिवेदन, आर्थिक प्रतिवेदन, अनुशासन आयोगको प्रतिवेदन, नीति-विचार विभागको प्रतिवेदन तथा सभापतिको राजनीतिक प्रतिवेदन प्रस्तुत गरिनेछ।

'ती सबै प्रतिवेदनमाथि विस्तृत छलफल सम्पन्न भएपछि वर्तमान केन्द्रीय समिति स्वतः विघटन भई कार्यव्यवस्था समितिजस्तै भूमिकामा सीमित हुनेछ। त्यसपछि बाँकी निर्वाचन प्रक्रिया सञ्चालनका लागि जिम्मेवारी निर्वाचन आयोगलाई हस्तान्तरण गरिनेछ,' बुर्लाकोटीले भने। उनका अनुसार निर्वाचन आयोगले बाँकी कार्यतालिका कार्यान्वयन गर्दै नेतृत्व चयनको प्रक्रिया सम्पन्न गर्नेछ।

चितवनसँग रास्वपाको विशेष साइनो

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आफ्नो पहिलो महाधिवेशनका लागि चितवन रोज्नु संयोग मात्र होइन। रास्वपा सभापति रवि लामिछानेको राजनीतिक उदयसँग पनि चितवनको गहिरो सम्बन्ध जोडिएको छ। सञ्चारकर्मीका रूपमा 'सिधा कुरा जनतासँग' कार्यक्रम सञ्चालन गरिरहेका वेला २०७६ साल साउनमा आत्महत्या दुरुत्साहन मुद्दामा पक्राउ परेपछि लामिछानेलाई चितवन प्रहरीको हिरासतमा राखिएको थियो। त्यसविरुद्ध देशभरबाट समर्थकहरू चितवन पुगेका थिए र न्यायको माग गर्दै ऐक्यबद्धता प्रदर्शन गरेका थिए।

९ भदौमा रिहा भएका लामिछानेलाई ५ माघमा जिल्ला अदालतले निर्दोष ठहर गर्दै सफाइ दिएको थियो। पछि अदालतबाट सफाइ पाएसँगै लामिछानेले प्राप्त जनसमर्थनलाई राजनीतिक शक्तिमा रूपान्तरण गर्ने निर्णय गरेका थिए। रास्वपा नेतृत्वको बुझाइमा त्यही घटनाक्रमले उनको राजनीतिक यात्राको आधार तयार गरेको थियो। त्यसयता चितवन र लामिछानेबिचको सम्बन्ध अझ बलियो बन्दै गएको छ।

निर्वाचन परिणामले पनि त्यो सम्बन्धलाई पुष्टि गरेको देखिन्छ। ०७९ को प्रतिनिधिसभा निर्वाचनमा चितवन-२ बाट विजयी भएका लामिछानेले उपनिर्वाचनमा झनै फराकिलो मतान्तरसहित पुनः विजय हासिल गरे। त्यसपछि ०८२ को आमनिर्वाचनमा पनि चितवनका तीनवटै निर्वाचन क्षेत्रमा रास्वपाले सफलता हासिल गर्दै आफ्नो प्रभाव विस्तार गर्‍यो।

१७ लाखका...

पृष्ठ १ बाट क्रमशः

मन्त्री र नेताहरूको उद्घाटन गर्ने थलोका रूपमा विकसित भएको छ। ०६६ मा तत्कालीन साबिक जिल्ला स्वास्थ्य कार्यालयले तामझामका साथ ब्लड बैंक सञ्चालनमा ल्याएको थियो। तर, व्यवस्थापकीय कमजोरीका कारण एक महिनासमेत नचली यो बन्द भयो। त्यसको डेढ दशकपछि १२ वैशाख ०८२ मा सुदूरपश्चिम प्रदेशका सामाजिक विकासमन्त्री मेखराज खड्काले प्रदेश सरकारबाट आर्थिक सहयोग गर्ने आश्वासन बाँड्दै नेपाल रेडक्रस सोसाइटी र जिल्ला अस्पतालको संयुक्त समन्वयमा पुनः सोही ब्लड बैंकको दोस्रोपटक उद्घाटन गरे। मन्त्रीले रिबन काटेर गएसँगै ब्लड बैंक बन्द छ। रेडक्रस बाजुराका सभापति मेखराज जैसी स्थानीय, प्रदेश र संघ सरकार कसैले पनि ब्लड बैंक सञ्चालनमा वास्ता नगरेको आरोप लगाउँछन्। 'हामीसँग छुट्टै भवन नहुँदा जिल्ला डिप फ्रिज अस्पताल बाजुरको कार्यालयमा राखिएको हो,' उनले भने, 'ब्लड बैंक सञ्चालनका लागि स्थानीय, प्रदेश र संघ सरकारसँग पटक-पटक माग गर्दा कसैले वास्ता गरेका छैनन्।'

राष्ट्रिय जनस्वास्थ्यप्रयोगशालाको रक्तसञ्चार सेवा सञ्चालन मापदण्ड, २०७६ अनुसारब्लड बैंक रेफ्रिजेरेटरसहित रगत प्रशोधनका लागि सेन्ट्रिफ्युज मेसिन, प्लाज्मा एक्स्ट्र्याक्टर र प्लेटलेट इन्क्युबेटर आवश्यक पर्छ। त्यस्तै, संकलन उपकरणमा ब्लड डोनेसन काउच (आरामदायी बेड), ब्लड कलेक्सन मोनिटर र ब्लड ब्याग ट्युब सिलर तथा परीक्षण उपकरण माइक्रोस्कोप, ब्लड बैंक ल्याब वर्कस्टेसन र ल्याब इन्क्युवेटर आवश्यक पर्छ।

जनशक्तिमा मेडिकल डाइरेक्टर वा प्याथोलोजिस्ट, ल्याब टेक्नोलोजिस्ट वा ट्रान्सफ्युजन अफिसर तथा रगत परीक्षणको रिपोर्ट प्रमाणित गर्न ब्याचलर इन मेडिकल ल्याब टेक्नोलोजी उत्तीर्ण प्राविधिक र रगत संकलन र सामान्य ल्याब परीक्षण कार्यमा सहयोग गर्न सर्टिफिकेट इन मेडिकल ल्याब टेक्नोलोजी गरेका कर्मचारीआवश्यक पर्छ। त्यसबाहेक रगत दिने व्यक्ति (रक्तदाता)को स्वास्थ्य जाँच (ब्लड प्रेसर, हेमोग्लोबिन जाँच्ने) गर्न र रगत निकाल्ने कार्यमा खटिने नर्स आवश्यक पर्छ।

तर, बाजुरा अस्पतालमा डि-फ्रिज मात्र रहेको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष धनबहादुर रोकायाले बताए। 'म आएको एक महिना मात्र भएको छ। उपकरण र जनशक्तिका लागिप्रयास गरिरहेको छु,' उनले भने। रगत चिस्यानका लागि राज्य र संस्थाको लाखौँ रकम बालुवामा पानी हालेजस्तै भएको छ। ०७५ मा सुदूरपश्चिम प्रदेश आन्तरिक मामिला मन्त्रालयले १२ लाख रुपैयाँमा खरिद गरेको एक थान डि-फ्रिज र नेपाल रेडक्रस सोसाइटी बाजुराले पाँच लाखमा खरिद गरेको अर्को फ्रिज अस्पतालको कुनामा खिया लाग्ने अवस्थामा पुगेका छन्।

उपकरणमा खिया लाग्दै गर्दा अस्पतालमा जीवनमरणको दोसाँधमा रहेका बिरामीका आफन्त भने सदरमुकाम मार्तडीमा रगतका लागि रुँदै भौँतारिन बाध्य छन्। केही दिनअघि मात्रै त्रिवेणी नगरपालिका-८ की ३५ वर्षीया देउमा थापा उच्च रक्तस्रावका कारण अस्पताल भर्ना भइन्। चिकित्सकले साढे तीन पिन्ट रगत चाहिने भनेपछि उनका श्रीमान् टेकबहादुर थापा मार्तडी बजारभरि रक्तदाता खोज्दै हिँडे। २४ घण्टापछि मात्रै एकजना रक्तदाता भेटिए र देउमाको ज्यान जोगियो। त्यस्तै, अछाम मेल्लेखकी ७० वर्षीया वृद्धा नामसरा बुढा रगत नपाएर दुई दिनसम्म अस्पतालको बेडमै तड्पिनुपर्‍यो।

अस्पतालमा जटिल प्रसूति सेवा र अप्रेसन सेवा त उपलब्ध छ, तर पहिले रगत दिने मान्छेको सुनिश्चितता गरेर मात्र अप्रेसनको तयारी गरिन्छ। रगत नपाएकै कारण बिरामीलाई महँगो रकम खर्च गरेर धनगढी, नेपालगन्ज वा काठमाडौँ रेफर गर्नुपर्ने बाध्यता छ।

९० प्रतिशत रगत सेना-प्रहरीकै भरमा, चेतना फैलाउन अस्पताल असफल

अस्पतालका सूचना अधिकारी नृपराज गिरीका अनुसार बाजुरामा हप्तामा १० देखि १५ जनालाई आकस्मिक रगतको आवश्यकता पर्छ। तर, जिल्लामा 'रक्तदान गर्नुपर्छ' भन्ने जनचेतना जगाउन अस्पताल र स्थानीय सरकार असफल छन्। गिरीका अनुसार अस्पतालमा रगत आवश्यक पर्ने गर्भवती, सुत्केरी तथा अन्य जटिल बिरामी आएमा सेना, प्रहरी,समाजसेवी र स्वास्थ्यकर्मीसँग सहयोग माग्नुपर्ने अवस्था छ। जिल्लामा रक्तदानसम्बन्धी जनचेतनाको कमी र नियमित रक्तसञ्चार केन्द्र नहुँदा समस्या झन् जटिल बनेको उनले बताए।

बर्डफ्लु...

पृष्ठ १ बाट क्रमशः

संवेदनशील विषयमा गैरजिम्मेवार देखिएको भन्दै उनीमाथि विभागीय कारबाही प्रक्रिया अघि बढाइएको मन्त्रीको सचिवालयले जनाएको छ। साहलाई जिम्मेवारीबाट हटाइएकाले चिडियाखानाको प्रशासनिक कार्य व्यवस्थापनका लागि वरिष्ठ अधिकृत बाबुलाल तिरुवालाई निमित्त प्रमुखको जिम्मेवारी दिइएको छ। ३ सदस्यीय छानबिन समिति गठन चिडियाखानामा फैलिएको बर्डफ्लुको वास्तविक कारण पत्ता लगाउन र रिपोर्टिङमा भएको लापरबाहीबारे अनुसन्धान गर्न कोषले एक उच्चस्तरीय छानबिन समिति गठन गरेको छ।

प्रवक्ता एवं प्रजाति विभाग प्रमुख रचना शाहको संयोजकत्वमा गठित ३ सदस्यीय समितिका सदस्यमा प्रशासन प्रमुख हरिविक्रम सिंह प्रशासन र संरक्षण क्षेत्र विभाग प्रमुख डा. मधु क्षेत्री रहेका छन्। समितिलाई घटनाको विस्तृत अनुसन्धान गरी एक हप्ताभित्र प्रतिवेदन पेश गर्न निर्देशन दिइएको छ।

जनावरमा समेत फैलियो संक्रमण चिडियाखानामा करिब १० दिनअघिदेखि नै पन्छी र जनावरहरू मर्न थालेका थिए। चराचुरुंगीहरू मर्ने क्रम नरोकिएपछि पशु सेवा विभागमा पठाइएको नमुना परीक्षणबाट बर्डफ्लु पुष्टि भएको थियो। परीक्षणका क्रममा चराचुरुंगी तर्फ बकुल्ला, लाटोकोसेरो र गिद्धमा संक्रमण देखिएको छ भने गम्भीर कुरा, जनावरतर्फ समेत नीरबिरालो र चरीबाघमा बर्ड फ्लु फेला परेको छ।

रोग संक्रमणका कारण वन्यजन्तुहरू मरेको धेरै दिन बितिसक्दा र स्थिति नाजुक बन्दा समेत प्रमुख साहले केन्द्रमा कुनै रिपोर्टिङ नगरेका कारण कोषले उनीमाथि कडा कदम चालेको हो। चिडियाखानामा भएका शृंखलाबद्ध घटना र बर्डफ्लुजस्तो जनस्वास्थ्य तथा वन्यजन्तु सुरक्षासँग जोडिएको संवेदनशील विषयलाई बेवास्ता गर्नु नै साहको छानबिनको मुख्य कारण रहेको एनटिएनसीले जनाएको छ।

धवलशमशेर...

पृष्ठ १ बाट क्रमशः

हुन पाउनेछन्,' बैठकपछि प्रवक्ता मोहनकुमार श्रेष्ठद्वारा जारी विज्ञप्तिमा भनिएको छ। हालैको निर्वाचन परिणामलाई लक्षित गर्दै राप्रपाले आफ्ना कार्यकर्तालाई उच्च मनोबलका साथ अघि बढ्न आग्रह गरेको छ। 'एउटा निर्वाचनको परिणामले कुनै पनि पार्टीको भविष्य निर्धारण हुँदैन,' प्रवक्ता श्रेष्ठले भने। बैठकले स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण सदस्यलाई पार्टीको नीति र सिद्धान्तको रक्षाका लागि सक्रिय रहन अपिलसमेत गरेको छ।

राप्रपाले दुईतिहाइ जनमतसहित सत्तामा पुगेको वर्तमान सरकारले १०० दिन पूरा गर्न लाग्दासमेत जनअपेक्षाअनुरूप काम गर्न नसकेको निष्कर्ष निकालेको छ। 'विधिको शासन र जनउत्तरदायी शासन व्यवस्था संस्थागत गर्ने वाचा गरेको सरकारले भ्रष्टाचार नियन्त्रण र प्रशासनिक सुधारमा केही प्रयास गरेको देखाउन खोजे तापनि व्यावहारिक तहमा प्रारम्भिक दिनमै उल्लेख्य खाडल र सन्देहास्पद संकेत देखिएका छन्' राप्रपाले भनेको छ, 'सामाजिक सञ्जालका 'एल्गोरिदम'माथि संगठित रूपमा नियन्त्रण जमाउँदै रचनात्मक आलोचना गर्नेहरू सबै देशको अहित चाहनेहरू हुन् भन्ने विभाजनकारी भाष्य स्थापित गरी त्यसैको आडमा चरम अपारदर्शी र अनुत्तरदायी शासनशैली अंगीकार गर्न खोजिँदै छ।'

राप्रपाले वर्तमान सरकारको परराष्ट्र नीति दिशाहीन भएको र यसले भूराजनीतिक जटिलता थपेको समेत आरोप लगाएको छ। 'संसदको रोस्ट्रममा उभिएर नेपालले पनि भारतको जमिन मिचेको छ भन्ने प्रधानमन्त्रीको अप्रमाणित अभिव्यक्तिप्रति राप्रपा दुःख प्रकट गर्दछ। देशको सीमाजस्तो संवेदनशील विषयमा सरकार प्रमुखबाट अभिव्यक्त धारणा अविलम्ब सच्चाइनु पर्दछ,' राप्रपाले भनेको छ। आर्थिक वर्ष ०८३/८४ को बजेटमा शिक्षा, स्वास्थ्य र विद्युतजस्ता नागरिकका आधारभूत क्षेत्रमा लगाइएको कर तत्काल फिर्ता लिन राप्रपाले सरकारसँग माग गरेको छ। साथै, काठमाडौंका नदी-किनारका भूमिहीनहरूको बस्तीमा विनावैकल्पिक व्यवस्था डोजर चलाइएको प्रति पनि विरोध जनाएको छ।

'वैकल्पिक आवास र पुनर्स्थापनाको योजनाविना नदी किनारका भूमिहीनहरूको बस्तीमा डोजर प्रयोग गरी हटाइएको छ, जहाँ वृद्धवृद्धा, अपांगता भएका र बालबालिकाको न्यूनतम मानव अधिकारको पनि ख्याल गरिएन। विस्थापित वास्तविक भूमिहीनहरूलाई यथाशीघ्र व्यवस्थित पुनर्वासको व्यवस्था गर्न राप्रपा सरकारसँग माग गर्दछ,' राप्रपाले भनेको छ।

राप्रपाले लहडका भरमा सरकारले उद्यमी व्यवसायीहरूमाथि विनाअनुसन्धान धरपकड गरेको र यसले गर्दा निजी क्षेत्र त्रसित बनेको पनि उल्लेख गरेको छ। धान रोप्ने मुख्य सिजन सुरु भइसक्दा पनि किसानले रासायनिक मल नपाएको तर्फ पनि राप्रपाले ध्यानाकर्षण गराएको छ। प्रवक्ता श्रेष्ठले भने, 'देशभरका किसानले सहज र पर्याप्त रासायनिक मल पाउने व्यवस्था मिलाउन र मौज्दातमा रहेको मलको वितरण प्रणालीलाई व्यवस्थित गर्न राप्रपा सरकारको ध्यानाकर्षण गराउँदछ।'

राप्रपाले प्रधानमन्त्री र मन्त्रीका सल्लाहकार तथा स्वकीयसचिवहरूले सिंहदरबारबाट अनधिकृत रूपमा कार्यकारी भूमिका निर्वाह गरिरहेको आरोप लगाएको छ। उनीहरूले निजामती कर्मचारी र संवैधानिक निकायमाथि दबाब दिने गरेको पार्टीको दाबी छ। 'लामो शासकीय अनुभव नभएका प्रधानमन्त्री र मन्त्रीहरूलाई राजकाजमा सघाउन, विषयगत विज्ञता, प्रमाणित क्षमता, योग्यता र इमानका आधारमा सल्लाहकार नियुक्त गर्नुपर्नेमा छिटफुट अपवादबाहेक आफ्ना निकटका र कार्यकर्तालाई नै जनताको करबाट तलबभत्ता दिलाउने विगतकै अभ्यासको पुनरावृत्ति गरिएको छ,' राप्रपाले भनेको छ।

यस्तै, राप्रपाले नितान्त सहयोगी भूमिकामा रहनुपर्ने प्रधानमन्त्री र मन्त्रीहरूका तिनै सल्लाहकार र स्वकीयसचिवहरूले सिंहदरबारबाट अनियन्त्रित र अनधिकृत ढंगबाट कार्यकारी भूमिका अभ्यास गरिरहेको, निजामती कर्मचारी संयन्त्र मात्र नभई स्वायत्त संवैधानिक निकायसमेतलाई डर, धाक र धम्की दिइने गरेको समाचारहरू दिनहुँजसो सार्वजनिक भइरहेको भन्दै प्रवृत्ति घातक र अनुचित रहेको जनाएको छ।

राप्रपाले प्रधानमन्त्री शाहलाई शासकीय जवाफदेहिता, पारदर्शिता र सुशासनलाई बेवास्ता गर्दै विगतका सरकारहरूकै शैलीमा र कतिपय मुद्दामा अझ अपरिपक्व ढंगबाट शासन सञ्चालन गर्न खोजेको आरोप लगाएको छ। नवयुवा पुस्ता (जेन-जी)ले अगुवाइ गरेको आन्दोलनको मुख्य मागलाई नै प्रधानमन्त्रीले लत्याएको राप्रपाको आरोप छ।

'प्रधानमन्त्री स्वयंले संसदीय प्रजातन्त्रका आधारभूत मान्यतालाई कमजोर पार्दै जनप्रतिनिधिप्रति उत्तरदायी नदेखिने शैली अपनाउनु विडम्बनापूर्ण छ,' राप्रपाले भनेको छ। पार्टीले सरकारमाथि रचनात्मक आलोचकलाई देशविरोधीका रूपमा चित्रित गर्दै अपारदर्शी तथा गैरउत्तरदायी शासनशैलीलाई संस्थागत गर्न खोजिएको आरोपसमेत दोहोर्‍याएको छ।

सत्ता साझेदारबाटै बजेट संशोधनको प्रस्तावले सुदूरपश्चिम सरकार संकटमा

मुख्यमन्त्री शाहसँग कांग्रेसकै सांसद असन्तुष्ट, एमाले र नेकपाबिच नयाँ गठबन्धन बनाउन छलफल सुरु

धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिममा सत्ता सहयात्री दल एमालेले सरकारले ल्याएको आगामी आर्थिक वर्ष ०८३/८४ को बजेटमाथि संशोधन प्रस्ताव दर्ता गर्ने निर्णयसँगै प्रदेशको सत्ता गठबन्धनमा संकट देखिएको छ। शुक्रबार दिउँसो बसेको एमाले संसदीय दलको बैठकले संशोधन प्रस्ताव दर्ता गर्ने निर्णय गरेको हो।

बजेटलाई लिएर सत्तापक्षमै तीव्र असन्तुष्टि बढेपछि मुख्यमन्त्री कमलबहादुर शाह अप्ठ्यारोमा परेका छन्। प्रदेशमा कांग्रेस र एमालेको संयुक्त सरकार छ। सरकारको नेतृत्व गरिरहेको कांग्रेसकै केही सांसदले बजेटप्रति असन्तुष्टि जनाएका छन्। एमाले संसदीय दलले बजेट निर्माणका क्रममा सरकारले गम्भीर त्रुटि गरेको निष्कर्ष निकाल्दै संशोधन प्रस्ताव दर्ता गर्ने निर्णय गरेको हो। यथास्थितिमा बजेट पारित हुन नदिने पक्षमा एमाले देखिएपछि सुदूरपश्चिममा सत्ता गठबन्धन फेरिन सक्ने चर्चा सुरु भएको छ।

प्रदेश सभाको प्रमुख प्रतिपक्षी नेपाली कम्युनिस्ट पार्टी र एमालेबिच समीकरण निर्माण गर्न छलफल सुरु भएको नेताहरूले बताएका छन्। नेकपाका एक सांसदले एमालेसँग संवाद भइरहेको बताए। 'दुई दलबिच सहकार्य गरेर जाने विषयमा बेलामौकामा छलफल हुँदै आएका थिए। बजेटलाई लिएर एमालेको असन्तुष्टिपछि नयाँ गठबन्धनको सम्भावना बढेको छ,' उनले भने, 'एमालेले विरोधलाई बजेटमा बार्गेनिङको अस्त्र नबनाएको हो भने केही दिनमै गठबन्धन फेरिन्छ।' प्रदेश सभा ५३ सदस्यीय रहे पनि हाल ५१ सदस्य कायम छन्। नेकपाका २१, कांग्रेसका १८, एमालेका ११ र राप्रपाका एक सांसद छन्। एमालेका एक नेताले पनि गठबन्धन फेरबदलको विषयमा छलफल भइरहेको बताए। उनले यसबारे केन्द्रमा पनि कुरा भइरहेको बताए।

एमाले संसदीय दलका उपनेता सन्तोषकुमारी थापा शर्माले सरकार आफैंले बनाएको मापदण्डभन्दा बाहिर गएर बजेट ल्याएकाले संशोधन प्रस्ताव दर्ता गरिएको बताइन्। 'सरकार आफैंले बनाएको विधि, प्रक्रिया र मापदण्ड मिचेर बजेट ल्यायो। सर्वदलीय बैठकले बजेटका सम्बन्धमा गरेका निर्णय पनि बजेट निर्माण गर्दा पालना गरिएन,' उनले भनिन्, 'त्यसैले संशोधन प्रस्ताव दर्ता गर्ने निर्णय गरेका हौं।'

सरकारमा एमालेबाट तीन मन्त्री र एक राज्यमन्त्री छन्। त्यस्तै, कांग्रेसबाट मुख्यमन्त्रीसहित चार मन्त्री र दुई राज्यमन्त्री छन्। एमालेले भौतिक पूर्वाधार विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र आन्तरिक मामिला तथा कानुन मन्त्रालयको नेतृत्व गरिरहेको छ। कांग्रेसले आर्थिक मामिला, सामाजिक विकास र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको नेतृत्व गरेको छ। आफ्नै पार्टी नेतृत्वको सरकार र आफ्नै पार्टीका मन्त्रीले ल्याएको बजेटप्रति कांग्रेसकै सांसद खुसी छैनन्।



शुक्रबार बसेको एमाले सुदूरपश्चिम प्रदेश संसदीय दलको बैठक।

आफैंले बनाएको मापदण्ड मिचेर टुक्रे योजनाको चाङ

गत ३१ वैशाखमा सुदूरपश्चिम प्रदेश राजपत्रमा प्रकाशित मापदण्डले सडकका योजनामा एक करोड तथा प्रदेशको एकल क्षेत्राधिकारका अन्य भौतिक पूर्वाधारका योजनामा ५० लाख रुपैयाँभन्दा कम बजेट विनियोजन गर्न नपाइने व्यवस्था गरेको छ। वार्षिक कार्यक्रम पुस्तिकामा भने सडक र पूर्वाधारका पाँच-सात लाख लागतका योजना पनि समावेश गरिएका छन्। योजना छनोट मापदण्डअनुसार सिँचाइका योजनामा तराईमा एक करोड र पहाडमा २५ लाख, शिक्षाका पूर्वाधारमा ३२ लाख, स्वास्थ्य, शिक्षा, पर्यटन र खेलकुद पूर्वाधारका योजनाको लागत रकम सीमा ५० लाख तोकिएको छ।

मुख्यमन्त्री कमलबहादुर शाहले २५ लाखभन्दा कम लागतका योजना बजेटमा समावेश लिखित नगर्ने प्रतिबद्धता सार्वजनिक गरेका थिए। तर, पूर्वाधारका सयौं योजनामा २५ लाखभन्दा कम बजेट विनियोजन गरिएको छ। जस्तै, कैलालीको जानकी- ८, मा नाला निर्माणको योजनामा आठ लाख, गोदावरी- ३, मा सडक निर्माण गर्न ६ लाख, धनगढी- १, मा सडक कालोपत्रे गर्न पाँच लाख बजेट विनियोजन गरिएको छ। ४० लाख रुपैयाँभन्दा कम लागतका भवनका योजनामा बजेट विनियोजन नगर्ने मापदण्ड बनाएको सरकारले २० लाखसम्म लागतका दर्जनौं भवनका योजना बजेटमा राखेको छ। शिक्षा, स्वास्थ्य, पर्यटन र खेल पूर्वाधारका योजना छनोटमा पनि मापदण्ड मिचेर छनोट गरिएको छ। पर्यटनसम्बन्धी एकाधबाहेक अधिकांश योजना ५० लाखभन्दा कम लागतका छन्। सरकारले आफ्नो प्रतिवद्धता र योजनासम्बन्धी मापदण्ड मिचेर बजेट ल्याएको भन्दै सत्तापक्षकै सांसद बजेटप्रति असन्तुष्ट देखिएका छन्। सरकारको नेतृत्व गरिरहेको कांग्रेस सांसद डम्बरी महराले बजेटमा धेरै विकृति रहेको बताइन्।

सहमतिअनुसार बजेट नआएको एमालेको आरोप

कांग्रेसबाट आर्थिक मामिलामन्त्री बनेका विक्रमसिंह धामीले १ असारको मध्यरातमा ३७ अर्ब ७० करोडको बजेट प्रदेश सभामा पेस गरेका थिए। कांग्रेस र एमालेबिच बजेट भागबन्डाको विवाद बजेट सार्वजनिक गर्ने दिन थप चर्किएको थियो। दुई दलबिच अबेर राति भागबन्डामा सहमति भएपछि मन्त्री धामीले राति पौने १२ बजे बजेट प्रस्तुत गरेका थिए। तर, सहमतिअनुसार बजेट नआएको एमालेले जनाएको छ। बजेट वक्तव्यमा चालू, पुँजीगत र मन्त्रालयगत बजेट विनियोजन प्रस्तुत गरिएको थिएन। मन्त्री धामीले सदनमा ३७ अर्ब ७० करोडको बजेट प्रस्तुत गरे पनि दोस्रो दिन सार्वजनिक गरिएको बजेट वक्तव्यमा बजेटको आकार ३७ अर्ब ७० करोड ३९ लाख ६६ हजार उल्लेख गरिएको छ।

एमाले दलका उपनेता शर्माले बजेट निर्माणसम्बन्धी सर्वदलीय बैठकको निर्णय पनि सरकारले पालना नगरेर योजना छनोट गरेको बताइन्। बजेट निर्माणका क्रममा बसेको सर्वदलीय बैठकले २५ लाखमाथिको सिलिङ कायम गरी बजेट विनियोजन गर्ने, त्योभन्दा कम लागतका योजना छनोट गर्नेपरे ससर्त अनुदानका रूपमा स्थानीय तहमा हस्तान्तरण गर्ने, व्यक्ति, समूह, फर्म, कम्पनी तोकेर बजेट विनियोजन नगर्ने, उपभोक्ता समितिमार्फत योजना कार्यान्वयन नगर्ने र जोडिएर आएका कुनै पनि योजनामा बजेट विनियोजन नगर्ने निर्णय गरेको थियो।

प्रदेश सरकारले गत वैशाखमा जारी गरेको योजना छनोटसम्बन्धी मापदण्डमा पनि सडक पूर्वाधारमा एक करोड, प्रदेशको एकल अधिकारको पूर्वाधारमा ५० लाख, भवनमा ४० लाख तथा शिक्षा, स्वास्थ्य, पर्यटन र खेलकुदका पूर्वाधारको बजेटको न्यूनतम सीमा ५० लाख हुने उल्लेख छ। तर, बजेटमा अधिकांश योजना मापदण्डले तोकेको न्यूनतम लागतभन्दा कमका छन्। सरकारले बजेट निर्माणका क्रममा उक्त मापदण्ड र सर्वदलीय निर्णयहरू पालना नगरी योजनाहरू समावेश गरेकाले संशोधन प्रस्ताव दर्ता गर्ने निर्णय एमालेले गरेको दलका उपनेता शर्माले बताइन्। बजेटमा मुख्यमन्त्री शाहले एकलौटी गरेको एमालेको आरोप छ।



● **सन्तोषकुमारी थापा शर्मा**
उपनेता, एमाले संसदीय दल

सरकार आफैंले बनाएको विधि, प्रक्रिया र मापदण्ड मिचेर बजेट ल्यायो। सर्वदलीय बैठकले बजेटका सम्बन्धमा गरेका निर्णय पनि बजेट निर्माण गर्दा पालना गरिएन। त्यसैले संशोधन प्रस्ताव दर्ता गर्ने निर्णय गरेका हौं।

कुनै पनि हालतमा बजेट पारित हुन नदिने नेकपाको घोषणा

प्रमुख प्रतिपक्षी दल नेकपाले शुक्रबार धनगढीमा पत्रकार सम्मेलन गरेर बजेटमा अराजकताको सीमा नाघिएकाले कुनै पनि हालतमा यसलाई पारित हुन नदिने बताएको छ। संसदीय दलका नेता खगराज भट्टले सुशासन, विधि र मापदण्डको धज्जी उडाउँदै बिचौलिया र दलालकेन्द्रित भएर सरकारले बजेट ल्याएको बताए। बजेटमा देखिएको चरम विकृतिले प्रदेशनै लज्जित हुनुपर्ने अवस्था रहेको टिप्पणी गर्दै उनले यसलाई पारित हुन नदिन प्रतिपक्षले सम्पूर्ण शक्ति लगाउने बताए। 'बजेट दलाल र बिचौलियाको पक्षमा छ। सरकार आफैंले बनाएको विधि, प्रक्रिया र मापदण्डको उल्लंघन गरेर बजेट ल्याएको छ,' नेता भट्टले भने, 'सुटकेस बुझेर योजना हालेको कुरा आएका छन्। सत्तारुढ दलबाटै बजेट असफल होस् भन्ने चाहेका छौं।' एमालेसँग गठबन्धनबारे सोधिएको प्रश्नमा उनले कांग्रेस र एमालेसँग सहकार्य गरेर जाने विषयमा विगतदेखि नै छलफल हुँदै आएको बताए।

सजाय छल्न नाम नै परिवर्तन

१३ वर्षअघि हत्या गर्दा एउटा नाम, पक्राउ पर्दा अर्कै

झापामा **चिरञ्जीवी घिमिरे**

दमक नगरपालिका-८ का दिप्सन चौधरीले अपराधको सजाय छल्न नाम नै परिवर्तन गरेको पाइएको छ। १३ वर्षअघि ०७० भदौमा मोरङ कटहरी घर भई साबिक दमक-१३ (हाल दमक-८) मा बस्ने महमद अवासको हत्या मुद्दामा दोषी ठहर भएका चौधरी हाल पक्राउ परेपछि नाम फेरेको भेद खुलेको हो। उनको नाम त्यतिखेर दिवस चौधरी थियो।

११ भदौ ०७० मा महमदमाथि दिप्सनसहितको समूहले गुन्डागर्दी गर्दै कुटपिट गरे। त्यसको १० दिनपछि अर्थात् २१ भदौ ०७० मा महमदको मृत्यु भयो। त्यसवेला दिवस चौधरीसहित पाँचजनाको नाममा इलाका प्रहरी कार्यालय दमकमा जाहेरी पऱ्यो। उनीबाहेक सबै पक्राउ परे। तर, चौधरी भागेर भारत पुगे। १०वर्ष भारतमै काम गरे। त्यसबिचमा उनी ०७३ मंसिरमा नेपाल आए। १५ मंसिर ०७३ मा जन्मदर्ता बनाए भने १९ मंसिरमै दिप्सन चौधरीको नाममा नागरिकतासमेत बनाए।

> ०७० भदौमा महमद अवासको हत्या मुद्दामा दोषी ठहर भएका दिप्सन चौधरी हाल पक्राउ परेपछि नाम फेरेको भेद खुलेको हो

यसरी नाम परिवर्तन गरेर नागरिकता बनाउनु उनको एउटै उद्देश्य थियो, अपराधको कानुनी कारबाही छल्नु।

नाम नै परिवर्तन गरेपछि प्रहरीले पक्राउ गर्दैन भनेर तीन वर्षअघि निर्धक्क भएर नेपाल फर्किए। उनी दमकमै बस्न थाले। १९ चैत ०७९ मा जिल्ला अदालत झापाले दिवस चौधरीको नाममा १० वर्ष कैद सजाय सुनाएको थियो। उच्च अदालत विराटनगर र इलाम इजलासले समेत त्यही फैसला सदर गऱ्यो। तर, उनको नागरिकता र जन्मदर्ताको नाम भने दिप्सन थियो। उनी हत्यामा संलग्न हुँदा उमेर १५ वर्ष मात्रै थियो। तर, अहिले उनी २८ वर्ष भए। इलाका प्रहरी कार्यालय दमकले फैसला कार्यान्वयनका सिलसिलामा उनलाई १९ जेठमा पक्राउ गरी जिल्ला अदालत झापामा बुझाएको थियो। उनी अहिले जिल्ला कारागार झापामा छन्।

इलाका प्रहरी कार्यालय दमक स्रोतका अनुसार उनले यसरी नाम परिवर्तन गरेर पक्राउ पर्नबाट जोगिन खोजेका हुन्। 'हामीले निगरानी गरिरहेका थियौं। दिवस र दिप्सन एउटै हो भन्ने भएपछि हामीले पक्राउ गरेर अदालतमा बुझायौं,' इलाका प्रहरी कार्यालय दमक स्रोत भन्छ, 'घटनाको १३ वर्षपछि पक्राउ पर्नुले कानुनविपरीत काम गर्ने जोकोहीलाई कानुनले छाड्दैन भन्ने एउटा प्रमाण पनि बनेको छ, यो घटना।'

संक्षेप

एमालेसँग एकताको कुनै सम्भावना छैन : नेता नेपाल

काठमाडौं/ नेपाली कम्युनिस्ट पार्टीका सहसंयोजक माधवकुमार नेपालले एमालेसँग एकताको कुनै सम्भावना नरहेको बताएका छन्। पार्टीसम्बद्ध बुद्धिजीवी संगठनको राष्ट्रिय एकता भेलालाई शनिबार सम्बोधन गर्दै उनले एकताको हल्लाका पछाडि नलाग्न आग्रह गरे। एकताको सम्भावना नरहेको भन्दै उनले भ्रममा नपर्न आग्रह पनि गरे। 'एमालेसँग एकता हुन लागेको छ, भनिसकेपछि बुद्धिजीवीमा पनि त्यसको प्रभाव पर्ने रहेछ। फोनको जवाफ दिँदादिँदै हैरान भएको छु। यस्तो कुरा दुनियाँले पनि पत्याउने खालको छैन। एमालेसँग अहिले एकता सम्भव छ ? सम्भवै छैन। यस विषयमा तपाईंहरू कोही पनि भ्रममा नपर्नुस्,' उनले भने।

देशभक्त, क्रान्तिकारी र गणतन्त्र पक्षधर लोकतान्त्रिक शक्तिलाई गोलबन्द गर्दै अघि जाने उनले बताए। राष्ट्रियता, जनजीविका, जनताको हित र गणतन्त्रको रक्षा गर्ने जिम्मा नेकपाको काँधमा आएको उनले बताए। वैज्ञानिक समाजवाद र नेपाली विशेषताको समाजवादको नारामा अगाडि बढ्ने पनि उनले बताए। नेता वर्षमान पुनले जनताको पक्षमा लड्ने शक्तिलाई नै जनताले बहुमत दिने बताए। जनताको पक्षमा लड्न सक्ने पार्टी नेकपा भएको भन्दै उनले आगामी निर्वाचनमा दुईतिहाइ नेकपाले ल्याउन सक्ने दाबी गरे। करिब दुईतिहाइको रास्वपा सरकारले राष्ट्रियता, संवैधानिक अधिकारमाथि अंकुश र सदनलाई हेप्ने काम गरेको भन्दै उनले त्यस प्रवृत्तिविरुद्ध लड्ने बताए।

एमालेको नीति अनुसन्धान प्रतिष्ठानले सुरु गऱ्यो काम

काठमाडौं/ एमाले नीति अध्ययन तथा अनुसन्धान प्रतिष्ठानको नवगठित निर्देशक कमिटीले काम सुरु गरेको छ। अघिल्लो निर्देशक कमिटीका सदस्यबिच परिचयात्मक तथा समीक्षात्मक छलफल कार्यक्रम आयोजना गरी प्रतिष्ठानले काम सुरु गरेको हो।

नवगठित निर्देशक समितिका अध्यक्ष विष्णु रिमाल छन्। उनकै अध्यक्षतामा आयोजित कार्यक्रममा निवर्तमान निर्देशक समिति अध्यक्ष ईश्वर पोखरेलले विगतमा गरिएको कामको अनुभव सुनाएका थिए। उनले नवगठित निर्देशक कमिटीलाई सफल कार्यकालको शुभकामना दिए। उनले अघिल्लो कार्यकालमा सम्पादन भएका नीतिगत अनुसन्धान तथा संस्थागत कामहरूको प्रगति विवरण पनि प्रस्तुत गरे। कार्यक्रममा तत्कालीन निर्देशक कमिटीका सदस्यहरू क्रमशः प्रदीप ज्ञवाली, डा. युवराज खतिवडा, डा. विष्णु उप्रेती, डा. अञ्जान शाक्य र योगेन्द्र ढकालले पनि आ-आफ्नो अनुभव र उपलब्धि ब्रिफिङ गरेका थिए।

कोशी सरकारलाई उच्च अदालतको आदेश

विराटनगर/ उच्च अदालत विराटनगरले बालबालिका ऐन कार्यान्वयन नभएको कारण देखाउन कोशी प्रदेश सरकारलाई आदेश गरेको छ। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) कोशी प्रदेश कार्यालयले प्रदेश बालबालिका ऐन कार्यान्वयन गराउन माग गर्दै दर्ता गराएको रिटमा उच्च अदालतले शुक्रबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई कारण देखाउ आदेश गरेको हो।

न्यायाधीश विष्णुप्रसाद अर्यालको शुक्रबारको इजलासले कोशी प्रदेश बालबालिका संरक्षण ऐन, २०७७ मा भएको व्यवस्थाको कार्यान्वयन भए-नभएकोबारे शुक्रबार कोशी प्रदेश सरकारको नाममा कारण देखाऊ आदेश जारी गरेको छ। इन्सेकका तर्फबाट कोशी प्रदेश संयोजक मनोहरकुमार पोखरेलले प्रदेश बालबालिका संरक्षण ऐन कार्यान्वयन नभएको भन्दै उत्प्रेषण परमादेश माग गर्दै कोशी प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सामाजिक विकास मन्त्रालय र कोशी बाल अधिकार समितिलाई विपक्षी बनाएर उच्च अदालत विराटनगरमा बिहीबार रिट दायर गरेका थिए।

कुलोमा पानी ल्याउन पाँच हजारले गरे श्रमदान



● **तस्बिर : प्रकाश पौडेल**/नयाँ पत्रिका

बर्दियाको राजापुर नगरपालिका र गेरुवा गाउँपालिकामा सिँचाइका लागि कुलोमा पानीको अभाव भएपछि श्रमदान गर्दै स्थानीय। शनिबार दुई पालिकाका पाँच हजारभन्दा बढी किसानले श्रमदान गरी कुलोमा पानी ल्याएका हुन्। राजापुर नगरपालिका र गेरुवा गाउँपालिकालाई सरकारले धान सुपर जोन घोषणा गरेको छ। प्रत्येक वर्ष स्थानीयले घरघरबाट झालापाता प्रयोग गरेर नदीको बहाव परिवर्तन गरी कुलोमा पानी ल्याउने गर्छन्।

कुइनेखानी अर्ग्यानिक गाउँ घोषणा

म्याग्दीमा **कमल खत्री**

म्याग्दीको रघुगंगा गाउँपालिकाले प्रांगारिक उत्पादनलाई प्रवर्द्धन गर्न कुइनेखानी गाउँलाई अर्ग्यानिक गाउँ घोषणा गरेको छ। रघुगंगा गाउँपालिका-८ मा पर्ने छन्त्याल समुदायको बाहुल्य रहेको कुइनेखानीमा अहिले हुँदै आएको प्रांगारिक खेतीलाई प्रोत्साहन गर्न गाउँपालिकाको २१औं गाउँसभाले अर्ग्यानिक गाउँ बनाउने घोषणा गरेको हो।

> प्रांगारिक खेतीलाई प्रोत्साहन गर्न कुइनेखानी गाउँका किसानलाई शतप्रतिशत अनुदान दिँदै रघुगंगा गाउँपालिका

पालिकाले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा आवश्यक प्रबन्ध मिलाएर कुइनेखानीमा परीक्षण योजनाको रूपमा अर्गानिक गाउँ बनाउने तयारी गरेको गाउँपालिका अध्यक्ष भवबहादुर भण्डारीले बताए। उनका अनुसार पहिलो वर्ष यस कार्यक्रमका लागि एक लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ। बजेटबाट किसानहरूले उत्पादन गरेको प्रांगारिक मलमा शतप्रतिशत अनुदान दिइनेछ। कुइनेखानीमा आलु, जौ, मकै, कोदोखेती हुने गरेको छ। यस अभियानमार्फत स्थानीयस्तरमा उत्पादन हुने कृषिउपजको गुणस्तर वृद्धि, स्वस्थ खाद्य पदार्थको उत्पादन तथा किसानको आयआर्जनमा टेवा पुग्ने अपेक्षा गरिएको छ।

सर्वसाधारणको स्वास्थ्यलाई ध्यानमा राखी कृषि उत्पादनमा रासायनिक पदार्थको नियन्त्रण गर्न पाइलट प्रोजेक्टका रूपमा अर्ग्यानिक गाउँ बनाउने अभियानको थालनी गरिएको गाउँपालिकाले जनाएको छ। गाउँपालिकाले रैथाने बालीको उत्पादन, प्रवर्द्धन र बजारीकरणका लागि समेत जोड दिएको छ। स्थानीयस्तरमा हुने कृषिबालीको पहिचान गर्दै उत्पादन वृद्धि गरेर आयआर्जन बढाउन विशिष्टीकृत रूपमा एक वडा एक उत्पादन कार्यक्रमसमेत सञ्चालन गर्न लागिएको प्रमुख प्रशासकीय अधिकृत कुलराज पौडेलले बताए। आगामी वर्षका लागि पारित भएको बजेट वक्तव्यमा एक वडा एक उत्पादन कार्यक्रमका लागि १६ लाख बजेट विनियोजन भएको उनले जानकारी दिए। गाउँसभाले कृषि उत्पादन बढाउन माटो स्वास्थ्य सुधार, कृषि तालिम, कृषिमा अनुदानलगायतका कार्यक्रम पारित गरेको छ।

बाढीले कमला नदीको अस्थायी डाइभर्सन क्षतिग्रस्त

आवतजावतका लागि डुंगाको भर

लहानमा **मणिलाल विश्वकर्मा**

पूर्व-पश्चिम हुलाकी सडकअन्तर्गत सिराहा-धनुषा जोड्ने कमला नदीमा आवागमन सहजताका लागि बनाइएको अस्थायी डाइभर्सन बाढीले क्षतिग्रस्त भएपछि आवागमन प्रभावित भएको छ। सामान ओसारपसार र आवजावत सहजताका लागि गत माघमा टेन्डरमार्फत ह्युमपाइप, क्रेटिङ र बालुवा हालेर बनाइएको अस्थायी डाइभर्सन बिहीबार साँझदेखि परेको वर्षापछि आएको बाढीले क्षतिग्रस्त भएको हो।

निर्माणाधीन पुलभन्दा करिब एक सय मिटर पूर्वतिरबाट बगेको कमलाको मूल भंगालोमा बनाइएको डाइभर्सन क्षतिग्रस्त भएपछि बर्सातमा थप समस्या हुने स्थानीय बताउँछन्। वैशाख तेस्रो साता आएको बाढीले मूल भंगालोमा बनाइएको डाइभर्सनमा क्षति नपुगे पनि पुलको दक्षिणतर्फको बालुवाको डाइभर्सन बगाउँदा पनि समस्या भएको स्थानीय बद्री यादवले बताए।

हिउँदलाई लक्षित गरी बनाइएको मूल भंगालोको डाइभर्सन बर्सातमा भिक्नैपर्ने हुलाकी राजमार्ग निर्देशनालयका साइट इन्जिनियर सूर्यनारायण मण्डलले बताए। उनका अनुसार मनसुनको बर्सात सुरु भइसकेको धनुषातर्फबाट भासिएको तेस्रो पाया भारतको दिल्लीबाट भिकाइएका प्राविधिकसहितको उपकरणमार्फत बिहीबारसम्म १.१६ मिटर उठाइएको छ। 'बाँकी ८४ सेन्टिमिटर उठाइएपछि तल कंक्रिट हालेर फिक्स गरिनेछ,' उनले भने, 'पुलको पश्चिमतर्फको एप्रोच सडक निर्माणका लागि माटो भर्ने काम भइरहेको छ। त्यसबाहेक पूर्वतर्फको गटर बिमको काम पनि जारी रहेको उनले बताए।

त्यो काम सकिँदासम्म मध्यवर्षा लागिसक्ने भएकाले सम्भवतः आगामी तीन महिनासम्म फेरि डुंगाकै भर पर्नुपर्ने स्थानीयको चिन्ता छ। जिल्ला र प्रदेशबाट पटक-पटक सांसद, मन्त्री बनेका नेताहरूका कारणले सर्वसाधारणले दुःख झेलिरहेको सिराहा नगरपालिका-६ का वडाध्यक्ष इन्द्रजित यादवले गुनासो गरे।



दुई दिनदेखिको वर्षापछि आएको बाढीले अस्थायी डाइभर्सन क्षतिग्रस्त बनाएपछि डुंगाबाट कमला नदी वारपार गर्दै सर्वसाधारण।

'करिब १५ वर्षअघि नदीको स्वरूपअनुसारको डिजाइन गरिएको पुल अहिलेको अवस्थाअनुसार टिकाउ हुन सक्दैन भन्ने हाम्रो ठम्याइ हो,' उनले भने, 'कमलामा नयाँ पुल नबनाएसम्म हुँदैन, पुलको टालटुले पुनर्निर्माणले हुँदैन, दुःख पाउने जनताले नै हो।'

कमला पुलको पुनर्निर्माण सम्पन्न नहुँदा धनुषातर्फका कमला र विदेह नगरपालिका तथा जनकनन्दनी गाउँपालिकाअन्तर्गत पर्ने सघारा, टडिया, लक्कड, बडेर्वा, लगमा, पतनुका, बनरभुला, फूलबरिया तथा सिराहा नगरपालिकाअन्तर्गत बसबिट्टा, बडेर्वा, मानपुर, खरसलवाका बासिन्दालाई वस्तुभाउ चराउन, घाँसपात गर्न, दैनिक किनमेल, हाटबजार, आर्थिक कारोबारका लागि ठुलो कष्ट भइरहेको स्थानीय शिवराम यादवले गुनासो गरे।


गत ५ मंसिरमा स्थलगत अनुगमनमा आएका तत्कालीन भौतिक पूर्वाधारमन्त्री कुलमान घिसिङले कमला पुलको बारेमा प्राविधिक, व्यवस्थापकीय र ठेकेदार कसको कारणले समस्या भएको भन्ने खोजी गरिने बताएका थिए। त्यसलगत्तै हुलाकी राजमार्ग निर्देशनालय जनकपुरधामले पुलको पुनर्निर्माण नहुन्जेल आवागमन सहजताका लागि अस्थायी डाइभर्सन बनाएको थियो।

क्षतिग्रस्त पुलको सुस्त पुनर्निर्माण

हुलाकी सडकअन्तर्गतको कमला पुल निर्माणका लागि ३१ जेठ ०६८ मा पप्पु लुम्बिनी जेभीले भ्याटसहित २४ करोड ९० लाख ९७ हजार दुई सय रुपैयाँमा ठेक्का लिएको थियो। सम्झौताअनुसार ०७१ मंसिरमा निर्माण सम्पन्न हुनुपर्ने पुल तोकिएको समयमा नबनेपछि गत असारसम्मका लागि आठौंपटक म्याद थपिएको थियो। कमलामा पुल नहुँदा करिब ३० किलोमिटर दूरीमा रहेको प्रादेशिक राजधानी जनकपुरधाम पुग्न बर्सातको वेला पूर्व-पश्चिम लोकमार्गको ढल्केबर हुँदै करिब ९० किलोमिटर दूरी छिचोल्नुपर्ने बाध्यता छ।

स्थानीय तहको बजेट तर्जुमाको अभ्यास

अधिकांश स्थानीय तहले बजेट तर्जुमाका क्रममा पालना गर्नुपर्ने आधारभूत विधि र प्रक्रिया पूरा गरेका छैनन्



● अनिरुद्र न्यौपाने

अग्रलेख

आर्थिक वर्ष ०८१/८२ मा संघ, प्रदेश र स्थानीय तहको कुल बजेट १५ खर्ब ७८ अर्ब ४७ करोड रुपैयाँ कायम भएकोमा स्थानीय तहको बजेट तीन खर्ब ४१ अर्ब २६ करोड रुपैयाँ थियो । सो वर्ष तीनै तहका सरकारले आफैँ भुक्तानी गरेको कुल खर्च १३ खर्ब १४ अर्ब ३९ करोड रुपैयाँ रहेकामा स्थानीय तहको खर्च दुई खर्ब ८५ अर्ब १८ करोड रुपैयाँ थियो । महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक गरेको एकीकृत वित्तीय विवरणमा उल्लेख भएको सो आँकडाअनुसार गत आर्थिक वर्ष तीनै तहको जम्मा बजेट र खर्चमा स्थानीय तहको हिस्सा क्रमशः २१.६१ र २१.६९ प्रतिशत रहेको देखिन्छ ।

सार्वजनिक स्रोतको महत्त्वपुर्ण हिस्सा खर्च गर्ने स्थानीय तहको बजेट विनियोजन र कार्यसञ्चालन कुशलता तथा समग्र वित्तीय अनुशासनले मुलुकको विकास र सेवा प्रवाहको अवस्था सुधारमा उल्लेख्य भूमिका खेल्न सक्छ । तर, संस्थागत क्षमताको कमी हटाउनुको सट्टा स्वविवेकमा सार्वजनिक खर्चको निर्णय गर्ने अवसर बनाउने प्रवृत्तिका कारण लामो समयसम्म पनि स्थानीय तहको सार्वजनिक वित्तीय व्यवस्थापन अभ्यासमा उल्लेख्य सुधार हुन सकेको छैन ।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार ०८३ जेठको अन्तिम सातासम्म पनि मधेश प्रदेशका पाँचवटा स्थानीय सरकारले चालू आर्थिक वर्ष ०८२/८३ को बजेट स्थानीय सभामा प्रस्तुत गरेका छैनन् । बर्सेनि १०० भन्दा धेरै स्थानीय तह स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्धारण गरेको असार १० गतेको समयसीमाभित्र बजेट पेस गर्न असमर्थ हुने गरेका छन् । कानुनले तोकेको समयसीमाभित्र बजेट पेस गर्ने स्थानीय तहमध्ये पनि अधिकांशले बजेट तर्जुमाका क्रममा पालना गर्नुपर्ने आधारभूत विधि र प्रक्रिया पूरा गरेका छैनन् ।

राष्ट्रिय योजना आयोगले संघीय मामिला मन्त्रालयमार्फत स्थानीय तहलाई पठाएको योजना तर्जुमा दिग्दर्शन, २०७९ को परिच्छेद ४ मा वार्षिक कार्यक्रम तथा बजेट तर्जुमाका चरण, विधि र प्रक्रिया समावेश छ । अधिकांश स्थानीय तहले संघीय सरकारबाट उपलब्ध गराइएको दिग्दर्शनमा उल्लिखित बजेट तर्जुमाका सात चरणलाई बजेटको आधारभूत मार्गदर्शनका रूपमा स्वीकार गरेका छन् । तर, ती प्रक्रिया र चरणको व्यावहारिक कार्यान्वयनमा पर्याप्त ध्यान नदिँदा नेतृत्व तहमा रहेका सीमित व्यक्तिको विवेकमा आयोजना र कार्यक्रम छनोट हुने र बजेटमा कार्यान्वयनमा संलग्न शाखा र एकाइहरूको समेत अपनत्व नहुने अवस्था छ । बजेट तर्जुमाका सात चरणको कार्यान्वयनमा देखिएका कमजोरी नहटेसम्म विनियोजन र कार्यसञ्चालन कुशलता र समग्र वित्तीय अनुशासन हासिल गर्ने सार्वजनिक वित्तीय व्यवस्थापनका प्रमुख लक्ष्य प्राप्त हुँदैन ।

१. **बजेटको पूर्वतयारी** : बजेटलाई स्थानीय तहको दिर्घकालीन सोच तथा रणनीति तथा स्थानीय आवश्यकता र प्राथमिकतामा आधारित बनाउन पूर्वतयारी चरणमा केही महत्त्वपूर्ण कार्य गर्नुपर्छ । आवधिक योजना, मध्यमकालीन खर्च संरचना र आयोजना बैंकमा समावेश आयोजना र कार्यक्रम कार्यान्वयनको लेखाजोखा, पछिल्लो आर्थिक वर्षमा बजेट कार्यान्वयनको अवस्था र उपलब्धिको समीक्षा, लैंगिक खण्डीकृत तथ्यांक तयारी, स्थानीय तहभित्र र बाहिर भएका परिस्थितिगत र नीतिगत परिवर्तनको विश्लेषण र वित्तीय प्रक्षेपणजस्ता महत्त्वपूर्ण कार्य यो चरणमा गरिनुपर्छ । सबै शाखा र विषयगत समितिले यो चरणमा गर्ने कार्यबाट स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा र मार्गदर्शन तयारीका लागि आधार प्राप्त गर्नुपर्ने हो । तर, अधिकांश स्थानीय तहले संघ र प्रदेश सरकारलाई पठाउनका लागि विनाकुनै आधार वित्तीय प्रक्षेपणको खाका तयार पार्नेबाहेक यो चरणलाई बेवास्ता गरेको पाइन्छ ।

२. **स्रोत अनुमान तथा बजेट सीमा निर्धारण** : यो चरणमा पूर्वतयारीका क्रममा तयार प्राप्त तथ्यांक, सूचना, सुझाव र राजस्व परामर्श समितिको प्रतिवेदनमा आधारित रहेर प्रमुख वा अध्यक्ष रहेको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आगामी आर्थिक वर्षको बजेटको रणनीतिक प्राथमिकतालगायत महत्त्वपूर्ण निर्णय लिनुपर्छ । आगामी आर्थिक वर्षमा विभिन्न स्रोतबाट हुने आम्दानी, खर्चको आवश्यकता र प्राथमिकताका आधारमा स्रोत अनुमान र बजेट सीमा निर्धारण गर्नुपर्छ । बजेट सीमा निर्धारण गर्दा क्रमागत आयोजना, समपूरक अनुदानका आयोजना र अनिवार्य दायित्वका लागि आवश्यक स्रोत छुट्याएर मात्र नयाँ कार्यक्रम तथा आयोजनाका लागि सीमा तोक्नुपर्छ । कतिपय स्थानीय तहले यो चरणलाई बजेटको कुल र वडागत सीमा निर्धारणमा मात्र सीमित गर्ने गरेका छन् । कतिपयले विषय क्षेत्रगत सीमा निर्धारण गरे पनि उपक्षेत्रगत र कार्यगत, आर्थिक र प्रशासनिक वर्गीकरणअनुसारको सीमा निर्धारण गर्दैनन् । बजेट सीमासँगै विनियोजनको आधार र मापदण्डसहितको बजेटको मार्गदर्शन तयार गर्ने स्थानीय तह अझै कम छन् । बजेटको रणनीतिक प्राथमिकता तयार गर्ने र बजेट तर्जुमाका बाँकी चरणलाई निर्देशित गर्नुपर्ने चरणमा पर्याप्त ध्यान नदिँदा बजेट तर्जुमाको अभ्यास तदर्थतामा आधारित बनिरहेको छ ।



३. **बस्तीस्तरमा कार्यक्रम तथा आयोजना छनोट** : दोस्रो चरणमा तयार हुने बजेटको सीमा र मार्गदर्शनका आधारमा यो चरणमा आयोजना तथा कार्यक्रम छनोटका लागि समुदायस्तरमा छलफल गर्नुपर्ने हुन्छ । यस्तो छलफलको उद्देश्य स्थानीय तहको बजेट तर्जुमालाई सहभागितामूलक र सामूहिक विवेकमा आधारित बनाउनु हो । टोल वा बस्ती तहका भेला धेरैजसो स्थानीय तहले गर्छन् । तर, टोल भेलालाई वडाले प्राप्त गरेको बजेट सीमाभित्र रहेर कार्यान्वयन गरिने स-साना आयोजना वा कार्यक्रम छनोटका लागि सुझाव संकलनको अभ्यासमा सीमित गरिएको छ । भेलामा पालिकास्तरमा तयार भइसकेको अनिवार्य दायित्व तथा बहुवर्षीय कार्यक्रका लागि गरिने विनियोजन र स्रोतको अवस्थाको जानकारी गराउने तथा पालिकाको बजेटमा समावेश गरिने आयोजना तथा कार्यक्रमका लागि सुझाव लिने अभ्यास अधिकांश स्थानीय तहमा छैन । बजेट तर्जुमाको यो चरणलाई समुदायले समेत वडाको बजेट तर्जुमा चरणका रूपमा बुझ्ने अवस्था बनेको छ । पालिकास्तरका तुलनात्मक रूपमा बढी लागतका आयोजना र कार्यक्रमसँग टोल भेलाको सम्बन्ध प्रायः छैन ।

> सार्वजनिक स्रोतको महत्त्वपूर्ण हिस्सा खर्च गर्ने स्थानीय तहको बजेट विनियोजन र कार्यसञ्चालन कुशलता तथा समग्र वित्तीय अनुशासनले मुलुकको विकास र सेवा प्रवाहको अवस्था सुधारमा उल्लेख्य भूमिका खेल्न सक्छ

४. **वडास्तरीय प्राथमिकीकरण** : वडा समितिमार्फत टोल तथा बस्तीस्तरबाट संकलन गरिएका आयोजना र कार्यक्रमलाई विषय क्षेत्र र वडा र पालिकास्तरीय कार्यक्रम र अयोजनामा वर्गीकरण गर्ने कार्य यो चरणमा गरिनुपर्छ । यो चरणलाई सकेसम्म सहभागितामूलक बनाउन वडास्तरीय सरोकारवालाको बैठक सञ्चालन गर्नु उपयुक्त हुन्छ । यो चरण सबैजसो पालिकाले पूरा गर्ने गरेका भए पनि वडाध्यक्षले वडा समितिको सहमति लिएर वडाको सीमाभित्रका कार्यक्रम वा आयोजनाको सूची बनाउने काममा मात्र यो चरण सीमित छ । अधिकांश पालिकाले वडालाई आफूले चाहेको क्षेत्रमा आयोजना तथा कार्यक्रम छनोटको सुविधा दिइएकाले वडाबाट हुने सिफारिस समावेशी र सन्तुलित हुन कठिन छ । वडामा पालिकास्तरको आयोजना र कार्यक्रमको सूची तयार गरी औपचारिक रूपमा कार्यपालिकामा पठाउने अभ्यास प्रायः छैन ।

५. **पालिकास्तरमा बजेट तर्जुमा** : यो चरणमा वडास्तरबाट आएका प्रस्तावित आयोजना तथा कार्यक्रमको सूचीसमेत राखेर शाखाहरूले आफूलाई प्राप्त सीमा र मार्गदर्शनअनुसार बजेट प्रस्ताव तयार गरी सम्बन्धित विषयगत समितिमा पठाउनुपर्छ । विषयगत समितिमा पठाइने बजेट अनुमानको कुल योग स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरेको बजेटको कुल सीमासँग मिल्नुपर्छ । अधिकांश स्थानीय तहमा बजेटको कुल सीमाको सम्पूर्ण हिस्सा शाखा र वडामा नपठाइने हुनाले आफ्नो क्षेत्रभित्र पर्ने सम्पूर्ण आयोजना तथा कार्यक्रमको प्रस्ताव शाखाहरूले तयार पार्न पाउँदैनन् । पालिका अध्यक्ष र प्रमुखले आफूले बजेटमा समेट्न चाहेका आयोजना वा कार्यक्रम वडा वा शाखामार्फत आउने सुनिश्चितता गर्नुको सट्टा सोझै कार्यपालिकामा पेस गर्छन् । शाखा र वडाका कार्यक्रम विषयगत समिति र कार्यक्रम तथा बजेट समितिमा नपठाई सोझै कार्यपालिका पठाउने र कार्यपालिकाले टुंग्याएपछि औपचारिकताका लागि समितिबाट निर्णय गराउने गलत अभ्यास कैयौँ स्थानीय तहमा छ ।

६. **कार्यपालिकाबाट बजेट स्वीकृति** : यो चरणमा उपप्रमुख वा उपाध्यक्ष्य नेतृत्वको कार्यक्रम तथा बजेट तर्जुमा समितिले तयार पारेको बजेट प्रस्तावमा छलफल र आवश्यक परिमार्जन गरी कार्यपालिकाले स्वीकृत गर्नुपर्छ । स्थानीय तहले असार १० गतेको समयसीमाभित्र बजेट पेस गर्न नसक्नुको मुख्य कारण त्यसअघि बजेट तर्जुमाका सबै प्रक्रिया पूरा गरी कार्यपालिकाबाट स्वीकृत गर्न नसक्नु नै हो । समयमै बजेट पेस गर्ने स्थानीय तहमध्ये पनि कतिपयले समयमा बजेट पेस गर्ने नाममा बजेटको वक्तव्य र बजेट विवरणको सामान्य झलक कार्यपालिकाबाट स्वीकृत गर्ने र बजेट तर्जुमाको बाँकी कार्य त्यसपछि पनि जारी राख्ने गरेका छन् । कार्यपालिकाले बजेट स्वीकृत गर्ने समयसम्ममा सूत्रमा आयोजना र कार्यक्रम प्रविष्टि भइसकेर एकीकृत तालिकाका आधारमा बजेट वक्तव्य बन्नुपर्नेमा कार्यपालिकामा आपसी सहमतिका आधारमा कुल र क्षेत्रगत बजेटको आकार प्रस्ताव र स्वीकृत गर्ने अभ्याससमेत कतिपय स्थानीय तहमा छ ।

७. **सभामा पेस र स्वीकृति** : यो चरणमा कार्यपालिकाले स्वीकृत गरेको बजेट वक्तव्य र बजेटका अनुसूची सभामा पेस गर्ने र सभामा छलफल गरी स्वीकृत गर्नुपर्ने हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ (३) मा १५ दिनभित्र कार्यतालिका बनाई बजेटमा छलफल सक्नुपर्ने व्यवस्था गरिएको छ । यद्यपि, बजेट असार मसान्तभित्र स्वीकृत गर्नुपर्ने दफा ७१ (६) को प्रावधानका कारण सभामा छलफलको तयारीका लागि बजेट पेस भएपछि थप एक साताको समय लिन सकिन्छ । यो समयमा बजेट पेस गर्दाका समयमा पूरा हुन नसकेका प्राविधिक कार्य पूरा गर्न सकिने भए पनि बजेटको विस्तृत विवरण सभालाई उपलब्ध नगराई बजेट पारित गराउने वा बजेट स्वीकृत भइसकेपछि बजेटमा आयोजना र कार्यक्रम थप्ने, काँटछाँट गर्नेलगायत कार्य भदौ महिनासम्म पनि भइराख्ने गरेको अनुभव कतिपय स्थानीय तहका कर्मचारीको छ । यसले खर्चको अस्थितयारी र कार्यान्वयन समयमै सुरु हुन नसक्ने अवस्था हुन्छ ।

त्यसैले, स्थानीय तहको बजेट तर्जुमा प्रक्रिया र अभ्यासको सुदृढीकरणलाई सार्वजनिक वित्तीय व्यवस्थापन सुधारको प्रस्थान विन्दुका रूपमा सम्बन्धित सबैले लिनुपर्ने देखिन्छ । कम्तीमा पनि बजेट तर्जुमाका सबै प्रक्रिया पूरा भएर सभाबाट बजेट स्वीकृत गर्ने र सूत्रमा प्रविष्टि गरी योजना पुस्तिका छाप्नेसम्मको कार्य चालू आर्थिक वर्षको अन्त्यसम्म पूरा भइसक्ने गरी आन्तरिक नियन्त्रण र बाह्य निगरानी आवश्यक छ ।

३ प्रश्न

उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष **माधव तिमल्सिना**लाई



अहिले हाम्रो बजारको अवस्था कस्तो छ ?

अहिले नेपालको बजार समग्रमा हेर्दा अव्यवस्थित र उपभोक्तामैत्री बन्न नसकेको अवस्था छ । बजारमा मूल्य एकरूपता छैन । एउटै वस्तु फरक-फरक स्थानमा फरक मूल्यमा बिक्री भइरहेको छ । बिचौलियाको प्रभाव उच्च छ । जसले गर्दा उत्पादक र उपभोक्ता दुवै मारमा परिरहेका छन् । सरकारी अनुगमन प्रभावकारी नभएकाले बजार अझै पनि व्यापारीकेन्द्रित र अनियन्त्रित देखिन्छ ।

हरेक सिजनमा आँपमा अत्यधिक विषादीको गुनासो आउँछ, सुधार किन हुन सकेन ?

यो समस्या बर्सेनि दोहोरिनुका कारण बहुआयामिक छन् । पहिलो, किसान तहमा सुरक्षित विषादी प्रयोगबारे पर्याप्त ज्ञान र तालिम छैन । दोस्रो, सरकारी निकायबाट हुने परीक्षण र अनुगमन नियमित, व्यापक र प्रभावकारी छैन । तेस्रो, आयातित फलफूलमा सीमामा कडाइ गरिएको छैन । चौथो, अनुगमनबाट कोही दोषी भेटिएमा पनि उसलाई कडा कारबाही नहुँदा दण्डहीनता बढेको छ । साथै, उपभोक्ता पनि पूर्ण रूपमा सचेत र सक्रिय नभएकाले समस्या जस्ताको त्यस्तै रहेको हो ।

बजारलाई मूल्य, खाद्य स्वच्छता र गुणस्तरका आधारमा उपभोक्तामैत्री बनाउन किन नसकिएको होला ?

मुख्य रूपमा नीतिगत अस्पष्टता, कमजोर कार्यान्वयन, संस्थागत समन्वयको अभाव र भ्रष्टाचारका कारण यस्तो भएको हो । अनुगमन गर्ने निकायसँग पर्याप्त स्रोत-साधन र दक्ष जनशक्ति उपलब्ध छैनन् । प्रविधिको प्रयोग न्यून छ । जसले गर्दा मूल्य, गुणस्तर र आपूर्ति प्रणाली पारदर्शी हुन सकेको छैन । उपभोक्ता पक्ष पनि अझै पूर्ण रूपमा संगठित र सक्रिय हुन सकेको छैन । बजार सुधारका लागि अब कडा अनुगमन, प्रविधिमा आधारित नियमन, दोषीमाथि कानुनतः कडा कारबाही र उपभोक्ता सचेतना अत्यावश्यक छ । उपभोक्ता आफैँ पनि सचेत, सक्रिय र अधिकारप्रति सजग नभएसम्म बजारमा सुधार सम्भव हुँदैन ।

प्रेरक प्रसंग

मानिस र बिच्छीको धर्म

उहिल्यै नेपालको पवित्र देवघाट क्षेत्रमा विभिन्न साधु, सन्त, महात्मा र तिनका शिष्य बसोवास गर्थे । उनीहरू हरेक बिहान नजिकै रहेको नदीमा स्नान गर्न एकसाथ जाने गर्थे र नदीमा डुबुल्की लगाएर बिहानी स्नान पूरा गर्थे ।

एक दिन एकजना महात्मा बिहानै नदीमा स्नान गरिरहेका थिए । स्नान गर्दै गर्दा अकस्मात् उनले नदीको पानीमा डुब्दै गरेको एउटा बिच्छी देखे । महात्माले सो बिच्छीलाई डुब्नबाट बचाउन आफ्नो अँजुलीमा राखेर त्यसलाई पानीबाट बाहिर ल्याउने प्रयास गरे । तर, बिच्छीले उनलाई डस्यो । बिच्छीको डसाइको पीडा सहेरै पनि उनले त्यसलाई बाहिर निकाल्न पटक-पटक प्रयास गरे, बिच्छीले उनलाई पटक-पटक नै डस्यो । तैपनि, महात्माले हार मानेनन् । उनले त्यसलाई पानीबाट बाहिर निकालेर सुरक्षित बगरमा पुऱ्याइछाडे । महात्माले बिच्छीलाई बचाउने प्रयास गरेको र बिच्छीले उनलाई पटक-पटक डसेको उनका शिष्य र अन्य साधु, सन्त तथा महात्माले देखिरहेका थिए । उनी नदीबाट बाहिर आउनासाथ सबैले एक स्वरमा सोधे- हे महात्मा, त्यो बिच्छीले तपाईंलाई पटक-पटक डस्दा पनि त्यसलाई बचाउनैपर्ने आवश्यकता के थियो ?



बिच्छीको डसाइको पीडा भुलेर महात्माले भने- बिच्छी एउटा निकै सानो जीव हो । अन्य प्राणीलाई डस्नु उसको धर्म हो । पानीमा डुबेर मर्ने-बाँच्ने टुंगो नभएको समयमा पनि उसले आफ्नो धर्म भुलेन भने म मानिस भएर अन्य प्राणीमाथि दया गर्नु आफ्नो धर्म कसरी भुल्न सक्छु ?

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

विधिअनुसार छानबिन गर

विगतमा राहदानी छपाइसम्बन्धी ठेक्कामा अनियमितता भएको आशंकामा नयाँ सरकारले अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुखलगायत पदाधिकारीमाथि ठाडो दबाब दिएर राहदानी विभागका महानिर्देशक तीर्थराज अर्याललगायतलाई पक्राउ गराएको समाचार पढियो । अनियमितता गर्ने पदाधिकारीमाथि छानबिन हुनुपर्छ र दोषी देखिएकामा कारबाही पनि हुनुपर्छ । तर, संवैधानिक निकायका पदाधिकारीलाई प्रधानमन्त्रीको सचिवालयले यसरी दबाब दिनु सर्वथा गलत छ । कसैमाथि कुनै कसुरमा छानबिन गर्नका लागि कानुनीराजमा प्रस्ट कानुनी विधि तयार गरिएको हुन्छ । र, छनबिन पनि त्यसैका आधारमा हुनुपर्छ । प्रधानमन्त्रीका सल्लाहकारको हुकुम-प्रमांगीमा काम हुन थाल्यो भने त्यो त राणाशासन भइहाल्यो नि । त्यसैले, यस्ता घटनामाथि छानबिन गर्दा विधि र प्रक्रियाको पालना गर्न नभुलौँ ।

● **विक्रम खपांगी**, सानोठिमी, भक्तपुर

इन्धनको मूल्य कहिले घट्छ ?

इरान युद्धलाई कारण देखाएर नेपाल आयल निगमले इन्धनको मूल्यमा भारी वृद्धि गरी उपभोक्ताको ढाड भाँचेको लामो समय भइसक्यो । तर, पछिल्लो समय इरान युद्ध रोकिएर अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा भारी गिरावट आए पनि निगमले भने नेपाली बजारमा मूल्य समायोजन गरेको छैन । यसरी मूल्य घटेर आउँदा पनि पुरानै मूल्यमा व्यापार गर्नु उपभोक्तामाथिको चरम शोषण हो । यसतर्फ राज्यको ध्यान जाओस् ।

● **पूर्णिमा गजमेर**, इमाडोल, ललितपुर

किसानलाई राहत देऊ

यतिखेर देशका कतिपय ग्रामीण क्षेत्रमा किसानको मकैबाली फौजी किरा, बाँदर, बँदेल, दुम्सीलगायत प्राणीबाट सखाप भएका समाचार आइरहेका छन् । किसानले दुःख गरेर लगाएको बालीलाई यसरी रोगव्याधी तथा जीवजन्तुले सखाप पारेपछि उनीहरूले आफ्नो जीविका कसरी चलाउने ? त्यसैले, राज्यले यसबाट भएको क्षतिबारे सूक्ष्म अध्ययन तथा अनुसन्धान गरी भएको क्षतिको यथार्थ विवरण तयार गर्नुपर्छ । साथै, यस्तो क्षतिका लागि किसानलाई उचित क्षतिपूर्ति पनि दिनुपर्छ ।

● **गौरव तामाङ**, बनेपा, काभ्रेपलान्चोक

कृषि अनुदानको दुरुपयोग रोक

कृषिप्रधान देश नेपालमा सरकारले कृषि क्षेत्रमा अनुदानको व्यवस्था पनि गरेको छ । तर, यस्तो अनुदान प्रायः वास्तविक किसानको हातसम्म पुग्न र त्यसले कृषि विकासमा सघाउन भने सकेको छ । यसको मुख्य कारण भनसुनमा आधारित अनुदान प्रणाली कायम रहनु, दलका नेता-कार्यकर्ताले अनुदानको रकमजति सबै नक्कली किसान बनेर आफैँ हडप्नु, किसानलाई सरकारी अनुदानबारे थाहै नहुनु, राज्यले प्रभावकारी अनुगमन नगर्नु जस्ता विभिन्न कारणले गर्दा राज्यले दिने अनुदान वास्तविक किसानको हातमा भन्दा मुठ्ठीभर बिचौलियाको कब्जामा पुगेको तितो यथार्थ सबैले जानेबुझेकै हो ।

अहिले नेपाल सरकारले पछिल्ला दश वर्षको कृषि अनुदानबारे अनुसन्धान गर्ने समाचार सुनियो । यसले थोरै नै भए पनि आशा जगाएको छ । तर, यो अनुसन्धान पनि नाम मात्रको नबनोस् । वास्तविक किसानसम्म पुगेर यसको वास्तविकता जाँचबुझ होस् । यसमा कुनै कैफियत भेटिएमा त्यसमा संलग्न माथिदेखि तलसम्मका सबैमाथि कडा कारबाही गरी कृषि अनुदानका नाममा लुटिएको राज्यकोषको सम्पूर्ण रकम फिर्ता गरियोस् । साथै, आगामी दिनमा राज्यले दिने कृषि अनुदानमा कुनै घोटाला नहोस्, बिचौलियाको हातमा अनुदान नपुगोस्, वास्तविक किसानले मात्र राज्यको अनुदान पाऊन् भन्नेमा राज्य संयन्त्र सचेत रहनुपर्छ । राज्यको अनुदान सही किसानको हातमा पुग्यो भने मात्र किसानहरू कृषि कर्मप्रति थप उत्प्रेरित हुन सक्छन् ।

● **भगवती मगर**, पुतलीबजार, स्याङ्जा

सही नेतृत्व, सुदृढ संगठन र साझा जिम्मेवारीको त्रिवेणी

रास्वपाको महाधिवेशनले व्यक्तिगत आकांक्षाभन्दा माथि उठेर सामूहिक नेतृत्व, संगठनात्मक अनुशासन र साझा जिम्मेवारीको संस्कार विकास गर्नुपर्छ



● उपेन्द्र केसी

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) स्थापना भएको चार वर्षभन्दा कम अवधिमै नेपालको सबैभन्दा ठुलो राजनीतिक शक्तिका रूपमा स्थापित भएको छ । रास्वपा केवल एक राजनीतिक संगठन मात्र नभई परिवर्तनको आशा र भरोसाको प्रतीक बनेको छ । यसर्थ, रास्वपाको महाधिवेशनलाई पार्टीभित्रका नेता-कार्यकर्ताले मात्र होइन, आमनागरिक, राजनीतिक विश्लेषक, विपक्षी दल तथा अन्तर्राष्ट्रिय समुदायले समेत चासोसाथ हेरिरहेका छन् ।

जब सभापति रवि लामिछानेले नयाँ राजनीतिक दल दर्ता गर्ने निर्णय गरे, त्यतिवेला धेरैले यसलाई एउटा क्षणिक राजनीतिक प्रयोगका रूपमा बुझेका थिए । स्वयं लामिछानेले पनि पार्टी दर्ताका क्रममा नागरिकता भएका साथीहरू जुटाउन कठिनाइ भएको अनुभव सुनाउने गरेका छन् । तर, देशमा व्याप्त भ्रष्टाचार, राजनीतिक विकृति, सुशासनको अभाव र पुराना दलप्रतिको जनताको वितृष्णाले नयाँ विकल्पको खोजी गरिरहेको थियो । रास्वपाले त्यही शून्यतालाई भर्ने प्रयास गऱ्यो र जनताले पनि त्यसलाई खुलेर स्वीकार गरे । परिणामस्वरूप, छोटो अवधिमै रास्वपा देशको सबैभन्दा ठुलो दल बन्न सफल भयो । यो उपलब्धि कुनै सामान्य घटना होइन । दशकौँदेखि राजनीति गरिरहेका दललाई पछि पार्दै नयाँ दलले जनताको विश्वास जित्नु आफैँमा ऐतिहासिक उपलब्धि हो । यही उपलब्धिको जगमा उभिएर अहिले रास्वपा आफ्नो पहिलो महाधिवेशनको संघारमा पुगेको छ ।

महाधिवेशनको अर्को विशेषता यसको व्यापक सहभागिता हो । यसमा केवल प्रतिनिधिहरूको औपचारिक जमघट मात्र हुनेछैन, वडा तहदेखि केन्द्रीय तहसम्मका नेता-कार्यकर्ता, शुभेच्छुक तथा गत निर्वाचनमा घण्टी चिह्नमा मतदान गर्ने लाखौँ नागरिकको भावनात्मक सहभागिता यसमा जोडिनेछ । यही कारणले यो महाधिवेशन रास्वपाको आन्तरिक कार्यक्रम मात्र नभई जनताको आकांक्षा र अपेक्षासँग प्रत्यक्ष जोडिएको राष्ट्रिय महत्त्वको राजनीतिक घटना बन्न पुगेको छ ।

यतिवेला रास्वपाको लोकप्रियता निरन्तर बढिरहेको छ । पार्टीप्रति आकर्षण यति तीव्र छ कि संगठनभित्र विभिन्न जिम्मेवारी र पदका लागि प्रतिस्पर्धासमेत देखिन थालेको छ । कुनै पनि राजनीतिक दल विस्तार हुँदै जाँदा यस्तो अवस्था स्वाभाविक मानिन्छ । सानो हुँदा संगठन निर्माणको चुनौती हुन्छ भने ठुलो भएपछि त्यसलाई व्यवस्थापन गर्ने चुनौती थपिन्छ । अहिले रास्वपा यही दोसाँधमा उभिएको छ ।

एकातिर जनताको अभूतपूर्व समर्थन छ भने अर्कातिर त्यसलाई दीर्घकालीन राजनीतिक शक्तिमा रूपान्तरण गर्ने जिम्मेवारी छ । जनताको आशा जति ठुलो हुन्छ, त्यसलाई पूरा गर्नुपर्ने दबाब पनि त्यति नै बढी हुन्छ । त्यसैले, यो महाधिवेशनले केवल नेतृत्व चयन गर्ने काम मात्र गरेर पुग्दैन, संगठनलाई कसरी व्यवस्थित बनाउने, कार्यकर्तालाई कसरी परिचालन गर्ने र जनअपेक्षालाई कसरी सम्बोधन गर्ने भन्ने महत्त्वपूर्ण प्रश्नको उत्तर पनि खोज्नुपर्नेछ ।

रास्वपाको आगामी सफलताको आधार सही नेतृत्व चयनमा निर्भर रहनेछ । नेतृत्व केवल लोकप्रियताले मात्र चल्दैन, त्यसका लागि दूरदृष्टि, संगठन सञ्चालन क्षमता, संकट व्यवस्थापनको कौशल र कार्यकर्तालाई एकताबद्ध राख्ने क्षमता आवश्यक पर्छ । अहिले पार्टीले प्राप्त गरेको जनमतलाई जोगाइराख्न र अझ विस्तार गर्न सक्षम नेतृत्वको आवश्यकता छ ।

सभापति रवि लामिछानेमाथि पनि विशेष जिम्मेवारी आएको छ । पार्टी स्थापनादेखि आजको अवस्थासम्म ल्याउन उनले महत्त्वपूर्ण भूमिका खेलेका छन् । तर, अब चुनौती पार्टी निर्माणभन्दा पनि व्यवस्थापनको छ । ठुलो संगठनभित्र विभिन्न विचार, आकांक्षा र महत्त्वाकांक्षा स्वाभाविक रूपमा जन्मिन्छन् । तिनलाई समन्वय गर्दै साझा लक्ष्यतर्फ अघि बढाउनु नै नेतृत्वको वास्तविक परीक्षा हो ।

राजनीतिक इतिहासले देखाएको छ कि धेरै नयाँ दल लोकप्रियताको शिखरमा पुगेर पनि आन्तरिक विवाद, गुटबन्दी र नेतृत्व संघर्षका कारण कमजोर बनेका छन् । रास्वपाका विपक्षीहरू पनि यस्तै सम्भावनाको प्रतीक्षामा छन् । पार्टीभित्र विग्रह, फुट वा असन्तुष्टि बढे त्यसको प्रत्यक्ष लाभ विपक्षीले उठाउनेछन् । त्यसैले, महाधिवेशनले व्यक्तिगत आकांक्षाभन्दा माथि उठेर सामूहिक नेतृत्व, संगठनात्मक अनुशासन र साझा जिम्मेवारीको संस्कार विकास गर्नुपर्ने आवश्यकता छ । चितवन महाधिवेशन केवल नेतृत्व चयनको प्रक्रिया मात्र होइन, पार्टीको परिपक्वताको परीक्षण पनि हो । रास्वपाले लोकतान्त्रिक विधि, पारदर्शिता र संगठनात्मक एकताको उदाहरण प्रस्तुत गर्न सक्यो भने यसले पार्टीप्रति जनविश्वास अझ बलियो बनाउनेछ । साथै, नयाँ राजनीतिक संस्कार स्थापित गर्ने अवसर पनि प्राप्त हुनेछ ।

महाधिवेशनले संगठनलाई वडा तहदेखि केन्द्रसम्म थप सुदृढ र व्यवस्थित बनाउने अपेक्षा गरिएको छ । राजनीतिक दलको बल केवल शीर्ष नेतृत्वमा सीमित हुँदैन, त्यसको वास्तविक शक्ति आधारभूत तहका कार्यकर्तामा निहित हुन्छ । त्यसैले, संगठन विस्तारसँगै कार्यकर्ताको क्षमता अभिवृद्धि, जिम्मेवारी बाँडफाँट र प्रभावकारी संरचना निर्माणमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । आज देशले सुशासन, पारदर्शिता, विकास र राजनीतिक स्थायित्वको खोजी गरिरहेको छ । जनताले रास्वपालाई दिएको समर्थन पनि यिनै अपेक्षासँग जोडिएको छ । त्यसैले, महाधिवेशनले पार्टीलाई केवल चुनाव जित्ने संगठनका रूपमा होइन, मुलुक निर्माणको दीर्घकालीन दृष्टिकोण बोकेको राजनीतिक शक्तिका रूपमा स्थापित गर्नुपर्नेछ ।

चितवनको यो ऐतिहासिक जमघटलाई सही नेतृत्व, कुशल संगठन र साझा जिम्मेवारीको त्रिवेणीका रूपमा रूपान्तरण गर्न सकियो भने रास्वपाको भविष्य अझ उज्ज्वल बन्नेछ । यसले पार्टीभित्र एकताको सन्देश दिने मात्र होइन, देशभर परिवर्तन सम्भव छ भन्ने आशालाई पनि थप मजबुत बनाउनेछ । यसकारण रास्वपाको प्रथम महाधिवेशनलाई एउटा नियमित संगठनात्मक कार्यक्रमका रूपमा मात्र हेर्न मिल्दैन । यो पार्टीको भावी दिशा तय गर्ने, जनविश्वासलाई संस्थागत गर्ने र नेपालको राजनीतिमा नयाँ अध्याय लेख्ने अवसर हो । महाधिवेशनबाट सही नेतृत्व, सुदृढ संगठन र साझा जिम्मेवारीको भावनासहित नयाँ ऊर्जा प्राप्त भएमा रास्वपाप्रति जनआकर्षण अझ बढ्नेछ ।

(केसी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) भक्तपुरका नेता हुन्)

युवा जोस र अनुभवीको होसलाई संरक्षण गरेर रास्वपा अगाडि बढ्छ

सबैलाई मिलाएर राष्ट्रनिर्माणको महान् अभियान सञ्चालन गर्न सक्ने पार्टी निर्माण हाम्रो अहिलेको प्रयत्न हो



अन्तर्वार्ता **कवीन्द्र बुर्लाकोटी**, महामन्त्री, रास्वपा

तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

पार्टी सभापति र प्रधानमन्त्रीबिच सल्लाह नै हुँदैन भन्ने हल्ला निराधार हो

महाधिवेशनबाट पार्टीलाई थप परिष्कृत गरेर आउँछौं

नेतृत्व छनोटका लागि संवाद, सहमति र आन्तरिक निर्वाचनको लोकतान्त्रिक विधि अवलम्बन गर्छौं

*७ असार ०७९ मा स्थापना भएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को पहिलो महाधिवेशन आजबाट चितवनको भरतपुरमा सुरु हुँदै छ। महाधिवेशनले पार्टीले अंगीकार गर्ने नीति तय गर्नुका साथै नयाँ नेतृत्व चयन गर्नेछ। स्थापना भएको ६ महिनामै भएको आमनिर्वाचनमा रास्वपा २० सिटसहित संसद्मा चौथो ठुलो दल बन्यो। गत २१ फागुनको निर्वाचनबाट त दुईतिहाइनजिकको जनमतसहित सरकारको नेतृत्व गरिरहेको छ। यही सेरोफेरोमा रास्वपाका महामन्त्री **कवीन्द्र बुर्लाकोटी**सँग पार्टीको ४८ महिने यात्रा, महाधिवेशन, सरकार-पार्टी सम्बन्ध, सदन र सरकारको भूमिका, पार्टीको आगामी दिशालगायत विषयमा नयाँ पत्रिकाका **खगेन्द्र पन्त** र **कमलराज भट्ट**ले गरेको संवाद :*

स्थापना भएको चार वर्षपछि राष्ट्रिय स्वतन्त्र पार्टी पहिलो महाधिवेशनको सम्मुख छ। महाधिवेशनले कस्तो राजनीतिक सन्देश दिन्छ र आमनागरिकका लागि के अर्थ राख्छ ? ठुलो दलको महाधिवेशनबाट देशले के पाउँछ ?

नागरिकले अपेक्षा गरेको पार्टीको राष्ट्रिय महाधिवेशन हुँदै गर्दा त्यसको नीति र नेतृत्वमा निखार लिएर आउने एउटा ठुलो अभ्यास हामी गर्दै छौं। साथै, प्राप्त जनमतलाई कदर गर्ने गरी नेतृत्व र पार्टीले अवलम्बन गर्ने नीति अंगीकार गरेर जानका लागि यो महाधिवेशन एउटा महत्त्वपूर्ण 'स्टेप' पनि हो। यसले पार्टीभित्र र देशकै लागि एउटा महत्त्वपूर्ण सन्देश दिन सक्छ कि हामीले जुन पार्टीलाई मत दिएर पठाएका छौं, त्यो पार्टीले आफ्नो आन्तरिक लोकतन्त्र बलियो बनाउँदै नीति र नेतृत्वमा निखार लिएर आउने प्रयास गर्दै छ। रास्वपा विभिन्न शक्ति मिलेर अगाडि बढेको छ। यस्तो वेला समय, मौसम, पार्टीभित्रको समायोजनलगायत सबै चुनौतीलाई व्यवस्थापन गरेर महाधिवेशन समयमै गर्ने गरी अगाडि जानु आफैंमा एउटा साहसिक कदम हो। यी सबै कुराले रास्वपा एउटा परिपक्व पार्टी बन्दै छ र हामीले दिएको मत खेर जाँदैन, यो परिपक्व पार्टीबाट हामीले अपेक्षा गरेका विषय अब पूरा हुन्छन् भन्ने भावनामा महाधिवेशनले थप विश्वास सिर्जना गर्छ भन्ने लाग्छ।

रास्वपाले सानो उमेरमै धेरै अनुभव बटुलेको छ। नेतृत्वले सिंहदरबारबाट सत्ता सञ्चालनको अनुभव लिने मात्रै होइन, मुद्दामामिला झेल्ने चुनौती पनि सामना गऱ्यो। यो चार वर्षको अवधिमा पार्टी र नेतृत्वले कस्ता अवसर पायो र कस्ता चुनौती झेल्नुपऱ्यो ?

यसबिचमा धेरै त चुनौतीकै पहाड थिए। एउटा त नयाँ दल, नयाँ संगठन, राम्रा नेतृत्व पनि खोजी गर्नुपर्ने र नेतृत्व निर्माण गर्नका लागि हामीसँग पर्याप्त समय पनि थिएन। सुरुमा पार्टी दर्ता गर्दा नै हामीले एउटा चुनौती भोग्यौं। राजनीतिमा नयाँ भएको कारणले पुराना दलबाट घेराबन्दीदेखि लिएर स्वस्फूर्त चुनावमा भाग लिन जाँदा प्रचारमा रोकावट गर्नेसम्मका अवरोध गरिए। चुनाव जितेर आइसकेपछाडि सदनमा पनि एकप्रकारको चुनौती खेप्यौं। हामीले राखेका राम्रा कुरा, भ्रष्टाचारका काण्डका छानबिन गर्नुपर्छ भनेका कुरामा सरकारले छानबिन गर्न तत्परता नै देखाएन। सदनमा हामीले उठाएका कुरा सुनुवाइ नगर्ने मात्रै होइन, बोल्न पनि नदिएर हामीलाई एकप्रकारले खेदिएको अवस्था थियो।

त्यसबिचमै हाम्रो सभापतिमाथि हुँदै नभएको लाञ्छना, झुटा मुद्दा लगाउने काम भयो। उहाँको संलग्नता खुल्ने तथ्य प्रमाण केही छैन। अब खाता नभएको ठाउँमा खाता सिर्जना गरेरसमेत उहाँलाई पैसा गयो भनेर आक्षेप लगाइयो। अर्कोले लिएर गएको पैसा पनि उहाँको नाममा देखाएर सभापतिज्यू र पार्टी संगठनमाथि आक्रमण गरियो। यी सबै चिजलाई हेर्दा असाध्यै चुनौतीपूर्ण अवस्था पार गरेर हामी यहाँ आयौं। हामीले यी सबै कुरा आमनागरिकलाई बताउन सकेका छौं भन्ने लाग्छ।

चार वर्षका दौरान हामीले उपनिर्वाचनसहित तीन-चारवटा चुनावमा सहभागी हुने अवसर पायौं। अनुभव पनि प्रशस्त बटुल्यौं। संगठनको दृष्टिकोणले हेर्ने हो भने यस दौरान हामीले करिब ६५० भन्दा बढी पालिकामा संगठन निर्माण गऱ्यौं। पाँच हजारभन्दा बढी वडासम्म पुग्यौं। चुनौतीपूर्ण अवस्था पार गरेर अवसरमा पनि पुगेका छौं। यसबिचमा हामीले गरेको प्रयासलाई आमनागरिकले सकारात्मक हिसाबले लिएर 'अब यिनीहरूबाट नै आशा गर्न सकिन्छ' भनेर मत दिनुभएको छ।

चैत १३ गते शपथ लिएर हामी सरकारमा आएपछिको करिब तीन महिनाको अवधिमा पनि थुप्रै चुनौती भोगिरहेका छौं। पुरानै संरचनामा नयाँ सोचको नेतृत्व आउँदाको चुनौती अहिले पनि हामीले भोगिरहेका छौं। नयाँ सोचले भन्छ, भटाभट काम गर। पुरानो संरचनाले भन्छ- सबै विधि प्रक्रिया पूरा गर। हामी विधि प्रक्रिया पूरा गर्न चाहन्छौं, तर पुरानो झन्झटिलो विधि प्रक्रिया होइन, त्यसलाई छरितो बनाउने दृष्टिकोणबाट काम गर्ने सन्दर्भमा अहिले चुनौती खेपिराखेका छौं। एकप्रकारको घेराबन्दी पनि छ। किनभने, कर्मचारीतन्त्रका कुरा छन्। परम्परागत व्यवस्थापनका पक्ष छन्। काम गर्ने शैलीका कुरा छन्। विधि प्रक्रियाका कुरा छन्। तर, पनि चुनौतीलाई अवसरमा बदल्ने गरी हिँडेका छौं। हाम्रा पनि केही सुधार्नुपर्ने कुरा होला। त्यो सुधारेर जानुपर्छ, जान्छौं।

अवसरको कुरा गर्दा हामीले पहिलो निर्वाचनमै २० सिट जित्यौं। उपनिर्वाचनमा एक सिट थपेर २१ सिटमा पुऱ्यायौं। सदनमा प्रभावकारी उपस्थिति र आवाजलाई बुलन्द गर्न सक्यौं। त्यसले एउटा महत्त्वपूर्ण चेतना जागृत गऱ्यो। रास्वपा आउँदा भ्रष्टाचार काण्ड थाहा पाइयो, यस्तो हुँदो रहेछ सदन भन्ने भयो। सदनमा माथिल्लो तहका नेता मात्रै बहस गर्छन् अथवा तिनका मात्रै कुरा हुन्छन्, एकले अर्काको छेडखानी गर्ने कुरा मात्रै हुन्छ भन्ने ढंगको भाष्यलाई हामीले जनताको मुद्दामा छलफल हुन्छ, जनसरोकारका कुरा आउँछन् भन्ने स्थापित गरायौं जस्तो लाग्छ। यहीकारण पनि जनताले हामीलाई पछिल्लो चुनावबाट झन्डै दुईतिहाइ मतसहित सरकारको नेतृत्वमा पुऱ्याउनुभएको छ। अब आमनागरिकको भावना, आशा र अपेक्षाअनुसारको परिणाम दिने अवसर हामीसँग छ। त्यो अवसर हामी पूर्ण सदुपयोग गर्छौं।

सानो र सीमित संख्याबाट जन्मेको रास्वपा चार वर्षमै दुईतिहाइको विशाल जनमतसहितको पार्टी बनेको छ। अहिले संगठन कस्तो छ, पार्टी सदस्य कति पुगेका छन् ?

सुरुमा २१ जना संस्थापक सदस्यबाट सुरु गऱ्यौं। समावेशी पनि होस्, योग्यता क्षमताको हिसाबले पनि अब्बल होस् भन्ने सोचेर, समय लगाएर हामीले त्यो टिम जुटाएका थियौं। त्यहाँबाट सुरु भएको पार्टीमा अहिले ७७ वटै जिल्लामा संगठन छ। करिब ६५० पालिका र पाँच हजारजति वडामा संगठन बनेको छ। त्यसमध्ये ४३ सय ६३ वडा ६०९ वटा पालिकामा अधिवेशन सम्पन्न गरेका छौं। ६४ वटा जिल्लामा अधिवेशन सम्पन्न भएको छ भने सातमध्ये ६ प्रदेश अधिवेशन भएको छ। त्यहाँ केही सुल्झाउनुपर्ने समस्या आएर महाधिवेशन पछाडि गर्ने तय गरेका छौं। अहिले हाम्रो ओटिपी भेरिफाइड मेम्बर तीन लाख ९२ हुनुहुन्छ भने एक लाख ३२ हजारजति मेम्बर चाहिं ओटिपी भेरिफाइड हुन बाँकी छ। प्रत्येक दिन दुई-चार सय सदस्य थपिरहनुभएको छ। संगठनात्मक दृष्टिकोणबाट यो महत्त्वपूर्ण उपलब्धि हो।

महाधिवेशन तयधारीका क्रममा केही प्रदेश र जिल्ला अधिवेशनमा विवाद र झगडा सार्वजनिक भए। जसका कारण मधेशमा त अधिकांश जिल्लामा अधिवेशन नै हुन सकेन। गुटबन्दी र शक्ति संघर्ष त पुराना दलजस्तै तीव्र देखियो होइन ?

पार्टी सानो छ भने त्यहाँ समस्या हुँदैन। निष्क्रिय छ भने त केही समस्या नै हुँदैन। पार्टी ठुलो पनि हुँदै छ, सक्रिय पनि हुँदै छ र त्यो निरन्तर एउटा फिल्डमा क्रियाशील छ भने त्यहाँ चुनौती पनि आउने हो। त्यसकारणले अहिले हामीले खेपेका चुनौतीलाई पनि सहर्ष स्वीकार गर्छौं। नेतृत्वको जिम्मेवारी त्यसलाई व्यवस्थापन गर्दै जाने हो। सबैलाई मिलाएर राष्ट्रनिर्माणको एउटा महाअभियान सञ्चालन गर्न सक्ने पार्टी निर्माण गर्नु हाम्रो अहिलेको प्रयत्न हो। त्यसैले यसलाई सकारात्मक चुनौतीको रूपमा लिन्छु र नेतृत्वको परीक्षण पनि यसैबाट हुन्छ। हामीले त्यो परीक्षण हरेक दिन गरिरहेका छौं।

महाधिवेशनको सम्मुखमा आएका ती विवाद होइनन्, झिनामसिना संगठनात्मक चुनौती हुन्। त्यसलाई सम्बोधन गरेर महाधिवेशनपछाडि हामी तालिकामा काम गर्छौं। हाम्रो १३ वटा जिल्लामा अधिवेशन हुन बाँकी छ। र, एउटा प्रदेशको बाँकी छ। त्यहाँबाट प्रतिनिधि लिएर आउने विधि पनि स्थापित गरिसकेका छौं। हाम्रो तदर्थ समितिबाट प्रतिनिधि आउने हुन्छ।

पार्टीले विधान संशोधनको प्रस्ताव पनि तयार गरेको छ, के-के परिमार्जन हुँदै छ ?

विधान संशोधनका लागि सहमहामन्त्री विपिन आचार्यको संयोजकत्वमा गठित उपसमितिले गृहकार्य गरेर तयार गरेको मस्यौदा सचिवालय बैठक हुँदै केन्द्रीय समिति बैठकमा पुगेको थियो। बैठकले विधानमा वरिष्ठ नेताको व्यवस्था गरेको छ। वरिष्ठ नेता सभापति पछाडिको मर्यादा हुने प्रस्ताव अगाडि बढाएका छौं। त्यस्तै, यस अगाडिको केन्द्रीय समिति पदेन सदस्यसहित १२९ सदस्यीय थियो। अब नयाँ केन्द्रीय समिति प्रदेशसहित १५८ सदस्यीय प्रस्ताव गरेका छौं। केन्द्रीय समिति विस्तार गर्न किन पनि आवश्यक छ भने अहिले पार्टी बृहत्तर बनेको छ, समायोजनबाट धेरै राजनीतिक दल, शक्ति, स्वतन्त्रलाई जोडेका छौं।

अर्को पालिकादेखि माथिका समितिमा केही पद थप्ने प्रस्ताव पनि भएको छ। पालिका, जिल्लामा र प्रदेशका समितिलाई विशेषगरी समावेशी बनाउन उपसभापति दुई-दुईजना गर्ने गरी प्रस्तावित गरिएको छ, जसमा एकजना महिला हुनेछन्। यीबाहेक केही सुधारका कुरा पनि विधानमा समेटिएको छ।

नेतृत्व चयन कसरी हुँदै छ ? सहमतिबाटै हुन्छ कि चुनावी प्रतिस्पर्धाबाट छानिन्छ ?

नेतृत्व छनोटलाई लोकतान्त्रिक विधिभित्रै लान्छौं। संवाद, सहमति र आन्तरिक निर्वाचनको लोकतान्त्रिक विधि अवलम्बन गर्छौं। सहमति भएन भने आन्तरिक चुनाव हुन सक्छ, त्यहाँबाट छनोट हुन्छ। अहिले मौजुदा विधानमा पदाधिकारीमा कोषाध्यक्ष र सहकोषाध्यक्ष तथा प्रवक्ता र सहप्रवक्ता मात्रै मनोनीत गर्ने व्यवस्था छ। अरू पदाधिकारी निर्वाचनबाट आउने व्यवस्था छ। नयाँ संशोधनमा त्यो विषयमा विभिन्न अप्सन राखिएका छन्।

किनभने चार-पाँचवटा दल रास्वपामा मिसिएको अवस्थामा यो समायोजन असाध्यै महत्त्वपूर्ण छ। सभापतिज्यूले 'भर्खरै तीन-चार महिनाअगाडि आउनुभएका साथीलाई मैले तीन-चार वर्षदेखि पार्टीमा काम गरिराख्नुभएका साथीसँग चुनावी प्रतिस्पर्धामा जानुस् भन्न सक्दिनँ। फेरि यो विधिमा नजानुस् भनेर पनि भन्न सक्दिनँ। त्यसकारण यसलाई केन्द्रीय समितिमै छलफल गरेर जे निचोड आउँछ, त्यसमा हामी जानुपर्छ' भन्ने प्रस्ताव सचिवालयमा राख्नुभएको हो। अलि धेरै साथीहरूको कुरा मध्यमार्गी बाटो के हुन सक्छ, त्यसलाई पार्टीले सम्बोधन गर्नुपर्छ भन्ने छ। महाधिवेशन सकिएपछि पनि समायोजनको काम बाँकी रह्यो भने त्यसपछिको केन्द्रीय समितिले छलफल गरेर सम्बोधन गर्ने गरी निकास निकाल्न कार्यतालिका बनाउँछ।

रास्वपाको विचार नै छैन भन्ने आरोप तपाईंहरूमाथि सुरुदेखि नै लाग्ने गरेको छ। ती आरोपलाई यो महाधिवेशनले कसरी खण्डन गर्छ ? पार्टीको वैचारिक दस्ताबेजले रास्वपाको सैद्धान्तिक-वैचारिक 'लाइन' कस्तो निर्धारण गर्छ ?

राष्ट्रिय स्वतन्त्र पार्टी जन्मिँदै एउटा विचार लिएर आएको थियो। त्यो विचारलाई लिपिबद्ध गर्दै १३ मंसिर ०८० मा भएको जलेश्वर बैठकबाट थप स्पष्ट पाऱ्यौं। हामीले पार्टीको निर्दिष्ट नीति प्रस्तावनाको रूपमा लिएर आयौं। पार्टीको वैचारिक दृष्टिकोणलाई लिपिबद्ध गर्दै १ र २ असोज ०८१ मा काठमाडौंमा भएको राष्ट्रिय भेलाबाट त्यसलाई व्याख्या गरेर प्रशिक्षणकै सामग्रीको रूपमा अगाडि लिएर आएका छौं। त्यसैले नीति विचारको दृष्टिकोणबाट पार्टी खार्रिँदै आएको छ। अहिलेको परिस्थितिजन्य शासकीय व्यवस्थामा कसरी जाने भन्ने स्पष्ट भएर आइसकेका छौं। सुशासन, समृद्धि, लोकतन्त्र, लोक कल्याणकारी राज्यनिर्माण हाम्रो दृष्टिकोण हो। हामीले अहिलेसम्म संवैधानिक समाजवादको कुरा गऱ्यौं। अब फराकिलो हिसाबले हामी बहुलवादी लोकतान्त्रिक चरित्रको पार्टी भनिरहेका छौं। यही चरित्रमा पार्टी अगाडि बढेको छ। महाधिवेशनबाट थप परिष्कृत गरेर आउँछौं।

दुईतिहाइको जनमतसहित रास्वपा सरकार पनि चलाइरहेको छ। महाधिवेशनपछि पार्टीको प्राथमिकता प्रभावकारी सरकार सञ्चालनमा हुन्छ कि संगठन थप विस्तारमा ?

महाधिवेशनपछि पार्टीको दुईटै कुरामा प्राथमिकता हुन्छ। किनभने नयाँ संगठन छ, यसको सबलीकरणका कुरा छन्। संगठन विस्तारका कुरा छन्। त्यसपछि आउने स्थानीय तह निर्वाचनमा पनि ध्यान दिनुपर्नेछ। यो सबैमा पार्टीको एउटा अंश केन्द्रित गर्छौं। यो पार्टीको रणनीति होइन, सबैले देख्ने कार्यनीतिमै पर्छ। अर्को, सरकार पनि राम्रोसँग सञ्चालन हुनुपऱ्यो। किनभने पार्टीले १८२ सिट जित्ने गरी जनमत प्राप्त गरेको छ। जनमतको कदर हुने गरी सुशासन, समृद्धिको कुरा सरकारमार्फत सम्बोधन गर्ने हो। पार्टीले यी दुईटै कुरालाई बराबर लक्ष्यको रूपमा राखेर काम गर्छ।

रास्वपा अहिलेसम्म सामूहिक नेतृत्वभन्दा व्यक्तिकेन्द्रित पार्टीका रूपमा चलेको छ भन्ने आरोप पनि लाग्ने गर्छ। महाधिवेशनले यस्ता अरोपलाई कसरी चिर्छ ?

सामान्यतया बिरुवा हुर्किँदै गर्दा एउटा उचाइसम्म जाँदा हाँगा पलाएको हुँदैन। अलि ठुलो भएपछि हाँगा पलाउँदै जान्छ। बाहिरबाट हेर्दा अहिले पार्टी सभापतिमै केन्द्रित छ जस्तो देखिन्छ। उहाँले नै चलाउनुभएको हो। किनकि नेतृत्वको कामै पार्टी सञ्चालन गर्ने हो। हामी त्यसमा पदाधिकारी छौं। पार्टीको सचिवालय छ, केन्द्रीय समिति छ। हामीले अहिलेसम्म छलफल नगरीकन कुनै निर्णय गरेका छैनौं। भनेपछि पार्टी एउटा लोकतान्त्रिक चरित्रबाट सामूहिक नेतृत्वबाट सञ्चालन भएको छ। बैठकहरूमा यथेष्ट छलफल भएर पार्टीले निर्णय लिने गरेको छ। अझै फराकिलो भएर जाने र सामूहिक नेतृत्वलाई कदर गर्ने हिसाबको पार्टी निर्माणमा हामी लागिराखेका छौं।

पार्टीभित्र आन्तरिक लोकतन्त्रको अवस्था कस्तो छ ? त्यसलाई कसरी संस्थागत गर्दै हुनुहुन्छ ? फरक मत र आलोचनालाई व्यवस्थापन गर्न पार्टीभित्र छुट्टै संरचना चाहिन्छ भन्ने लाग्छ कि लाग्दैन ?

आलोचना, फरक मतलाई हामीले दुई-तीन हिसाबले सम्बोधन गर्ने गरेका छौं। यसलाई एउटा सुधारको रूपमा लिन्छौं। अर्को आचारसंहिता उल्लंघनको रूपमा। त्यसमा अनुशासन आयोगले हेर्छ। राजनीतिक चरित्रका गुनासा सुधारका प्रस्ताव हुन सक्छन्। त्यसलाई सम्बोधन गर्न नेतृत्वले वेलाबखतमा छलफल गरेर सुनवाइ गर्ने गरेको छ। पछिल्लो समय मधेशमा अधिवेशन रोकिसकेपछि सभापतिज्यूले त्यस क्षेत्रका सांसदहरूसँग बसेर समस्या समाधानका लागि यसरी काम गर्नुपर्छ, महाधिवेशनपछि म आफैं आएर सुधारको पहल गर्छु, तपाईंहरू नआत्तिनु होला भन्नुभएको छ। यो नै समाधानको एउटा ठाउँ हो भन्ने लाग्छ।

> जनताले हामीलाई पछिल्लो चुनावबाट झन्डै दुईतिहाइ मतसहित सरकारको नेतृत्वमा पुऱ्याउनुभएको छ। अब आमनागरिकको भावना, आशा र अपेक्षाअनुसारको परिणाम दिने अवसर हामीसँग छ। त्यो अवसर हामी पूर्ण सदुपयोग गर्छौं।

> अहिलेसम्म हामीले संवैधानिक समाजवादको कुरा गऱ्यौं। अब फराकिलो हिसाबले हामी बहुलवादी लोकतान्त्रिक चरित्रको पार्टी भनिरहेका छौं। यही चरित्रमा पार्टी अगाडि बढेको छ। महाधिवेशनबाट थप परिष्कृत गरेर आउँछौं।



> सरकारमा आएपछिको करिब तीन महिनाको अवधिमा पनि थुप्रै चुनौती भोगिरहेका छौं। पुरानै संरचनामा नयाँ सोचको नेतृत्व आउँदाको चुनौती अहिले पनि हामीले भोगिरहेका छौं। नयाँ सोचले भन्छ- भटाभट काम गर। पुरानो संरचनाले भन्छ- सबै विधि प्रक्रिया पूरा गर। हामी विधि प्रक्रिया पूरा गर्न चाहन्छौं, तर पुरानो झन्झटिलो विधि प्रक्रिया होइन।

सँगसँगै पार्टीले एउटा गुनासो व्यवस्थापन विभाग पनि बनाएको छ। हुन त त्यसमा सरकारी संरचनाबाट भएका गुनासो बढी आउँछन्। तर, पार्टीभित्रका गुनासा पनि त्यहाँ आउने गरेका छन्। अहिले हाम्रो पार्टीको कार्यसम्पादन मूल्यांकन विधानको धारा ७० मा व्यवस्था गरिएको छ। कार्यसम्पादनमा अर्को सदस्यले कहींकतै कमजोरी गऱ्यो वा उसले कार्यसम्पादनको क्रममा दख्खल दियो भने त्यो विधानको धारा ७० अन्तर्गत कार्यसम्पादन मूल्यांकन गरेर पार्टीलाई शुद्धीकरण गर्न सक्ने पनि ढोकाहरू खुल्ला गरेका छौं। यो सबै प्रक्रियाबाट ती कुरा सम्बोधन हुन्छ भन्ने लाग्छ।

अहिले रास्वपा युवाकेन्द्रित जस्तो देखिन्छ। पार्टीभित्र नयाँ पुस्ता र अनुभवी नेता-कार्यकर्ताबिचको सन्तुलन कसरी मिलाउँदै हुनुहुन्छ ?

युवामा जोस हुन्छ, जुन स्वाभाविक हो। पार्टीमा युवा संख्या अलिकति धेरै भएका कारणले गर्दा जोसमा हामी कार्यसम्पादन गर्न चाहन्छौं। त्यो सँगसँगै फेरि अनुभवीहरूको होस पनि त सँगै चाहियो नि। त्यसैले युवाको जोस र अनुभवीको होसलाई संरक्षण गरेर पार्टी अगाडि बढ्छ, हाम्रो त्यही प्रयत्न हुन्छ । अनुभवी व्यक्तिबाट प्रशिक्षण अनि अनुशासनको अभिमुखीकरण गरिरहेका छौं। यसलाई मिलाएर जाने सन्दर्भमा अहिले त धेरै परिपक्व भइसक्यौं।

दार्चुलादेखि ताप्लेजुङसम्मका रास्वपा प्रतिनिधि चितवन पुगिसके। तर, आममान्छेलाई मात्र होइन, रास्वपाकै कार्यकर्तालाई पनि काठमाडौंमा रहेका प्रधानमन्त्री तथा वरिष्ठ नेता महाधिवेशनमा जानुहोला कि नहोला भन्ने चासो छ। उहाँको स्वभाव र शैलीका कारण वरिष्ठ नेता आफ्नै पार्टीको महाधिवेशनमा सहभागी हुने विषय पनि समाचारका हेडलाइन बन्ने अवस्था छ। उद्घाटन कार्यक्रमदेखि बन्दसत्रसम्ममा उहाँको उपस्थिति हुन्छ ?

वरिष्ठ नेता पार्टीको ऐतिहासिक प्रथम महाधिवेशनको उद्घाटन सत्रमा सहभागी हुनुहुन्छ र त्यस पंक्तिको बन्दसत्रमा पनि रहनुहुने कार्यक्रम छ।

पार्टीसँग दुईतिहाइनजिकको जनमत छ। सरकारको नेतृत्व वरिष्ठ नेताले गरिरहनुभएको छ। पार्टी सभापतिले हाँकिरहनुभएको छ। पार्टी र सरकारबिच समन्वयचाहिं कसरी भइरहेको छ ?

पहिलो कुरो त पार्टी र सरकारबिचको समन्वय राम्रो छ। किनभने, बाहिर पार्टी सभापति र प्रधानमन्त्रीबिच सल्लाह नै हुँदैन भनेर विभिन्न हल्ला र शंका आइरहेका छन्। त्यस्तो छैन, एकदमै राम्रो र सुमधुर समन्वय छ। पार्टीले महामन्त्री भूपदेव शाहको नेतृत्वमा पार्टी र सरकारबिच समन्वय गर्न एउटा संयन्त्र पनि बनाएको छ। अर्को पदीय हिसाबले मैले पनि सरकारका मन्त्रीहरूसँग समन्वय गर्ने, प्रधानमन्त्रीज्यूसँग सरसल्लाह, समन्वय गर्ने गरेको छु। सदन चलाउनु पार्टी र सरकार दुवैको दायित्व हो। त्यसकारण सदन पनि त्यही समन्वयका आधारमा चलिरहेको हुन्छ। सदनमा अवरोध हुँदा पार्टी सभापतिज्यूले पहल गरेर खुलाउन प्रयत्न गर्नुभयो। एउटा सर्वदलीय बैठक र दुई-तीनपटकसम्म औपचारिक संवादमै बसेर गर्नुभयो। अर्को सरकारलाई अप्ठ्यारो परेको विषयमा पार्टीमा छलफल हुन्छ र पार्टीमा भएको छलफल हामी सरकारलाई पठाउँछौं। यसरी पार्टी र सरकारबिचको समन्वय भइरहेको छ।

यसबिचमा प्रधानमन्त्री र मन्त्रीहरूबाट 'नेपालले पनि भारतको सीमा मिचेको छ' देखि 'निर्माण व्यवसायीका खुट्टा भाँचौं' भन्नेसम्मका अभिव्यक्ति आए। जसको सदनभित्र विपक्षी दलले मात्र होइन, सार्वजनिक रूपमा पनि आलोचना भयो। उहाँहरूका अभिव्यक्तिले पार्टी पनि विवादमा पार्दा सन्तुलन मिलाउन नेतृत्वलाई कत्तिको चुनौती भइरहेको छ ?

प्रधानमन्त्रीज्यूले बोल्नुभएको कुराका बारेमा परराष्ट्रमन्त्रीज्यूले सार्वजनिक रूपमै र सदनमा पनि स्पष्ट पारिसक्नुभएको छ। त्यस विषयमा अब प्रस्ट्याउनुपर्ने जस्तो मलाई लाग्दैन। भौतिक पूर्वाधारमन्त्रीज्यूले पनि 'निर्माणको काममा ढिलासुस्ती गर्नुभएन है, जनताले एकदमै दुःख पाए, यो क्षम्य छैन है। काम छिटो गर्नुस्' भन्ने आशयमा भन्नुभएको हो। त्यो इहाल्नु, समातिहाल्नु भन्ने होइन। यसलाई त्यही आशयमा बुझ्नुपर्छ। अर्को, पार्टी सरकारमा नभए पनि ठुलो छ भने त्यसको व्यवस्थापन चुनौतीपूर्ण हुन्छ। तर, यो चुनौतीलाई अवसरको रूपमा पनि लिनुपर्छ। अहिलेसम्मको दृष्टिकोणबाट हेर्ने हो भने नेतृत्व यो चुनौती सम्बोधन गरेर अगाडि बढेको छ।

पछिल्लोपटक अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीलाई प्रधानमन्त्री कार्यालयमा बोलाएर 'दुर्व्यवहार' गरियो। यो घटनालाई पार्टीले कसरी हेरेको छ ?

सरकारले या पार्टीले कसैलाई दबाब दिएर त्यस्तो काम गर्ने कुनै नियत छैन, गर्दैन। यो सम्बन्धित निकायकै क्षेत्राधिकारभित्र पर्छ। त्यो निकायमा त्यहीअनुसारको योग्य व्यक्ति हुनुहुन्छ। अहिलेको जुन प्रसंग उठाउनुभयो मलाई त्यो दबाबमा भएको हो भन्ने लाग्दैन। त्यो गर्नुपर्छ भन्ने आवश्यकता भइसकेपछि धेरै दिन लगाएर गर्नेभन्दा इन्स्ट्यान्ड गर्ने प्रक्रियामा 'यो त तुरुन्तै गर्नुपर्ने काम रहेछ, गरिहालौं' भन्ने हिसाबमा त्यहींबाट इनिसिएसन भयो भन्ने लाग्छ। कहिलेकाहीं त्यस्तो एउटा जानकारी इमिडिएट आउन सक्छ। त्यसकै आधारमा केही एक्सन भए भन्ने लाग्छ।

अर्थ पत्रिका

नयाँ पत्रिका
आइतबार ७ असार ०८३

औद्योगिक क्षेत्रका उद्योगीले बुझ्काए साढे ३२ करोड बक्यौता भाडा

८५ करोड बक्यौता तिर्न सरकारले सूचना जारी गरेपछि धमाधम भाडा तिर्दै उद्योगी, सर्वोच्चको आदेशविपरीत उद्योगमा बिजुली काटिएको उद्योगीको गुनासो



● **वासुदेव सोडारी**
सूचना अधिकारी, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

भाडा तिर्न अटेर गर्ने उद्योगमा व्यवस्थापनले विद्युत् लाइन काट्न थालेपछि उद्योगीले भुक्तानी थालेका छन् । बढेको भाडादरअनुसार करिब ८५ करोड भाडा बक्यौता रहेको थियो, उद्योगीले तिर्न अटेर गरेपछि हामीले बिजुलीको लाइन काट्यौं, अहिले बक्यौंता भुक्तानी गर्ने उद्योगको लाइन जोड्ने काम भइरहेको छ ।



● **वीरेन्द्रनाथ भट्टराई**
वरिष्ठ उपाध्यक्ष, औद्योगिक क्षेत्र उद्योग महासंघ

नियमित भाडा तिरिरहेकै छौं । सर्वोच्चको आदेश आएपछि उद्योगहरूले बक्यौतासमेत तिर्न थालिसकेका छन्, कतिपयलाई केही समय दिनुपर्ने पनि हुन सक्छ, तर व्यवस्थापनले सर्वोच्चको आदेशपछि पनि बिजुलीको लाइन जोडिदिएको छैन ।



कृष्ण रिजाल/नयाँ पत्रिका

औद्योगिक क्षेत्रका उद्योगीले साढे ३२ करोड रुपैयाँ भाडा बुझ्काएका छन् । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले २५ जेठमा सार्वजनिक सूचनामार्फत बक्यौता रहेको भाडा तिर्न सातदिने म्याद दिएको थियो । त्यसपछि उद्योगीले धमाधम भाडा तिरिरहेको व्यवस्थापनका सूचना अधिकारी वासुदेव सोडारीले जानकारी दिए ।

सरकारले सूचना जारी गर्नासाथ उद्योगीले भाडादरसम्बन्धी विवाद सर्वोच्चमा विचाराधीन रहेको तर्क गरेका थिए । तर, पुरानो दरको भाडा र अन्य महसुल भने भुक्तानी गर्दै आएका थिए । नयाँदरको भाडा तिर्न अटेर गर्ने उद्योगमा व्यवस्थापनले विद्युत् लाइन काट्न थालेपछि उद्योगीले भुक्तानी थालेको सूचना अधिकारी सोडारीले जानकारी दिए । 'बढेको भाडादरअनुसार करिब ८५ करोड भाडा बक्यौता रहेको थियो, उद्योगीले तिर्न अटेर गरेपछि हामीले बिजुलीको लाइन काट्यौं, अहिले बक्यौता भुक्तानी गर्ने उद्योगको लाइन जोड्ने काम भइरहेको छ,' उनले भने, 'यसबिचमा साढे ३२ करोड रुपैयाँ बक्यौता भाडा असुल भएको छ ।'

व्यवस्थान लिमिटेडले ०७५ मा औद्योगिक क्षेत्रभित्रको भाडा सात सय प्रतिशतसम्मले वृद्धि गरेको थियो । ठुलो दरले भाडादर वृद्धि गरेको भन्दै उद्योगीले विरोध गरेपछि उत्पन्न विवाद झन्डै पाँच वर्षसम्म कायम हुँदा बक्यौता चुलिएको छ । बढेको भाडा ०७६ देखि लागू गर्ने कि ०७९ देखि लागू गर्ने भन्ने विषयमा उद्योगी र व्यवस्थापनबिच विवाद भएको थियो । उक्त विवाद सर्वोच्च अदालतसम्म पुगेको थियो । सर्वोच्चले असार ०७९ सम्म पुरानै भाडादर कायम गर्न र त्यसपछि मात्रै नयाँ भाडादर लागू गर्नुपर्ने गरी फैसला दिएको थियो । फैसला पुनरवलोकनका लागि व्यवस्थापन र औद्योगिक क्षेत्र उद्योग महासंघले छुट्टाछुट्टै निवेदन दिएका थिए । तर, सर्वोच्चको गत बिहीबारको इजलासले पुरानै आदेशलाई निरन्तरता दिँदै पुनरवलोकनको निवेदनअनुसार फैसला पुनरवलोकन नहुने आदेश दिएको थियो । उक्त आदेशपछि वर्षौंदेखिको विवाद टुंगिएको छ ।

सर्वोच्चको फैसलापछि व्यवस्थापनले असार ०७९ सम्मको पुरानै भाडादर र त्यसपछि नयाँ भाडादर लागू हुने गरी बक्यौता असुली थालेको सूचना अधिकारी सोडारीले बताए । 'यसअघि उद्योगीहरूले ०७६ देखिकै नयाँ भाडादरअनुसार तिर्नुभएको रहेछ भने अब त्यो रकमलाई पनि हिसाब मिलान गरिनेछ,' उनले भने, 'उद्योगीले ०७९ देखि भने बढेको भाडादरअनुसार भुक्तानी गर्नुपर्छ ।' ०७९ बाट मात्र वृद्धि भएको भाडादर असुल्नुपर्दा करिब ४५ करोड उठाउनुपर्ने उनले बताए ।

८० उद्योगमा काटिएको विद्युत् लाइन अझै जोडिएन

व्यवस्थापनले गत बुधाबारदेखि भाडा बक्यौता नबुझाउने उद्योगमा विद्युत् लाइन काट्न सुरु गरेको छ । त्यसयता एक सय ८० वटा उद्योगमा लाइन काटिएको औद्योगिक क्षेत्र उद्योग महासंघको तथ्यांक छ । सर्वोच्चको बिहीबारको फैसलापछि पनि व्यवस्थापनले विद्युत् लाइन काटिरहेको र त्यसअघि काटेका उद्योगमा बिजुलीको लाइन नजोडिदिएको महासंघका वरिष्ठ उपाध्यक्ष वीरेन्द्रनाथ भट्टराईले बताए । करिब ८० वटा उद्योगमा अझै विद्युत् लाइन नजोडिएको उनले बताए ।

'हामीले नियमित भाडा तिरिरहेकै छौं, बढेको भाडा विवाद हुँदा नतिरिएको हो । सर्वोच्चको आदेश आएपछि उद्योगहरूले बक्यौतासमेत तिर्न थालिसकेका छन्, कतिपयलाई केही समय दिनुपर्ने पनि हुन सक्छ,' उनले भने, 'तर, व्यवस्थापनले सर्वोच्चको आदेशपछि पनि बिजुलीको लाइन जोडिदिएको छैन ।' व्यवस्थापन लिमिटेडका सूचना अधिकारी सोडारीले बक्यौता तिर्ने उद्योगमा विद्युत् लाइन पुनः जोडिदिएको बताए । तर, बक्यौता तिर्न नआएकाको हकमा भने लाइन पुनः जोड्न नमिल्ने उनले दाबी गरे । 'यो विवाद अब समाधान हुँदै छ, जसले बक्यौता तिर्नुभयो, उहाँहरूको विद्युत् आपूर्ति सुरु भइसकेको छ,' उनले भने ।

सुदूरपश्चिम प्रदेशले नयाँ गाडी किन्न छुट्यायो ३० करोड

मुख्यमन्त्री कार्यालयसहित सातवटै मन्त्रालय र प्रदेश सभाले समेत नयाँ गाडी किन्दै, भिभिआइपीलाई गाडी किन्न मात्रै तीन करोड विनियोजन



कमलबहादुर शाह, मुख्यमन्त्री

मुख्यमन्त्रीको कार्यालयलाई कुल तीनवटा गाडी खरिद गर्न ६ करोड ४८ लाख

- भिभिआइपीलाई गाडी खरिद गर्न तीन करोड
- विद्युतीय चारपांग्रे गाडी किन्न दुई करोड ४० लाख
- मुख्यमन्त्री र अन्य भिआइपीलाई स्कर्टिङ प्रयोजनका लागि गाडी खरिद ८५ लाख
- कर्मचारीलाई मोटरसाइल र स्कुटर खरिद गर्न २३ लाख ९४ हजार

■ सात मन्त्रालय र प्रदेश सभालाई गाडी खरिदका लागि विनियोजित बजेटको विवरण

कार्यालय	गाडी खरिद बजेट	मोटरसाइकल/स्कुटर खरिद बजेट
मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय	६ करोड ४८ लाख	२३ लाख ९४ हजार
आर्थिक मामिला मन्त्रालय	४ करोड ५० लाख	२० लाख ५२ हजार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	१ करोड ८७ लाख	३० लाख ५० हजार
आन्तरिक मामिला मन्त्रालय	१ करोड ९८ लाख	२६ लाख ६० हजार
भौतिक पूर्वाधार विकास मन्त्रालय	२ करोड २५ लाख	-
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	४५ लाख	-
सामाजिक विकास मन्त्रालय	४१ लाख ८० हजार	-
प्रदेश सभा	१ करोड	-

धनगढीमा **तेजराज भट्ट**

आगामी आर्थिक वर्ष ०८३/०८४ मा चारपांग्रे गाडी, मोटरसाइकल र स्कुटर खरिद गर्न सुदूरपश्चिमको बजेटमा कुल ३० करोड ४५ लाख रुपैयाँ छुट्याएको छ । १ असारमा सार्वजनिक बजेटमा प्रदेशका मन्त्रालय र मातहतका निकायका लागि चारपांग्रे सवारीसाधन खरिद गर्न २६ करोड ३५ लाख तथा मोटरसाइकल र स्कुटर खरिद गर्न चार करोड रुपैयाँ छुट्याइएको हो । मुख्यमन्त्री कार्यालयसहित सातवटै मन्त्रालयले आगामी वर्ष गाडी खरिद गर्न बजेट छुट्याएका छन् । त्यसबाहेक प्रदेशमातहतका विभिन्न निकायलाई अनुगमन प्रयोजनमा गाडी भाडामा लिने शीर्षकमा थप एक करोड १८ लाख रुपैयाँ छुट्याइएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कुल तीनवटा तीनवटा गाडी खरिद गर्ने गरी बजेट विनियोजन गरेको छ । मुख्यमन्त्री कार्यालयले भिभिआइपी चढ्ने गाडी खरिद गर्न तीन करोड, विद्युतीय चारपांग्रे गाडी खरिद गर्न दुई करोड ४० लाख र स्कर्टिङ प्रयोजनका लागि गाडी खरिद ८५ लाख बजेट छुट्याइएको छ । त्यस्तै, मोटरसाइल र स्कुटर खरिद गर्न २३ लाख ९४ हजार रुपैयाँ विनियोजन गरिएको छ ।

आर्थिक मामिला मन्त्रालयमा हलुका सवारीसाधन खरिद शीर्षकमा साढे चार करोड र मोटरसाइकल-स्कुटर खरिद शीर्षकमा २० लाख ५२ हजार बजेट राखिएको छ । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले मन्त्रीका लागि गाडी किन्न एक करोड रुपैयाँ विनियोजन गरेको छ । त्यस्तै, यो मन्त्रालयका लागि अन्य दुईवटा चारपांग्रे गाडी खरिद गर्न ८७ लाख तथा मोटरसाइकल-स्कुटर खरिद गर्न साढे ३० लाख बजेट राखिएको छ ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयले पेट्रोल-डिजेलबाट चल्ने गाडी खरिद गर्न एक करोड ६० लाख र विद्युतीय चारपांग्रे सवारी खरिद शीर्षकमा ३८ लाख रुपैयाँ छुट्याएको छ । मोटरसाइकल खरिदमा मात्र २६ लाख ६० हजार रुपैयाँ विनियोजन गरिएको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयलाई स्थलगत अनुगमनका लागि गाडी खरिद शीर्षकमा दुई करोड २५ लाख तथा प्रदेश सभाका लागि चारपांग्रे गाडी खरिद शीर्षकमा एक करोड विनियोजन गरिएको छ । चारपांग्रे गाडी खरिद गर्न उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले ४५ लाख र सामाजिक विकास मन्त्रालयले ४१ लाख ८० हजार बजेट छुट्याएका छन् । यसका अलावा प्रदेश युवा परिषद्, दुग्ध विकास बोर्ड, प्रदेश नीति आयोगजस्ता राजनीतिक नियुक्ति हुने निकायमा पनि नियुक्त पदाधिकारीका लागि गाडी खरिद गर्न बजेट छुट्याइएको छ ।

प्रदेश लोकसेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय, सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, मत्स्य विकास केन्द्र गेटा, भेटेरिनरी अस्पताल बाजुरा, यातायात पूर्वाधार विकास निर्देशनालय, यातायात व्यवस्था कार्यालय कैलाली, सिँचाइ डिभिजन कार्यालय बझाङ, शिक्षा विकास निर्देशनालय, सामाजिक विकास कार्यालय कञ्चनपुरलगायत निकायहरूमा पनि चारपांग्रे गाडी खरिद गर्न बजेट छुट्याइएको छ । बजेट टुक्रे योजना र खरिदमा बढी केन्द्रित रहेको प्रतिपक्षी सांसद ओमविक्रम भाटले बताए । 'गाडीघोडाभन्दा सरकारले ठुला पूर्वाधारका योजनालाई प्राथमिकता दिनुपर्ने हो,' उनले भने, 'कमिसन आउने भएकाले पनि मन्त्री र कर्मचारीको मिलेमतोमा सामान खरिदमा बढी बजेट छुट्याइएको छ ।'

मुख्यमन्त्री कार्यालयमा फर्निचर र फिक्चर्स खरिद गर्न ५७ लाख बजेट

मुख्यमन्त्री कार्यालयमा मात्रै फर्निचर तथा फिक्चर्स खरिद गर्न ५७ लाख बजेट छुट्याइएको छ । कार्यालयका लागि फर्निचर तथा फिक्चर्स शीर्षकमा २६ लाख ६० हजार तथा सभाहल र उच्चस्तरीय भेटघाट कक्षका लागि फर्निचर तथा फिक्चर्स शीर्षकमा ३० लाख ४० हजार बजेट छुट्याइएको छ । मुख्यमन्त्रीका लागि उच्चस्तरीय भेटघाट कक्ष बनाउन २२ लाख ८० हजार र मुख्यमन्त्री कार्यालयमा लिफ्ट जडान गर्न ३० लाख ४० हजार बजेट छुट्याइएको छ ।

आर्थिक मामिला मन्त्रालयले गाडी एवं झन्डा पूजाकार्य शीर्षकमा ६० हजार रुपैयाँ तथा फर्निचर तथा फिक्चर्स खरिदमा २२ लाख ८० हजार बजेट छुट्याएको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयले टेबलकुर्सी खरिदमा २१ लाख ६६ हजार बजेट छुट्याएको छ । प्रदेश खेलकुद परिषद्ले मोबाइल खरिद शीर्षकमा २३ हजार बजेट छुट्याएको छ ।

संक्षेप

दुई महिनायता निमित्तकै भरमा आन्तरिक राजस्व विभाग



काठमाडौं/ अर्थ मन्त्रालयले आन्तरिक राजस्व विभागमा पूर्णकालीन अधिकारसम्पन्न महानिर्देशक तोक्न ढिलाइ गरेको छ । मदन दाहाललाई सरुवा गरेपछि उनको ठाउँमा सहसचिव रमेश अर्याललाई निमित्त महानिर्देशकको जिम्मेवारी दिइएको थियो ।

गत १२ वैशाखमा अर्याललाई उक्त जिम्मेवारी दिइएको थियो । उनी यसअघि सोही विभागमा सहसचिव तथा अन्तःशुल्क तथा अनुसन्धान महाशाखा प्रमुखका रूपमा कार्यरत थिए ।

मदन दाहालविरुद्ध सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले विशेष अदालतमा अभियोगपत्र दायर गरिसकेपछि हाल दाहाल पनि निलम्बित छन् । तर, अर्थ मन्त्रालयले विभागमा महानिर्देशक पठाउन सकेको छैन ।

अर्थ मन्त्रालयका अधिकारीहरूका अनुसार निजामती सेवा विधेयकको प्रस्तावित प्रावधान हुबहु पारित भएमा ५२ जना सचिवसहित उपसचिव गरी ठुलो संख्यामा उच्च कर्मचारीले अवकाश पाउनेछन् । त्यसैले अर्थ मन्त्रालयले तत्काल सहसचिवहरूको जिम्मेवारी हेरफेर र पदस्थापनबारे तत्काल निर्णय नलिएको अधिकारीहरूको भनाइ छ । निमित्तका भरमा विभाग चल्दा कर प्रशासनका दीर्घकालीन नीति र योजनाहरू कार्यान्वयनमा असहजता उत्पन्न हुने जानकारहरू बताउँछन् ।

पेट्रोलियम डिलर्सको नयाँ अध्यक्षमा विश्व अर्याल



काठमाडौं/ पेट्रोल पम्प व्यवसायीको छाता संस्था पेट्रोलियम डिलर्स राष्ट्रिय एसोसिएसनको अध्यक्षमा विश्व अर्याल निर्वाचित भएका छन् । शनिबार साँझ सम्पन्न निर्वाचनमा उनले हेटौंडाका पम्प व्यवसवायी उत्सव इटेनीलाई पराजित गरी अध्यक्ष निर्वाचित भएका हुन् ।

अर्याललले दुई सय ४२ मत ल्याएर विजयी हुँदा इटेनीले एक सय १३ मत ल्याए । अध्यक्ष निर्वाचित अर्याल यसअघिको कार्यसमितिमा महासचिव थिए । उनीसँग लगातार तीन कार्यालय गरेर १२ वर्ष महासचिवका रूपमा काम गरेको अनुभव छ । अर्यालको धादिङमा एभरेस्ट फ्युल सेन्टर नामको पेट्रोलपम्प छ ।

त्यस्तै, काठमाडौं र नुवाकोटका केही पम्पमा उनको आंशिक स्वामित्व छ भने केही पम्पहरू भाडामा लिएरसमेत सञ्चालन गरिरहेका छन् । अर्यालका इन्धन ढुवानी गर्ने ट्यांकरसमेत छन् ।

उदयपुरमा पहिलोपटक स्थानीय तहबाटै भूमि र नापी सेवा सुरु

उदयपुर/ उदयपुरको चौदण्डीगढी नगरपालिकाले भूमि प्रशासन र नापीसम्बन्धी सेवा सञ्चालनमा ल्याएसँगै अब स्थानीयवासीले जग्गासम्बन्धी अधिकांश कामका लागि जिल्ला सदरमुकाम धाउनुपर्ने बाध्यताको अन्त्य भएको छ ।

भूमि प्रशासन कार्यालय उदयपुर र जिल्ला नापी कार्यालय उदयपुरबाट प्रदान हुँदै आएका सेवा शुक्रबारदेखि चौदण्डीगढी नगरपालिका-६, बेलटारस्थित भूमि व्यवस्थापन शाखामार्फत औपचारिक रूपमा सञ्चालनमा ल्याइएको हो । उक्त सेवाको नगर प्रमुख कालुमान लामाले उद्घाटन गर्दै संघीयताको व्यावहारिक कार्यान्वयन सुरु भएको बताए । उनले यसबाट नागरिकले छिटो, सहज र प्रभावकारी सेवा प्राप्त गर्ने विश्वास व्यक्त गर्दै आगामी दिनमा थप सरकारी सेवा पनि स्थानीयस्तरमै विस्तार गरिने जानकारी दिए । स्थानीय तहबाट सेवा प्रवाह सुरु भएसँगै सेवाग्राहीको समय र आर्थिक खर्च बचत हुनुका साथै बिचौलियाको प्रभाव घट्ने तथा सेवा थप छिटो, पारदर्शी र नागरिकमैत्री बन्ने अपेक्षा गरिएको छ ।

जिल्ला भूमि प्रशासन कार्यालय उदयपुरका प्रमुख डुबिन्द्रप्रसाद बरालले स्थानीय तहबाट सेवा प्रदान थालेपछि नागरिकलाई सजिलो हुने बताए ।

'यो सेवा बिस्तारै जिल्लाका आठवटै स्थानीय तहमा पुग्नेछ,' उनले भने । नगरपालिकाका अनुसार पहिलो चरणमा साबिक हडिया, चौदण्डी, बसाहा र सुन्दरपुरलगायतका बासिन्दालाई सेवा लिन सहज भएको छ ।



■ दमक-चिसोपानी ३३ किलोमिटर सडक

पुरानो ठेक्का तोडेको तीन वर्षपछि नयाँ आह्वान

चुनावी एजेन्डा मात्रै बनिरहेको झापाको दमकदेखि इलामको पश्चिम-दक्षिणी भेग माइसेबुङ जोड्ने सडक बहुवर्षे योजनाअन्तर्गत निर्माण गर्न टेन्डर खुलाइयो, आगामी आर्थिक वर्षबाट निर्माण सुरु हुने

झापामा **चिरञ्जीवी घिमिरे**

०५६ देखि चुनावी एजेन्डा मात्रै बनिरहेको झापाको दमकदेखि इलामको पश्चिम-दक्षिणी गाउँपालिका माइसेबुङस्थित चिसोपानी जोड्ने ३३ किलोमिटरमध्ये २६ किलोमिटर सडक निर्माण गर्न सरकारले शुक्रबार टेन्डर प्रकाशित गरेको छ ।

सडक डिभिजन कार्यालय, दमकका प्रमुख श्यामकुमार यादवले आगामी आर्थिक वर्ष ०८३/८४ बाटै निर्माण सुरु हुने गरी प्रक्रिया अघि बढाएको जानकारी दिए । 'यो सडक निर्माणका लागि बहुवर्षे ठेक्का आह्वान भएको हो,' उनले भने । उक्त सडक निर्माणका लागि सरकारले एक अर्ब ६४ करोडको स्रोत सहमति दिएको छ । आगामी आव ०८३/८४ मा १२ करोड बजेटसमेत विनियोजन भएको उनले जानकारी दिए । निर्माण थालनीको तीन दशकसम्म सडक निर्माण हुन नसक्दा यस क्षेत्रका नागरिकले हिउँदमा धुलाम्मे र बर्खामा हिलाम्मे सडकमा जोखिमपूर्ण यात्रा गर्नुपरेको छ ।

उक्त सडकखण्डको सम्झौताअनुसार प्रगति नभएपछि कार्यालयले ठेक्का तोकेको थियो, तर ठेकेदार अदालत पुगेका कारण नयाँ टेन्डर प्रकाशन गरेर निर्माणकार्य अघि बढाउन ढिलाइ भएको यादवले बताए । निर्माण व्यवसायी अदालतमा जाँदा ठेक्काको प्रक्रिया लामो समयसम्म अवरुद्ध भएको उनले बताए । जिल्ला अदालत झापाले मध्यस्थतामार्फत टुंगो लगाउन आदेश दिएपछि भने नयाँ प्रक्रिया थालिएको उनको भनाइ छ । 'अदालतले मध्यस्थता प्रक्रिया अघि बढाउन भनेपछि सडक विभागबाट ठेक्का लगाउन सहमति लिएर नयाँ ठेक्का आह्वान गरिएको हो,' उनले भने ।



अलपत्र दमक-चिसोपानी सडक । तस्बिर : नयाँ पत्रिका

तीन वर्षअघि तोडिएको थियो ठेक्का

दमक-चिसोपानी सडकको ३३ किलोमिटर ट्याक चौडा गर्ने र कालोपत्रे गर्ने गरी सडक डिभिजन कार्यालय, दमकले तीन खण्डमा ठेक्का लगाएको थियो । तर, निर्माण कम्पनीले काम गर्न नसकेपछि सडक विभागले दुई खण्डको ठेक्का १३ वैशाख ०८० मा तोडेको थियो । ठेक्का तोडिएको तीन वर्षपछि पुनः नयाँ ठेक्का आह्वान भएको हो । दमक-चिसापानी सडकको दोस्रो र तेस्रो खण्ड गरी २६ किलोमिटर सडक निर्माणको जिम्मा लुम्बिनी-गणपति जेभीले पाएको थियो । दुवै खण्ड एकैपटक ठेक्का लागेको हो । दोस्रो र तेस्रो खण्ड सडक कालोपत्रेको २ फागुन ०७६ मा ठेक्का लागेको थियो । दोस्रो ठेक्का ५४ करोड ४४ लाख ८७ हजार र तेस्रो ठेक्का ५९ करोड १५ लाख ३५ हजारमा लागेको थियो । यो दुई खण्डको म्याद २ फागुन ०७९ मै सकिए पनि ०८० पुससम्म समय थपियो । तर, त्यो अवधिमा दोस्रो खण्डको काम ६२ प्रतिशत र तेस्रो खण्डको काम ३० प्रतिशत मात्र सकिएका कारण ठेक्का तोडिएको थियो ।

पहिलो खण्डमा ८० प्रतिशत काम

दमक-चिसोपानी सडकको पहिलो खण्डको सात किलोमिटरको काम पनि ८० प्रतिशत मात्र भएको सडक डिभिजन दमकका प्रमुख यादवले बताए । पहिलो खण्डअन्तर्गत दमकको प्वाइन्टदेखि सात किलोमिटर सडक निर्माणका ३० महिनाभित्र सक्ने गरी २९ साउन ०७५ मा २२ करोड ५९ लाख ६४ हजारमा ठेक्का लागेको थियो । कालोपत्रेसहितको ठेक्का महालक्ष्मी-किराँतेश्वर जेभीले लिएको थियो । निर्माण कम्पनीले यो खण्डमा अहिले जरिवाना तिरेर काम गरिरहेको छ । यो खण्डको काम असारभित्रै सक्ने समयसीमा दिइएको छ ।

बाटोको विकटताले पर्यटकीय गन्तव्य जेफाले ओझेलमा

मोरङको खोर्सानेबाट उत्तर पहाडीमार्ग हुँदै जेफालेसम्म पुग्ने सडक ०५८ देखि निर्माण हुन थाले पनि अझै ट्र्याकमै सीमित हुँदा सूर्योदय चम्किने पर्यटकीय गन्तव्य ओझेलमा

विराटनगरमा **गणेश लम्साल**

प्राकृतिक सौन्दर्य बोकेको मोरङको केराबारी गाउँपालिका- २ मा रहेको जेफाले पूर्वकै प्रमुख पर्यटकीय गन्तव्य बन्न थालेको छ। तर, आफ्नै जिल्लाबाट आउने-जाने सडक सहज नहुँदा सूर्योदय चम्किने जेफाले पर्यटन विकासमा उपेक्षितजस्तै छ। पूर्व-पश्चिम एसियन हाइवेमा पर्ने खोर्सानेचोकदेखि ३२ किलोमिटर उत्तरमा पर्ने पर्यटकीय गन्तव्य हो, जेफाले। खोर्सानेबाट उत्तर पहाडीमार्ग हुँदै जेफालेसम्म ०५८ देखि निर्माण हुन थालेको सडक अझै ट्र्याकमै सीमित हुँदा सूर्योदय चम्कने पर्यटकीय गन्तव्य अँध्यारो भोगिरहन बाध्य भएको हो।

गाउँपालिकाको मुकाम केराबारी बजारबाट भोगटेनीसम्म १२ किमि सडक स्तरोन्नति भए पनि अझै जेफालेसम्मको सडक स्तरोन्ननति नहुँदा ट्र्याकमा सीमित छ। जसका कारण जेफाले पुग्न पर्यटक धनकुटाको भेडेटार भएर जानुपर्ने बाध्यता छ। पहिले विकट पहाडी गाउँ भनेर ओझेलमा रहेको जेफाले ०७० देखि भ्यु टावर निर्माण भएर होमस्टे सञ्चालन हुन थालेपछि पर्यटकीय गन्तव्यका रूपमा चर्चामा आएको हो। साथै, जेफाले उचित गन्तव्य भएको भन्दै पर्यटक लामो यात्रा गरेर पनि धनकुटाको भेडेटार, डाँडाबजार, राजाराजी हुँदै समेवा भएर जेफाले पुग्ने गरेका छन्।

जेफाले पर्यटन विकास समितिका सचिव भीम ठकुरीका अनुसार भ्यु टावर बनेपछि सूर्योदय र सूर्यास्त अवलोकन गर्न आउने आन्तरिक पर्यटकको संख्या बढ्दै गएको छ। तर, आफ्नै जिल्लातर्फको बाटो वर्षौंदेखि कष्टकर नै रहिरहँदा आउनुपर्ने पर्यटक सहजै आउन नपाइरहेको उनले बताए। उनका अनुसार मोरङकै एक मात्र चर्चित चियाबगानसमेत रहेको जेफाले डाँडामा छिनछिनमै कुहिरो लाग्ने, घाम लाग्ने र फेरि पानी पर्ने गर्छ। वर्षभरि चिसो हुने र कोशी प्रदेशका प्रायः सबै जिल्ला देख्न र सूर्योदयसमेत हेर्न पाइने भएकाले जेफाले पर्यटकको रोजाइमा पर्न थालेको ठकुरीले बताए। 'केराबारीदेखि सहज मोटरबाटो नहुँदा अझै जेफाले पर्यटन विकासमा ओझेलमा परिरहेको छ,' सचिव ठकुरी भन्छन्, 'सडक चाँडो स्तरोन्नति भएमा जेफाले देशकै उत्कृष्ट प्राकृतिक पर्यटनको गन्तव्य बन्ने पक्का छ।'





पहिले विकट पहाडी गाउँ भनेर ओझेलमा रहेको जेफाले ०७० मा भ्यु टावर निर्माण भएर होमस्टे सञ्चालन हुन थालेपछि पर्यटकीय गन्तव्यका रूपमा चर्चामा आएको हो

०५८ देखि ट्र्याक खुल्न थालेको सडक अझै अलपत्र

मोरङको उत्तरी क्षेत्रमा ०५८ मा स्थानीयवासी र जिल्ला विकास समितिको पहलमा कृषि उत्पादनका लागि मोटरबाटोको ट्र्याक खोल्न थालिएको थियो। सुस्त निर्माणकार्य र जहिल्यै बजेटै अभावले अझै पनि काम सकिएको छैन। दातृ निकाय डिएफआईडीको सहयोगमा सञ्चालित ग्रामीण सडक निर्माण कार्यक्रम (आरटिआई) अन्तर्गत खोर्सानेदेखि केराबारी हुँदै जेफालेदेखि धनकुटा जोड्ने ३२ किमि सडक पाँच वर्षभित्र निर्माण गर्ने गरी कान्छाराम कन्स्ट्रक्सनले ठेक्का पाएको थियो। तर, उसले अलपत्र बनाइरहेपछि सरकारले ठेक्का तोड्यो। तर, अझै नयाँ ठेक्का भने लागेको छैन। यसका लागि मोरङको १ (२) निर्वाचन क्षेत्रमा पर्ने जेफालेको विकासमा संघ र प्रदेशका सांसदले पहल गरे पनि त्यो काम सफल हुन सकेको छैन। पूर्वप्रदेश सांसद उपेन्द्र घिमिरे भन्छन् 'पहिले केन्द्रीय सरकारमार्फत ठेक्का लागेको प्रदेशले बजेट हाल्न पाएन। तर, अहिले संघीय सरकारले बेवास्ता गर्दा सडक स्तरोन्नति अलपत्र भयो।'

धनकुटावासीका लागि पनि महत्त्वपूर्ण सडक

धनकुटाको समेवासम्म जोडिएको केराबारी-जेफाले सडक करिडोरका रूपमा समेत चिनिन्छ। केराबारीदेखि भोगटेनीको रामपुर, आरुबोटे हुँदै सिंहदेवीको जेफालेदेखि धनकुटाको समेवासम्म सडक जोडिने भएकाले धनकुटा र मोरङ दुवैका लागि कृषि उत्पादन ओसारपसारमा सडक महत्त्वपूर्ण मानिन्छ।

वर्षौंदेखि पहाडी क्षेत्रका मानिसले तराई-पहाड आवतजावत गर्न यही बाटो प्रयोग गर्दै आएका छन्। उत्तरी मोरङको तराई र पहाड जोडने मुख्य मार्ग भएकाले पनि यो सडक चाँडो स्तरोन्नति भएमा आर्थिक विकासमा सहयोगी हुने सिंहदेवीका कृषक बताउँछन्। मोरङको खोर्सानि र लेटाडदेखि धनकुटाको समेवासम्म जोडिएको यो सडक पूर्ण स्तरोन्नति भएमा धनकुटाको भेडेटार, ६ नम्बर बुधबारे, पाँचथरको रविसम्म आवतजावत गर्न र कृषि सामग्री ओसारपसार गर्न पनि सजिलो हुनेछ। बाटो नहुँदा शिक्षा, स्वास्थ्य र सुरक्षामा पनि स्थानीयले समस्या भोग्दै आएका छन्।

प्राकृतिक वतावरणमा आनन्द लिन पुग्छन् पर्यटक

समुद्री सतहबाट करिब एक हजार नौ सय ७० मिटर उचाइमा रहेको जेफाले डाँडाबाट सूर्योदय र सूर्यास्तको दृश्य विशेष आकर्षक मानिन्छ। जेफाले डाँडामा निर्माण गरिएको भ्यु टावरबाट साबिक कोशीका १४ वटै जिल्लाको दृश्यावलोकन गर्न सकिन्छ। मौसम खुलेका बेला सगरमाथा, कञ्चनजंघा र मकालु हिमालका सेता शृंखला स्पष्ट देखिन्छन्।

बाह्रै महिना चिसो हावापानी र मनोरम दृश्य देखिने जेफाले डाँडामा चढेर सूर्योदय हेर्न र प्रदेशका विभिन्न जिल्ला अवलोकन गर्न सकिन्छ। सडकको समस्या समाधान भएमा यहाँ पर्यटक पुग्ने मात्र होइन, ओइरिने विश्वास स्थानीयको छ। स्थानीय चिया उद्यमी खुजुमविना राई भन्छिन्, 'आफ्नै जिल्लाको सडक मात्र बनिदिने हो भने जेफालेमा पर्यटक आउने मात्र होइन, ओइरिने थिए।'

११ महिनामा सात लाख पर्यटक मुस्ताङ पुगे, सबैभन्दा बढी भारतीय



शान्ता कमली/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८२/८३ को ११ महिनामा सात लाखभन्दा बढी स्वदेशी तथा विदेशी पर्यटक मुस्ताङ पुगेका छन्। बेनी-जोमसोम सडकमार्फत मुस्ताङ प्रवेश गर्ने पर्यटकको संख्या गत आर्थिक वर्षको कुल आगमनको हाराहारीमा पुगेको छ।

मुस्ताङको घाँसास्थित सीमा प्रहरी चौकीका अनुसार गत साउनदेखि जेठ मसान्तसम्म कुल सात लाख पाँच हजार सात सय ५४ पर्यटक मुस्ताङ भित्रिएका छन्। यो संख्या गत आर्थिक वर्षको हाराहारी हो। गत आवमा सात लाख पाँच हजार सात सय ७९ पर्यटकले मुस्ताङ भ्रमण गरेका थिए।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सन्तोष बस्यालका अनुसार यस अवधिमा एक लाख ५१ हजार एक सय ६० सवारीसाधनमार्फत चार लाख ६० हजार नौ सय २४ स्वदेशी तथा दुई लाख ४४ हजार आठ सय ३० विदेशी पर्यटक मुस्ताङ पुगेका छन्। सबैभन्दा बढी पर्यटक जेठ महिनामा भित्रिएका छन्। उक्त महिनामा मात्रै २७ हजार चार सय ८८ सवारीसाधनमार्फत एक लाख ३१ हजारभन्दा बढी पर्यटक मुस्ताङ पुगेका थिए। मुस्ताङ पुग्ने विदेशी पर्यटकमध्ये करिब ८० प्रतिशत भारतीय पर्यटक रहेको प्रहरी निरीक्षक बस्यालले जानकारी दिए।

भारत सरकारले विदेशी मुद्रा बचतसम्बन्धी नयाँ नीति अवलम्बन गरेसँगै भारतीय पर्यटकको चाप पोखरा, मुस्ताङलगायतका प्रमुख पर्यटन गन्तव्यमा बढेको देखिएको छ। साथै, नेपालमा दुईदिने सरकारी बिदाले पनि आन्तरिक पर्यटकको रोजाइमा समेत मुस्ताङ पर्न थालेको हो। पर्यटकको बढ्दो आगमनले बेनी-जोमसोम सडकखण्डअन्तर्गत बेनी, गलेश्वर, तातोपानी र दाना क्षेत्रका होटेल तथा पर्यटन व्यवसायमा उल्लेखनीय चहलपहल बढाएको छ। विशेषगरी वैशाख र जेठ महिनामा मौसम अनुकूल हुने भएकाले मुस्ताङ भ्रमण गर्नेको संख्या उच्च रहने गरेको व्यवसायीहरू बताउँछन्। धार्मिक तथा प्राकृतिक आकर्षणका कारण मुस्ताङ पर्यटकको प्रमुख गन्तव्यका रूपमा स्थापित हुँदै गएको छ। धार्मिक तथा प्राकृतिक आकर्षणका कारण मुस्ताङ पर्यटकको प्रमुख गन्तव्य बन्दै गएको छ।

गिग अर्थतन्त्र र राइड-हेलिङमार्फत रोजगारी सिर्जना र आर्थिक विकासमा योगदान

काठमाडौं/ नेपाल इकोनोमिक फोरम (नेफ)ले 'गिग अर्थतन्त्र र राइड-हेलिङ : रोजगारी सिर्जनातर्फ' विषयक नेफटक कार्यक्रम गरेको छ। कार्यक्रममा नीति-निर्माता, व्यवसायी, अर्थविद् तथा विकास क्षेत्रका प्रतिनिधिले गिग अर्थतन्त्र र राइड-हेलिङ क्षेत्रको वर्तमान अवस्था र भविष्यबारे छलफल गरेका हुन्। छलफलमा राइड-हेलिङ सेवाले सहरी यातायातलाई सहज बनाउनुका साथै पर्यटन, साना तथा मझौला व्यवसाय र रोजगारी सिर्जनामा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको विषयमा जोड दिइएको थियो। सहभागीहरूले गिग अर्थतन्त्र नेपालका युवाहरूका लागि आम्दानीको अवसर सिर्जना गर्ने प्रभावकारी माध्यम बन्दै गएको बताए।

राष्ट्रिय योजना आयोगका सदस्य पुकार मल्लले गिग अर्थतन्त्रलाई व्यवस्थित र दिगो बनाउन स्पष्ट नीतिगत व्यवस्था आवश्यक रहेको बताए। उनले नवप्रवर्तन र नियमनबिच सन्तुलन कायम गर्दै श्रमिक संरक्षण, सामाजिक सुरक्षा र प्रमाणमा आधारित नीति-निर्माणमा जोड दिए। नेफका कार्यकारी बोर्ड सदस्य राजेश श्रेष्ठले राइड-हेलिङ सेवाले पर्यटन, साना व्यवसायको विकास र रोजगारी सिर्जनामा महत्त्वपूर्ण भूमिका खेलेको बताए। उनले यो क्षेत्र केवल यातायातसँग मात्र नभई आर्थिक विकाससँग पनि जोडिएको उल्लेख गरे।

नेफका अध्यक्ष सुजीव शाक्यले नेपालमा गिग अर्थतन्त्रको विकासका लागि निजी क्षेत्र, सरकार तथा अन्य सरोकारवालासँग सहकार्य गर्दै अनुसन्धान र संवादलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे। यस्तै, ई-ड्राइभ नेपालका अध्यक्ष राजेश मास्केले राइड-हेलिङ क्षेत्रको तीव्र विस्तारलाई व्यवस्थित गर्न स्पष्ट कानुनी व्यवस्था र स्वस्थ प्रतिस्पर्धा आवश्यक रहेको बताए। कार्यक्रममा विश्व बैंक समूहकी वरिष्ठ सामाजिक संरक्षण विशेषज्ञ जस्मिन राजभण्डारी तथा कानुन व्यवसायी समन्त दाहाल सहभागी थिए। उनीहरूले डिजिटल व्यवसाय, गिग श्रमिकको सामाजिक सुरक्षा, महिला सहभागिता तथा स्पष्ट कानुनी संरचनाको आवश्यकताबारे धारणा राखेका थिए।

कर्पोरेट

एनसेल-ट्रिप टर्बो सहकार्य : बस, आन्तरिक हवाई टिकटदेखि साहसिक गतिविधिमा छुट



काठमाडौं/ एनसेल ग्राहकले अब एनसेल एपमार्फत बस, हवाई टिकट बुकिङ वा साहसिक गतिविधिमा आकर्षक छुट प्राप्त गर्न सक्ने भएका छन्। यसका लागि एनसेलले ट्राभल प्लाटफर्म ट्रिप टर्बोसँग साझेदारी गरेको छ। यसअन्तर्गत ९९ रुपैयाँ वा सोभन्दा बढी मूल्यको प्याक खरिद गर्ने एनसेल ग्राहकले बस टिकट बुकिङ, आन्तरिक हवाई यात्रा र साहसिक गतिविधिलगायतका कार्यमा आकर्षक छुट प्राप्त गर्न सक्ने बताइएको छ।

यो छुट सुविधा एनसेल ग्राहकले ट्रिप टर्बोमार्फत यात्राका लागि टिकट लिँदा वा विभिन्न मनोरञ्जनात्मक तथा साहसिक गतिविधिमा आठ हजारसम्मको छुट प्राप्त गर्न सक्ने बताइएको छ। त्यस्तै, पहिलोपटक आन्तरिक हवाई यात्रामा २०० र त्यसपछिका प्रत्येक आन्तरिक उडानमा १४० अनि बस टिकट बुकिङमा १११ रुपैयाँ पनि छुट प्राप्त हुने एनसेलले जनाएको छ।

छुटको लाभ एनसेल एपको पार्टनर्ड सर्भिसेजभित्र रहेको ट्रिप टर्बो सेक्सनमा गएर प्राप्त गर्न सकिनेछ। यो सेक्सनले ग्राहकलाई यात्रा, मनोरञ्जनात्मक तथा साहसिक गतिविधिमा सहभागिताका लागि तयारी गर्दा सजिलै छुट खोज्न र प्रयोग गर्न मद्दत गर्ने एनसेलको भनाइ छ।

'हामी कनेक्टिभिटी मात्र नभएर यात्रा र लाइफस्टाइलसँग जोडिएका विविध फाइदालाई नजिक ल्याउँदै ग्राहकलाई त्यसको लाभ दिन प्रतिबद्ध छौं,' एनसेलका चिफ कन्जुमर बिजनेस अफिसर उपांग दत्ताले भने, 'ट्रिप टर्बोसँगको हाम्रो साझेदारीले यो प्रतिबद्धतालाई प्रतिबिम्बित गर्छ। एनसेल एपमार्फत ग्राहकले अब यात्रा र विविध गतिविधिमा बचत गर्न सक्छन्, जसले उनीहरूको यात्रालाई अझ सुविधाजनक, फलदायी र किफायती बनाउँछ।'

सिटिजन्सको विशेष साधारणसभाबाट चार सञ्चालक निर्वाचित



काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको आठौं विशेष साधारणसभाबाट चारजना बैंक सञ्चालक समितिमा निर्वाचित भएका छन्। बैंकका अध्यक्ष प्रबलजंग पाण्डेको अध्यक्षतामा सम्पन्न विशेष साधारणसभाले समूह 'क' संस्थापक सेयरधनीको तर्फबाट अनिलकुमार ज्ञवाली तथा समूह 'ख' सर्वसाधारण सेयरधनीको तर्फबाट प्रकाशचन्द्र मैनालीलाई निर्वाचित गरेको हो। त्यस्तै, डा. राजेन्द्र पण्डित र हिमादेवी खड्का केसी पनि सञ्चालकमा निर्वाचित भएका छन्।

त्यसैगरी, बैंकको प्राथमिक पुँजीकोष अनुपात सुदृढ गर्न, व्यवसाय विस्तार गर्न तथा जोखिम बहन क्षमता अभिवृद्धि गर्ने उद्देश्यले दुई अर्ब रुपैयाँबराबरको अविमोच्य असञ्चिति अग्राधिकार सेयर (प्रिफरेन्स सेयर) जारी गर्ने प्रस्ताव पनि सभाबाट पारित भएको छ।

गरिमा विकास बैंक डेभलपमेन्ट बैंक अफ द इयर अवार्डबाट सम्मानित

काठमाडौं/ गरिमा विकास बैंक लिमिटेड कर्पोरेट बिजनेस अवार्ड एन्ड समिट २०२६ मा विकास बैंक समूहतर्फ 'डेभलपमेन्ट बैंक अफ द इयर २०२६' अवार्डबाट सम्मानित भएको छ। कर्पोरेट बिजनेस म्यागजिनद्वारा बिहीबार आयोजित कार्यक्रमबाट बैंक उक्त अवार्डबाट सम्मानित भएको हो।



अवार्ड वितरण कार्यक्रमका विशेष अतिथि तथा राज्य व्यवस्था तथा सुशासन समितिका सभापति हरि ढकालले बैंकका प्रमुख कार्यकारी अधिकृत माधवप्रसाद उपाध्याय र नायब प्रमुख कार्यकारी अधिकृत अनिल रेग्मीलाई उक्त अवार्ड हस्तान्तरण गरेका हुन्। कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ तथा विभिन्न व्यावसायिक संघ-संस्थाका प्रतिनिधिको उपस्थिति थियो। यसअघि बैंक न्युबिज कन्क्लेभ एन्ड बिजनेस एक्सिलेन्स अवार्डसको दसौं संस्करणमा 'बेस्ट म्यानेज्ड डेभलपमेन्ट बैंक २०२६' बाट समेत सम्मानित भएको थियो।

एभरेस्ट बैंक र नागरिक लगानी कोषबिच अवकाश कोष सञ्चालन सम्झौता

काठमाडौं/ एभरेस्ट बैंक लिमिटेड र नागरिक लगानी कोषबिच बैंकका कर्मचारीको अवकाश कोष व्यवस्थापन तथा सञ्चालनसम्बन्धी सम्झौता भएको छ। सम्झौतापत्रमा बैंकका तर्फबाट प्रमुख वित्तीय अधिकृत राजन कायस्थ र कोषका तर्फबाट निर्देशक नवराज खड्काले हस्ताक्षर गरेका हुन्। सम्झौताअनुसार बैंकका स्थायी, अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीको योगदानमा आधारित तथा गैरयोगदानमा आधारित उपदान कोष र अतिरिक्त अवकाश कोषको व्यवस्थापन तथा सञ्चालन नागरिक लगानी कोषले गर्नेछ।



कोषले सहभागी कर्मचारीको व्यक्तिगत खाता तयार गरी परिचयपत्र उपलब्ध गराउने, बैंकबाट प्राप्त रकम तथा विवरणका आधारमा खाता अद्यावधिक गर्ने तथा बैंकको सिफारिसमा सेवानिवृत्त कर्मचारीहरूलाई प्रचलित नियमअनुसार कर कट्टा गरी अवकाश रकम भुक्तानी गर्ने व्यवस्था मिलाउने बताइएको छ। त्यस्तै, कर्मचारीहरूले कोषमा जम्मा गरेको रकमबाट आर्जित ब्याज, प्रतिफल तथा अन्य अतिरिक्त सुविधा कोषका नियमावलीअनुसार प्राप्त गर्नेछन्।

सम्झौतामा आयकर ऐन, २०५८ बमोजिम स्वीकृत अवकाश कोषमा रहेका कर्मचारीको साबिकको सञ्चित रकम तथा बहाल रहेका कर्जालाई समेत नागरिक लगानी कोषमा रकमान्तर गरी समायोजन गरिनेछ।

मेटलाइफको 'क्रिटिकल इलनेस प्लस' राइडर

MetLife
Critical Illness Plus (Rider)

काठमाडौं/ मेटलाइफ नेपालले 'क्रिटिकल इलनेस प्लस' नामक नयाँ राइडर सार्वजनिक गरेको छ। यसले जीवनका सबैभन्दा संवेदनशील क्षणहरूमा तत्काल आर्थिक राहत प्रदान गर्ने कम्पनीले जनाएको छ। यस राइडरले व्यक्तिगत जीवन बिमा योजनालाई थप सशक्त बनाउँदै गम्भीर रोगको निदान भएपछि एकमुस्ट रकम भुक्तानी गर्ने व्यवस्था गरेको हो। अस्पताल खर्च मात्र नभई उपचारपछिको पुनर्स्थापना, आम्दानीमा हुने कमी तथा दीर्घकालीन हेरचाहका कारण पर्ने आर्थिक भारलाई समेत सम्बोधन गर्ने कम्पनीको दाबी छ।

छुट्टै बिमा योजना आवश्यक नपर्ने यस राइडरलाई योग्य व्यक्तिगत बिमा योजनासँग सहज रूपमा जोड्न सकिनेछ। कम्पनीका अनुसार यसले गम्भीर अवस्थाको क्यान्सर, स्ट्रोक, मिर्गौला फेल हुने समस्या, कलेजो रोग, मुटुसम्बन्धी रोग तथा प्रमुख अंग प्रत्यारोपणलगायत ११ वटा प्रमुख गम्भीर रोगहरूमा सुरक्षा प्रदान गर्छ।

कामना सेवा विकास बैंकद्वारा वाटर डिस्पेन्सर हस्तान्तरण



काठमाडौं/ कामना सेवा विकास बैंक लिमिटेडले नागार्जुनस्थित हेल्पिङ ह्यान्ड्स बालगृहलाई वाटर डिस्पेन्सर हस्तान्तरण गरेको छ। बैंकले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत शाखा कार्यालय नख्खुमार्फत सो संस्थालाई सहयोग गरेको हो। बैंकका काठमाडौं क्षेत्र प्रमुख केदारनाथ शर्माले बालगृहका सिर्जना नेपालीलाई वाटर डिस्पेन्सर हस्तान्तरण गरेका हुन्। हस्तान्तरण कार्यक्रममा बैंकका कर्मचारी तथा बालगृहका बालबालिकाको उपस्थिति थियो।

हेल्पिङ ह्यान्ड्स बालगृहमा आश्रित बालबालिकाका लागि स्वच्छ तथा सुरक्षित खानेपानीको पहुँचलाई थप सहज बनाउने उद्देश्यले वाटर डिस्पेन्सर उपलब्ध गराइएको बैंकले जनाएको छ। यस सहयोगले बालगृहमा रहेका बालबालिकाको दैनिक जीवनयापनमा सकारात्मक योगदान पुग्ने विश्वास बैंकले व्यक्त गरेको छ।

हेल्पिङ ह्यान्ड्सकी सञ्चालक नेपालीले बालबालिकाको आवश्यकता सम्बोधन गर्न सहयोग पुऱ्याएकोमा बैंकप्रति आभार प्रकट गरिन्। उनले यस्ता सामाजिक सहयोगले संस्थालाई आफ्ना सेवा थप प्रभावकारी रूपमा सञ्चालन गर्न मद्दत पुग्ने बताइन्। यससँगै बैंकले आगामी दिनहरूमा समेत सरोकारवालाको समन्वय तथा सहकार्यमा यस्ता प्रकृतिका सामाजिक कार्यलाई निरन्तरता दिने जनाएको छ।

दुई संस्थालाई सिन्धु विकासको सहयोग

काठमाडौं/ सिन्धु विकास बैंकले सामाजिक उत्तरदायित्वअन्तर्गत सिन्धुपाल्चोकको एक स्वास्थ्यचौकी र एक विद्यालयलाई विभिन्न सामग्री सहयोग गरेको छ। बैंकको सिपाघाट शाखाले भीमटार स्वास्थ्यचौकीलाई एक थान वासिङ मेसिन हस्तान्तरण गरेको हो। स्वास्थ्य संस्थामा सेवाप्रवाहलाई थप प्रभावकारी, सहज र स्वच्छ बनाउन सहयोग पुऱ्याउने उद्देश्यले यो सहयोग गरिएको बैंकले जनाएको छ। एक कार्यक्रमबिच बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत प्रमोद न्यौपानेले स्वास्थ्यचौकी प्रमुख विभूति खड्कालाई वासिङ मेसिन हस्तान्तरण गरेका हुन्।

त्यसैगरी, श्री पञ्चकन्या आधारभूत विद्यालयलाई शैक्षिक तथा खेलकुद सामग्री सहयोग गरिएको जनाइएको छ। बैंकले विद्यालयका प्रधानाध्यापक राजनरत्न दनुवारलाई उक्त सहयोग हस्तान्तरण गरेको हो। यो सहयोगले स्वास्थ्य संस्थाको सेवा गुणस्तर अभिवृद्धिमा उक्त सामग्रीले सकारात्मक योगदान पुऱ्याउने दनुवारले विश्वास व्यक्त गरे।

सोपान मल्टिपल कम्पनी लि. को

काठमाण्डौमा जग्गा खरीदका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरेको सूचना

(प्रकाशित मिति २०८३/०३/०७)

यस कम्पनीको कार्यालय भवन निर्माण प्रयोजनका लागि जग्गा आवश्यक भएकोले जग्गा खरीद गर्न तपशीलमा उल्लेखित स्थानहरुमा जग्गा विक्री गर्न इच्छुक व्यक्ति वा संघ संस्थाहरुले तपशिलमा उल्लेखित विवरण बमोजिमको जग्गा उल्लेखित शर्तहरुको अधिनमा रहि यो सूचना प्रकाशित भएका मितिले १५ दिन भित्र यस कम्पनीको रजिष्ट्रर्ड कार्यालय, का.म.न.पा. वडा न.३२ तिनकुने, काठमाण्डौमा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्वारा आव्हान गरिन्छ ।

तपशील

(क) जग्गा सम्वन्धी विवरण:

आवश्यक क्षेत्रफल: कम्तिमा १ रोपनी देखी २ रोपनी सम्म

स्थानहरु: नयाँ बानेश्वर, पुरानो बानेश्वर, बबरमहल, नक्सार, विशालनगर र ज्ञानेश्वर ।

(ख) शर्त, बन्देजहरु:

१) सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र अर्थात मिति २०८३ अषाढ २२ गते सम्ममा कम्पनीको रजिष्ट्रर्ड कार्यालय, का.म.न.पा. वडा न.३२ तिनकुने, काठमाण्डौमा कार्यालय समयभित्र प्राप्त भई सक्नु पर्नेछ । बोलपत्र बुझाउने अन्तिम दिन बिदा पर्न गएमा बिदा लगतै कार्यालय खुलेको दिनको कार्यालय समय भित्र बोलपत्र बुझाउन सकिनेछ ।

२) बोलपत्र फाराम कम्पनीको रजिष्ट्रर्ड कार्यालय, का.म.न.पा.वडा न.३२ तिनकुने, काठमाण्डौबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।

३) बोलपत्र फाराममा आवश्यक विवरण खुलाई खामबन्दी गरी खाम बाहिर जग्गा सम्वन्धी गोप्य सिलबन्दी बोलपत्र उल्लेख भएको हुनुपर्नेछ । विक्री गर्न चाहेको जग्गामा कुनै प्रकारको भैं झगडा, मुद्दा मामिला नभएको हुनु पर्नेछ । सो ब्यहोराको घोषणा गर्नु पर्नेछ ।

४) बोलपत्रमा आफूले बिक्री गर्न चाहेको जग्गा के कति रकममा बिक्री गर्न चाहेको हो सो व्यहोरा अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ । बोलपत्र फाराम साथ जग्गाधनी दर्ता प्रमाण पूर्जा, जग्गाको ब्लु प्रिन्ट नक्सा, फाइल नक्सा, लोकेशन म्याप, ब्यक्तिको नागरिकता र कम्पनीको हकमा कम्पनी दर्ता सम्बन्धी कागजातहरुको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

५) म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

६) कम्पनीको कार्यालयमा प्राप्त हुन आएका बोलपत्रहरु बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिको ७ दिन भित्र कम्पनीको कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन ।

७) कारण खुलाइ वा नखुलाई प्राप्त बोलपत्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कम्पनीले आफुसंग सुरक्षित राखेको छ ।

८) अन्य आवश्यक प्रक्रिया अवलम्वन गर्न बोलपत्रदातालाई जानकारी गराइनेछ ।

९) बोलपत्र स्वीकृत भएमा बोलपत्रदातालाई कम्पनीले लिखित सूचना दिनेछ ।

१०) अन्य थप जानकारी आवश्यक भएमा यस कम्पनीको रजिष्ट्रर्ड कार्यालय, का.म.न.पा. वडा न.३२ तिनकुने, काठमाण्डौमा सम्पर्क गर्न सकिनेछ ।

सम्पर्क: ९७१२०३७२८३, E-mail: smcl.nepal@gmail.com



फिफा वर्ल्ड कप विशेष



का.जि.द.नं.१२८ / ०६३ ६४, म.ले.हु.नि.द.नं. १७ / ०६१ / ०७०
नयाँ पत्रिका
आइतबार ७ असार ०८३
www.nayapatrikadaily.com

विश्वकपमा नाइक भर्सेज एडिडास

एजेन्सी

अमेरिका, क्यानडा र मेक्सिकोले आयोजना गरिरहेको २३औँ संस्करणको फिफा विश्वकप फुटबल प्रतियोगितामा रेकर्ड बनिरहेका छन् । खेलाडी र सहभागी ४८ प्रतिस्पर्धीले विभिन्न रेकर्ड बनाएका छन् । खेलाडी-खेलाडी र राष्ट्र-राष्ट्रबिचको भिडन्तले रोमाञ्चक बनिरहेको छ । विश्वकपमा विश्व प्रसिद्ध कम्पनीहरूले जर्सीदेखि खेलाडीले प्रयोग गर्ने किट्समा विज्ञापन गरिरहेका छन् । ती बहुराष्ट्रिय कम्पनी कम छैनन् । ती कम्पनीले सहभागी राष्ट्रका खेलाडीको माध्यमबाट ब्रान्डिङ गरिरहेको छ । विशेषतः नाइक र एडिडासबिच पनि ब्रान्डिङको भिडन्त भइरहेको छ ।

विश्व खेलजगत्मा यी दुवै संस्था प्रमुख खेलकिट्स उत्पादनमध्येमा पर्छन् । उनीहरूको नजरमा फिफा विश्वकप सर्वाधिक हेरिने प्रतियोगिता हो । यसै अवसरको फाइदा लिँदै नाइक र एडिडासले किट्सदेखि विज्ञापनसम्म करोडौँ अमेरिकी डलर खर्चेका छन् । विश्वकपमा मार्केटिङ पनि यही पक्ष लागू हुन्छ । कुन ब्रान्डको बजार पुँजीकरण सबैभन्दा बढी छ । एकदम सहज भाषामा भन्नुपर्दा बजारमा कसको सामान बढी बिक्री भइरहेको छ । विश्वकपमा केलियन एम्बाप्पे, एर्लिन हाल्यान्ड, क्रिस्टियानो रोनाल्डो र ली ब्रोन जेम्सले नाइक कम्पनीको किट्स प्रयोग गरिरहेका छन् ।

त्यही नै एडिडासले लामिन यामल, जुडे बेलिंघम र लियोनल मेसीलाई प्रायोजन गरेको छ । कुनै समयमा एडिडासले जिनेदिन जिदानमा राम्रो ब्रान्डिङ गरेको थियो । यति मात्र नभएर इंग्लिस फुटबलकै आइकोनिक खेलाडी डेभिड बेकह्यामले पनि आफ्नो करिअरमा एडिडासबाहेक अन्य कम्पनीलाई रोजेनन् । फुटलब खेलाडीबाहेक यी दुवै बहुराष्ट्रिय कम्पनीले हलिउडका स्टार कलाकारसँग पनि नाता जोडेको देखिन्छ ।

चालू विश्वकपमा जर्मन कम्पनी एडिडासले पाँच करोड अमेरिकी डलर लगानी गरेको बिबिसीले उल्लेख गरेको छ । यो प्रारम्भिक सूची मात्र हो । विश्वकप सकिँदासम्म यो लगानी बढन सक्छ । विश्वकपमा पहिलोपटक सर्वाधिक टोली हुँदा खेलाडी संख्या पनि बढ्यो । फेरि १०४ खेल ३९ दिनमा सकिनेछ । अघिल्लो संस्करणको तुलनामा विश्वकप नौ दिन लम्बिएको छ भने खेल संख्या पनि दोहोरो अंकमा बढेको छ । विश्वकपभरि अर्बौँ फुटबल समर्थक हुँदा एडिडासले आफ्नो लगानी बढाएको हो । यसअघि एडिडासले पाँच करोड अमेरिकी डलरभन्दा कम विज्ञापनमा खर्च गरेको थियो ।

विश्वबजारमा एडिडासको एक मात्र प्रतिस्पर्धी नाइकले विश्वकपमा कीर्तिमानी लगानी गरेको छ । अमेरिकन कम्पनी नाइक खेल सामग्री उत्पादन गर्ने एक नम्बर कम्पनी हो । घरमै आयोजना भइरहेको विश्वकपमा नाइकले सात करोड अमेरिकी डलर लगानी गरेको छ । नाइक कम्पनीको उपाध्यक्ष कामिलो एन्डेडाले खेलको माध्यमबाट ब्रान्डिङ गर्न सहज हुने बताए । 'अहिले विश्वकपमा हामीले उत्पादन बढीभन्दा बढी मार्केटबल बनाउन लगानी पनि गरेका छौं,' कामिलोले भने, 'डिजिटल समयमा यो प्रभावकारी बढी हुन्छ, तर विश्वकपमा भने उपस्थित दर्शकबाट नाइकको प्रचार गर्छौं ।'



२३औँ संस्करणको फिफा विश्वकपको माध्यमबाट संसारभरि आफ्नो ब्रान्डिङ गर्न एडिडासले पाँच करोड र नाइकले सात करोड अमेरिकन डलर लगानी गरेका छन्

प्रत्येक चार-चार वर्षमा आयोजना हुने विश्वकपलाई धेरै कम्पनीले आफ्नो ब्रान्डिङ गर्ने माध्यम बनाएको उनी बताउँछन् । 'टेलिभिजनदेखि रंगशालासम्म विश्वकप हेर्छन् । त्यस वेलामा कुन खेलाडी वा विज्ञापन होडमा कसको विज्ञापन आइरहेको छ भन्ने चासो हुन्छ । सामान्य करोडको हाराहारीमा फुटबल हेर्दा हाम्रो पनि विज्ञापन प्रसारित हुन्छ । यसले हाम्रो ब्रान्डिङ सहज बनाएको छ,' कामिलोको विश्लेषण गरेका छन्, 'विज्ञापन एक किसिमले फुटबल कल्चर हो । योविना अब कुनै खेल चल्न सक्दैन ।'

५६ वर्षदेखि एडिडास विश्वकपमा

विश्वकपमा एडिडासको साझेदारी नाइकको तुलनामा पुरानो हो । सन् १९७० देखि एडिडास विश्वकपमा प्रवेश गऱ्यो । लगातार ५६ वर्षदेखि एडिडास विश्वकपको एक प्रमुख पार्टनरका रूपमा छ । कपितय संस्करणमा एडिडास नै विश्वकपमा प्रयोग हुने मुख्य बलको प्रायोजक बनेको छ । कतार विश्वकपमा समेत एडिडास लोगो अंकित एडिडास बल प्रयोग भएको थियो । जसलाई टेल्सटार नाम दिइएको थियो ।

एडिडासको उपाध्यक्ष फलोरिन अल्टले मार्केटमा आफ्ना ग्राहकसँग नजिक हुन विश्वकप एउटा अंश भएको बताए ।

'हाम्रो अभियान विभिन्न प्रतियोगिता हुन्छ, तर विश्वकप फरक हो । यहाँ हजारौँ दर्शक आउँछन् । उनीहरूको नजरमा एडिडास पर्छ,' फलोरिनले भने, 'एक फुटबल खेलाडीले एडिडासको लोगो प्रयोग गर्न पाउँदा गर्वको महसुस गर्छन् । उसले प्राप्ति गर्न वर्षौं मिहिनेत गरेका हुन्छन् । भविष्यमा उनै खेलाडी लिजेन्ड बन्छन् ।' एडिडासले सामान्य एक खेलाडीलाई स्टार बनाउन मैदानभित्र र बाहिर सहयोग गरिरहेको उनले बताए । 'हामी खेलाडीको हकहितका लागि अगाडि बढिरहेको संस्था हो । उनीहरू लिजेन्डका रूपमा बिदा हुँदा हामी पनि खुसी हुन्छौं,' उनले भने, 'एडिडास र खेलाडीबिचको सम्बन्ध यही हो ।'

नाइक र एडिडासलाई पछ्याउँदै पुमा

विश्वकप फुटबलमा नाइक र एडिडासको चर्चा भइरहँदा खेल सामग्री उत्पादक अर्को बहुराष्ट्रिय कम्पनी पुमा कम छैन । विभिन्न अवसरमा पुमाले पनि विश्वकपमा मुख्य प्रायोजकका रूपमा देखिन्छ । अहिलेसम्म विश्वकपमा खेलाडीहरूलाई प्रदान गरिने खेल किट्सको प्रायोजन एडिडासले १४ तथा नाइकले १२ पटक गरेका छन् । नाइकले ११ पटक मुख्य प्रायोजक बनेको छ । एक किसिमले यी तीनवटै कम्पनीले खेलमा हालीमुहाली गरिरहेका छन् । 'सामान्य रूपमा यो तीनवटै कम्पनीमा नजर परेका हुन्छन्, तर कुन वेला को हाबी हुन्छन् भन्ने सकिँदैन,' खेल विश्लेषक क्रिसम्यानले भने, 'खेलाडीको जीवनमा उनीहरूको प्रायोजनले धेरै प्रभाव पारेको हुन्छ ।'

खेलाडी मात्र नभएर फुटबल समर्थक पनि त्यस्ता कम्पनीबाट उत्पादित जर्सी लगाउन चाहेको उनले बताए । 'पछिल्लो समयमा फुटबलमा फेसन हाबी छ । यस्तोमा महँगो कम्पनीका जर्सीदेखि पहिरन लगाउन खेलाडीले प्राथमिकतामा राखेका छन्,' उनले भने, 'ब्रान्डअनुसार खेलाडीहरूको मूल्यांकन समर्थकहरूले गरेका छन् ।' पोर्चुगलका कप्तान रोनाल्डोले नाइकसँग प्रतिवर्ष १.८ मिलियन अमेरिकी डलर सम्झौता गरेका छन् । नाइक र रोनाल्डोबिच एक दशकदेखि सहकार्य भइरहेको छ । सन् १९९८ मा एडिडासले सिंगो ब्राजिलकै प्रायोजन रहेको थियो ।

म्याच प्रिभ्यु

पहिलो जितको खोजीमा स्पेन र साउदी



पहिलो खेलमा नयाँ टोली केप भार्डेसँग अप्रत्याशित रूपमा बराबरीमा रोकिएको स्पेन आज साउदी अरेबियासँग खेल्दै छ । खेल अमेरिकाको एट्लान्टामा राति ९:४५ बजे सुरु हुनेछ । प्रतियोगितामा सन् २०१० को च्याम्पियन स्पेन र एसियाली मुलुक साउदी अरेबिया दुवै पहिलो जितको खोजीमा हुनेछन् । समूह 'एच'का सुरुका दुवै खेलमा दुवै टोलीले अंक बाँडेका थिए ।

पहिलो खेलमा स्पेन केप भार्डेसँग गोलरहित बराबरीमा रोकिएको थियो । लुइस डे ला फुन्टेको टिमविरुद्ध केप भार्डेका ४० वर्षीय गोलकिपर भाजिन्हाले सानदार प्रदर्शन गरेका थिए । उनले एक दर्जनभन्दा बढी प्रहार विफल बनाएपछि स्पेन बराबरी खेल्न बाध्य भएको थियो । ४० वर्षको उमेरमा पनि प्रभावशाली प्रदर्शन गरेपछि भाजिन्हाको विश्वभर चर्चा चुलिएको छ ।

यसपटक भने उनीहरूलाई गोलको विकल्प छैन । स्पेन टोलीलाई नै जितको विकल्प रहेको छैन । त्यस्तै, एसियाली महारथी साउदी अरेबिया पनि स्पेनविरुद्ध उच्च मनोबलमा हुनेछ । एक त केप भार्डेले रोकेको । अर्को साउदीले नै उरुग्वेलाई पहिलो खेलमा १-१ को बराबरीमा रोकेको थियो ।

अझ साउदीले उरुग्वेविरुद्ध पहिलो हाफमै अग्रता बनाएको थियो । यद्यपि, फिफा वरीयतामा साउदीभन्दा स्पेन निकै बलियो रहेको छ । अहिलेको वरीयतामा स्पेन दोस्रो तथा साउदी अरेबिया ६१औँ स्थानमा छन् । विगतले पनि स्पेन नै बलियो भएको पुष्टि गरेको छ । सन् २००६ देखि सन् २०१२ सम्म दुई टिमबिच तीनपटक भेट भएको छ । जसमा तीनै भेट स्पेनको पक्षमा गएको छ ।

खेल तालिका

समूह 'जी' | ८ असार | ००:४५
बेल्जियम VS इरान

समूह 'एच' | ८ असार | ३:४५
उरुग्वे VS केप भर्डे

समूह 'जी' | ८ असार | ६:४५
न्युजिल्यान्ड VS इजिप्ट

समूह 'जे' | ८ असार | २२:४५
अर्जेन्टिना VS अस्ट्रिया

यस्तो पनि

एकै संस्करण आठ ह्याट्रिक

सन् १९५४ स्विट्जरल्यान्डमा भएको विश्वकपमा कुल आठ ह्याट्रिक भएको थियो । कुनै संस्करणमा यति धेरै ह्याट्रिक पहिलोपटक भएको थियो । तत्कालीन विश्वकपमा पहिलो ह्याट्रिक हंगेरीका सन्डोर कोक्सिसले दक्षिण कोरियाविरुद्ध गरेका थिए । यही संस्करणले उनले बेस्ट जर्मनीविरुद्ध दोस्रो ह्याट्रिक पूरा गरेका हुन् । यस्तै, अस्ट्रियाका एरिक प्रोप्स्ट, उरुग्वेका कार्लोस बोर्गस, टर्कीका बुरहान सार्गिन, बेस्ट जर्मनीका म्याक्स मोरलक, अस्ट्रियाका थोओडर बंगर र स्विट्जरल्यान्डका जुसेफ हुगोले ह्याट्रिक पूरा गरेका थिए ।



एकै खेलमा पाँच गोल




फिफा विश्वकपमा एकै खेलमा सर्वाधिक पाँच गोल गर्ने खेलाडी हुन् ओलेग सलिन्को । रसियाका यी खेलाडीले सन् १९९४ को विश्वकपमा अफ्रिकन टोली क्यामरुनविरुद्ध कीर्तिमान बनाएका थिए । उनी युक्रेनी बुबा र रसियन आमाबाट जन्मिएका थिए । यही विश्वकपमा सलिन्को र बुल्गेरियाका हृष्टि स्टोइकोभले समान सर्वाधिक ६ गोल गरेका थिए । तर, समूह 'बी'मा एक मात्रै खेल जितेको रसिया नकआउट चरणमा भने पुग्न सकेन । यो विश्वकप जित्दै ब्राजिलले आफ्नो खातामा चौथो ट्रफीको नाम लेखाएको थियो । इटाली भने दोस्रो भएको थियो ।

एकै विश्वकपमा १३ गोल



फिफा विश्वकपको एकै संस्करणमा सर्वाधिक १३ गोल गर्ने कीर्तिमान फ्रान्सका जस्ट फोन्टेनसँग रहेको छ । सन् १९५८ स्विडेनमा भएको विश्वकपमा जस्टले ६ खेलमा १३ गोल गरेका थिए । तर, यो विश्वकपमा फ्रान्स मात्र तेस्रो भयो । ब्राजिलले पहिलोपटक विश्वकप जितेको यही विश्वकपमा हो । १३ गोल गरेका जस्ट भने सर्वाधिक गोलकर्ता चुनिएका थिए ।

अभ्यासमा व्यस्त अर्जेन्टिना



पहिलो खेलमा कप्तान लियोनल मेसीको ह्याट्रिक र कीर्तिमानसँगै सुखद सुरुवात गरेको अर्जेन्टिनाले दोस्रो खेलमा सोमबार बेलुका अस्ट्रियासँग खेल्दै छ । खेल डालसमा हुनेछ । अर्जेन्टिना समूह 'जे' लगातार दोस्रो जित निकाल्ने दाउमा छ । यदि अस्ट्रियाविरुद्ध जित निकालेको अवस्थामा अर्जेन्टिनाको नकआउट सम्भावना बलियो बन्नेछ ।

प्लेयर्स टु वाच

▶ रोड्री (स्पेन)



सन् २०२४ को बालोन डी ओर विजेता रोड्री अहिले स्पेनका कप्तान हुन् । पछिल्लो खेलमा केप भार्डेविरुद्ध उनी पूरै मिडफिल्डमा छाएका थिए । तर, टिमले गोल भने गर्न सकेन । उनले खेलभर ११६ पास निकालेको तथ्यांकले बताउँछ । तर, स्पेनको टिममा स्ट्राइकर चल्न सकेनन् । गोलकिपर भाजिन्हा चम्किएपछि स्पेनको २७ प्रहार खेर गएको थियो । रोड्रीलाई पुनः एकपटक साउदी अरेबियाविरुद्ध सेन्ट्रल मिडफिल्डमा पेड्री र गाभीले साथ दिनेछन् । म्यानचेस्टर सिटीका मिडफिल्डर रोड्रीबाट स्पेनले पहिलो खेलभर्नै प्रदर्शन आशा गरेको छ ।



▶ सलिम अल दाबसरी (साउदी अरेबिया)

सलिम अल दाबसरी साउदी अरेबियाका स्ट्राइकर र कप्तान दुवै हुन् । सन् २०१० को स्पेनविरुद्ध प्रशिक्षकले सलिमलाई नै विश्वास गर्नेछन् । उनी तेस्रोपटक विश्वकप खेलिरहेकाले प्रस्ट अनुभव र रणनीति तयार पार्ने खुबी राख्छन् । ३४ वर्षीय खेलाडीले पछिल्लो दुवै संस्करणमा गोल गरेका थिए । यसपटक पनि उनी गोलकै खोजीमा छन् । अल हिलालका यी खेलाडीले पछिल्लो सिजनमा ३८ खेल खेल्दा ११ गोल गरे । ८ पास निकालेका थिए । सलिम साउदी अरेबियाका लागि सर्वाधिक २७ गोल गर्ने पहिलो खेलाडीसमेत हुन् । विश्वप्रसिद्ध स्पेनिस डिफेन्डर कुवार्सी, ऐमेरिक लोपोर्ट, मार्क कुकुरेला र मार्कुस लोरेन्टविरुद्ध सलिमको वास्तविक परीक्षण हुनेछ ।

विश्वकप प्रवासी खेलाडीका लागि ठुलो मञ्च

एजेन्सी


फिफा विश्वकप २०२६ मैदानमा हुने हरेक क्षण र प्रदर्शनसँगै खेलाडीको नागरिकता र माइग्रेसनको पनि चर्चा सुरु भएको छ । पहिलोपटक ४८ टिम सहभागी हुँदा १२ सय ४८ खेलाडी सहभागी भएका छन् । विश्वकपमा हरेक देशले २६ खेलाडी टिममा समावेश गर्न पाउँछन् । सहभागीमध्ये दुई सय ९२ खेलाडी आफ्नो जन्म भएको देशबाट खेलिरहेका छैनन् । यी खेलाडी दोस्रो देशमा गएर खेलिरहेका छन् । त्यसमध्ये केही खेलाडीका दाजुभाइ नै फरक देशबाट खेलिरहेका छन् । केही खेलाडीका बुबा र छोरा नै फरक देशबाट खेलिरहेका छन् । विश्वकपमा ४८ मध्ये आठ देशले मात्रै आफ्नै खेलाडी टिममा समावेश गरेका छन् । मतलब उनीहरू कुनै पनि देशबाट बसाइँसराइ गरेर आएका होइनन् । माइग्रेसन र औपनिवेशिक सम्बन्धका कारण खेलाडीले फरक देशबाट विश्वकप खेल्दै आएका छन् ।

फ्रान्स सबैभन्दा अगाडि

यो तथ्यांकमा फ्रान्स सबैभन्दा अगाडि रहेको छ । यस विश्वकपमा फ्रान्समा जन्मिएका ९८ खेलाडी खेलिरहेका छन् । त्यसमध्ये ७६ खेलाडी विभिन्न देशको जर्सीमा देखिएका छन् । दोस्रो नम्बरमा नेदरल्यान्ड्स रहेको छ । तर, फुटबलमा यो स्थिति पछिल्लो घटनाक्रम भने होइन । सन् १९३० नै यस्तो घटना भएको देखिन्छ । तत्कालीन अमेरिकी टिमबाटै इंग्ल्यान्ड र स्कटल्यान्डका खेलाडीले खेलेका थिए । यही कारण पनि फिफाले केही समय दोहोरो नागरिकताको नियम परिवर्तन गऱ्यो । सुरुमा युथ टिममा खेलेपछि त्यही देशबाट खेल्नुपर्ने नियम बन्यो ।

अहिले भने फिफाले कुनै देशबाट २१ वर्षअघि धेरैमा तीन खेलसम्म खेलेको, बिचमा तीन साल कुनै देशबाट खेल्न नपाउने र त्यसपछि मात्रै राष्ट्रिय टिम परिवर्तन गर्न पाउने नियम बनाएको छ । यसबाहेक फिफाले आफ्नो जन्म, मातापिता या हजुरबुबा र हजुरआमाको जन्मस्थान या सम्बन्धित देशमा लगातार पाँच वर्षसम्म बसेको भए कुनै पनि देशबाट खेल्न पाउने मापदण्ड बनाएको छ ।

फ्रान्सका जमल मुसियाला, अमेरिकाका फ्लोरिन बालोगन र इंग्ल्यान्डका डेक्लान राइस त्यसका चर्चित उदाहरण हुन् । यसअघि डिएगो कोस्टाले पनि ब्राजिलबाट मैत्रीपूर्ण खेल खेलेर पछि स्पेनको राष्ट्रिय टिमबाट खेलेका थिए । सन् २००४ मा ब्राजिलका स्ट्राइकर एल्टन कुनै परिवारमा नखुल्दा पैसा नै दिएर कतारको नागरिकता लिन सफल भएको बताइन्छ ।



विश्वकपमा ४८ देशका १२ सय ४८ खेलाडी सहभागी हुँदा दुई सय ९२ खेलाडी आफ्नो जन्म नभएको देशबाट खेलिरहेका छन्

■ कुन देशका कति प्रवासी खेलाडी विश्वकप खेल्दै

देश	संख्या
फ्रान्स	९८
नेदरल्यान्ड्स	६७
इंग्ल्यान्ड	४९
जर्मनी	४९
स्पेन	३६
बेल्जियम	३४
स्विडेन	३४
अस्ट्रिया	३१
स्विट्जरल्यान्ड	३०
अर्जेन्टिना	३०

खेलाडी खोज्ने आधुनिक तरिका

यही कारण केही राष्ट्रहरू खेलाडी उत्पादन यस्तै किसिमको गर्दै छन् । उनीहरू त्यसका लागि आधुनिक र अप्रत्याशित तरिका अपनाउँदै छन् । फुटबल एजेन्टबाहेक खेलाडी खोज्न लिंक्डइन, वाट्सएप, फुटबल म्यानेजरजस्ता भिडियो गेम्सको डेटाबेसको सहारा लिइरहेका छन् । क्यानडाका ल्युक डी फौगरोल्सका पिताले प्रशिक्षकलाई लिंक्डइनमा म्यासेन्ज तथा अल्फी जन्सको खोज नै सौना बाथमा भएको कुराकानीबाट भएको थियो । फुटबल म्यानेजरबाट चिलीका बेन ब्रेरेटन डियाजको खोजी भएको थियो । कति फेडेरेसन भने सिधै परिवारबाट खेलाडीसँग कुराकानी गर्छन् । पोल्यान्ड फुटबल एसोसिएसनका अध्यक्षले न्युयोर्क गएर युवा खेलाडी जुलियन हलको आमासँग भेटेर सिधै पोल्यान्डको जर्सीमा मैदान उतारेका थिए । अहिले यो कार्य विश्व फुटबलमा निकै फस्टाएको छ ।

अल्जेरियाको टिममा आधा खेलाडी विदेशी मूलका

प्रवासी खेलाडी सबैभन्दा धेरै विश्वकपमा खेलाउने टिम बनेको छ अल्जेरिया । उसले विश्वकपमा २६ मध्ये १३ खेलाडी प्रवासी खेलाएको छ । हाइटीमा १२ खेलाडी रहेका छन् । पहिलोपटक विश्वकप खेलिरहेको कुराकाओमा एक खेलाडीलाई छाड्ने हो भने सबै आफ्नै देशका रहेका छन् । सबैभन्दा धेरै कतारको टिममा ११ खेलाडी विभिन्न देशका रहेका छन् । मोरोक्कोले पहिलो खेलमा ब्राजिलविरुद्ध खेलाएको प्लेइङ सेटका ११ खेलाडी नै विदेशी भूमिमा जन्मिएका थिए ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com